# धनप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय,मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत पाटन संयुक्त क्याम्पस स्नातकोत्तर तह नेपाली
दोस्रो वर्षको दसौं पत्रको
प्रस्तुत

## शोध प्रत्र


**शोधार्थी**
श्याम बहादुर के.सि.
नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रम शैक्षिक सत्र
शैक्षिक सत्र २०६४-२०६६
क्याम्पस रोल नं. २४/०६४
पाटन संयुक्त क्याम्पस, ललितपुर
परिक्षा रोल नं. २२००३४

२०७१

# शोधनिर्देशकको मन्तव्य

पाटन संयुक्त क्याम्पस मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाल स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्र प्रयोजनार्थ **धनप्रसाद सुवेदी**को जीवनी, '**व्यक्तित्व र कृतित्वको अध्ययन**' शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार भएको हो । शोधार्थी श्यामबहादुर के.सी. द्वारा मिहिनेतपूर्वक तयार पारिएको यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि म नेपाली स्नातकोत्तर कार्यक्रम तथा नेपाली शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

उप प्रा.चतुर्भुजलाल दास केवरत

शोधनिर्देशक

मितिः २०७१

पाटन संयुक्त क्याम्पस
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
नेपाली विभाग
पाटन संयुक्त क्याम्पस

# स्वीकृत पत्र

पाटन संयुक्त क्याम्पस मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग स्नाकोत्तरका छात्र श्याम बहादुर के. सि.ले यस क्याम्पसको नेपाली विभागको स्नातकोत्तर तह (एम. ए ) नेपाली विषयको दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत गर्नु भएको **धनप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

## शोधमूल्याङ्कन समिति

____________________________

उप प्रा. चर्तुभूज लाल दास केवरत

शोध निर्देशक

पाटन संयुक्त क्याम्पस

____________________________

प्रा डा. जगदीश चन्द्र भण्डारी

विभागिय प्रमुख

नेपाली विभाग

पाटन संयुक्त क्याम्पस

संयोजक

____________________________

नेपाली स्नातकोत्तर कार्यक्रम्

पाटन संयुक्त क्याम्पस

मितिः २०७

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि मैले तयार पारेको हुँ । शोधपत्रको विषय स्वीकृत गरी शोधकार्य गर्ने अवसर दिनुहुने पाटन संयुक्त क्याम्पस नेपाली विभागका विभागीय प्रमुख श्रद्धेय प्रा. डा. गुरु जगदीश चन्द्र भण्डारी तथा लेखन समयमा आइपरेको विभिन्न समस्याहरू समाधान गर्न आफ्ना विविध कार्यव्यस्ततालाई पन्छाएर समुचित निर्देशन गर्नु हुने श्रद्धेय शोधनिर्देशक पूजनीय गुरु उप प्रा. चतुर्भुजलाल दास केवरत प्रति सर्वप्रथम हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्रलाई शुद्ध र सफासँग टङ्कण गरी सहयोग पुऱ्याउनु हुने मित्रहरू निर्मला महर्जन, सुमित्रा श्रेष्ठ र संगिता तामाङलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि पाटन संयुक्त क्याम्पस नेपाली विभाग समक्ष पेश गर्दछु ।

शोधार्थी
श्याम बहादुर के.सी.
नेपाली स्नातकोत्तर
शिक्षण कार्यक्रम
पाटन संयुक्त क्याम्पस
ललितपुर,नेपाल

मितिः२०७

# विषय सूची

## पहिलो परिच्छेद

### शोध परिचय


| | | पृष्ठ |
|---|---|---|
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोधको प्रयोजन | १ |
| १.३ | विषय परिचय | १ |
| १.४ | समस्या कथन | १ |
| १.५ | शोध कार्यको उद्देश्य | २ |
| १.६ | पूर्व कार्यको समीक्षा | २ |
| १.७ | शोधको औचित्य | ३ |
| १.८ | शोधको सीमाङ्कन | ३ |
| १.९ | सामग्री सङ्कलन विधि | ३ |
| १.१० | शोधको रूपरेखा | ४ |


## दोस्रो परिच्छेद

### साहित्यकार धनप्रसाद सुवेदीको जीवनी र व्यक्तित्त्व


| | | |
|---|---|---|
| २.१ | परिचय धनप्रसाद सुवेदीको जीवनी | ५ |
| २.१.१ | जन्म र जन्मस्थान | ५ |
| २.१.२ | वंश परम्परा र पारिवारिक पृष्ठभूमि | ५ |
| २.१.३ | बाल्यकाल | ६ |
| २.१.४ | शिक्षा दीक्षा र वैवाहिक जीवनी | ६ |
| २.१.५ | आजीविका तथा सङ्घर्ष | ६ |
| २.१.६ | व्यक्तिगत रूचि तथा स्वभाव | ६ |
| २.१.७ | प्रेरणा | ७ |
| २.१.८ | संस्थागत संलग्नता | ७ |

| | | |
|---|---|---|
| २.१.९ | साहित्यिक मान्यता र जीवन दर्शन | ८ |
| २.२ | साहित्यकार धनप्रसाद सुवेदीको व्यक्तित्त्व | ८ |
| २.२.१ | परिचय | ८ |
| २.२.२ | साहित्यिक व्यक्तित्त्व | ९ |
| २.२.२.१ | कवि व्यक्तित्त्व | ९ |
| २.२.२.२ | उपन्यासकार व्यक्तित्त्व | १० |
| २.२.३ | साहित्येतर व्यक्तित्त्व | १० |
| २.२.३.१ | शारीरिक व्यक्तित्त्व | ११ |
| २.२.३.२ | सामाजिक व्यक्तित्व | ११ |
| २.२.३.३ | पेशागत व्यक्तित्व | ११ |
| २.२.३.४ | प्रेरक व्यक्तित्व | ११ |
| २.३ | निष्कर्ष | ११ |

## तेस्रो परिच्छेद

### साहित्यकार धनप्रसाद सुवेदीका मूलभूत प्रवृत्तिहरू

| | | |
|---|---|---|
| ३.१ | परिचय | १२ |
| ३.२ | गीतकार, कवि धनप्रसाद सुवेदीका मूलभूत प्रवृत्तिहरू | १२ |
| ३.२.१ | राष्ट्र प्रेम, राष्ट्रिय चिन्तन | १३ |
| ३.२.२ | क्रान्तिचेत | १७ |
| ३.२.३ | स्थानीय भाषाको प्रयोग | १७ |
| ३.२.४ | प्रेम भाव | १८ |
| ३.२.५ | सन्देशात्मकता | १९ |
| ३.२.६ | नारी वेदनाको स्वर | २१ |
| ३.२.७ | निम्नवर्गको चित्रण | २२ |
| ३.२.८ | लैङ्गिक विभेदको स्वर | ५१ |
| ३.२.९ | व्यङ्ग्यात्मकता | ५३ |
| ३.३ | उपन्यासकार धनप्रसाद सुवेदीका प्रवृत्तिहरू | ५४ |
| ३.३.१ | मानवतावादी स्वर | ५४ |
| ३.३.२ | यथार्थवादी जीवन दृष्टि | ५४ |

३.३.३ राष्ट्रियता ५५

३.४ निष्कर्ष ५६


## चौथो परिच्छेद

साहित्यकार धनप्रसाद सुवेदीको कृतित्वको अध्ययन


४.१ परिचय ५७

४.२ गीत, गजल, तथा कविताको सैद्धान्तिक परिचय ५७

४.३ गीतको परिचय ५८

४.४ नेपाली गीतको इतिहासको सङ्क्षिप्त परम्परा ५९

४.५ धनप्रसाद सुवेदीका गीतहरूको गीतितत्त्वका आधारमा अध्ययन ६०

४.६ औपन्यासिक तत्त्वका आधारमा 'सानो स्वार्थ भयङ्कार अपराध' उपन्यासको अध्ययन ६१

४.७ निष्कर्ष १०३


## पाचौँ परिच्छेद

उपसंहार


५.१. मूल्याङ्कन तथा निष्कर्ष १०४

# पहिलो परिच्छेद

## शोध परिचय

### १.१ शोध शीर्षक:

प्रस्तुत शोधको शीर्षक **धनप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधको प्रयोजन:

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पाटन संयुक्त क्याम्पसको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्ष दसौं पत्रको परिपूर्ति गर्नु रहको छ ।

### १.३ विषय परिचय:

धनप्रसाद सुवेदीको जन्म वि .सं. २०२६ सालमा खोटाङ जिल्लाको नेर्पा गाउँ विकास समिति वडा नम्बर ९ मा भएको हो । सुवेदीले त्रिभुवन विश्व विद्यालयबाट नेपालीमा स्नातकोत्तर र विद्यावारिधि गरेका हुन् । विद्यार्थी जीवन कालदेखि नै धनप्रसाद सुवेदीले सिर्जनात्मक लेखहरू उपन्यास, गीत, कविता, निवन्ध, कथा समालोचना, लेख, सहलेखन लेख्ने गरेको पाइन्छ ।

विद्यार्थी जीवनदेखि नै सिर्जनात्मक क्षेत्रमा उनले कलम चलाएको पाइन्छ । धनप्रसाद सुवेदीका प्रकाशित कृतिहरू यस प्रकार छन्: **'सानो स्वार्थ भयङकर अपराध'** उपन्यास, (वि .सं .२०५२, **'नेपाली उपन्यासमा आञ्चलिकता'** समालोचना, -वि.सं.२०५६, **'बेनाम'**, गीत, गजल, तथा कविता सङ्ग्रह-वि.सं.२०५८, **(सहलेखन),** 'खोटाङ्ग जिल्ला विगत र वर्तमान' २०६६, **'सरल भाषा विज्ञान'** वि.सं. (२०६६ पाठ्यपुस्तक, सहलेखन) र **'भाषा विज्ञानका सम्प्रदाय र सिद्धान्त'** ( वि.सं. २०७० पाठ्यपुस्तक, सहलेखन) प्रकाशित गरेका छन् ।

### १.४ समस्या कथन:

**धनप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** नामक प्रस्तुत शोधपत्रका समस्याहरू निम्न बमोजिम रहेका छन् ।

क) धनप्रसाद सुवेदीको जीवन के कस्तो रहेको छ ?

ख) धनप्रसाद सुवेदीको व्यक्तित्व के कस्तो रहेको छ ?

ग) औपन्यासिक तत्वका आधारमा '**सानो स्वार्थ: भयङ्कर अपराध**' उपन्यास के कस्तो छ ?

घ) धनप्रसाद सुवेदीको नेपाली साहित्यमा के कस्तो योगदान रहेको छ ?

## १.५ शोध कार्यको उद्देश्य:

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्न बमोजिम रहनेछन् ।

क) धनप्रसाद सुवेदीको जीवनीको परिचय दिनु,

ख) धनप्रसाद सुवेदीको व्याीक्तत्व परिचय दिनु,

ग) धनप्रसाद सुवेदीको कृतित्वको मूल्याङ्कन गर्नु,

घ) नेपाली साहित्यमा धनप्रसाद सुवेदीले दिएको योगदानको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्व कार्यको समीक्षा

धनप्रसाद सुवेदी साहित्यकार व्यक्तित्व भएपनि उनका बारेमा हालसम्म कसैले विशेष रूपले अध्ययनको चासो देखाएको पाइंदैन । उनका सिर्जना, रचनाका बारेका विभिन्न पत्रपत्रिका, छिटफुट लेख, रचना तथा समीक्षा आदि पुस्तक परिचय एवं समीक्षा भएको मात्र पाइन्छ । शोध नायकको कृतिका बारेमा प्रकाशित लेख, रचनाहरूको पूर्व कार्य कालक्रमिक आधारमा गरिएको छ ।

(क) दिलेश्वर राईले वि.सं. २०५२ सालमा (**सानो स्वार्थ) भयङ्कर अपराध**, धनप्रसाद सुवेदी) धनप्रसाद सुवेदीलाई सोही उपन्यासको टिप्णी लेखमा नेपालको ग्रामीण समाजको चरित्र, कुसंस्कारको पर्दाफास गर्ने उपत्यासकारको रूपमा चिनाएका छन् ।

(ख) वि.एन् लौकिकले वि.स. २०५२ सालमा (**सानो स्वार्थ- भयङ्कर अपराध, धनप्रसाद सुवेदी**) धनप्रसाद सुवेदीको उपन्यास निकै राम्रो लागेको मन्तव्य व्यक्त गरेका छन् ।

ग) डा. विष्णु राईले वि.सं. २०६६ पौष १४ गतेमा ( खोटाङ जिल्ला विगत र वर्तमान, धनप्रसाद सुवेदीको ) धनप्रसाद सुवेदी नेपाली साहित्यका एक उदयमान समालोचक र शोधकर्ता वताएका छन् ।

(घ) साहित्यकार नगेन्द्रराज रेग्मीले २०६६ मा (खोटाङ् जिल्ला विगत र वर्तमान, धनप्रसाद सुवेदी "श्रमिक") धनप्रसाद सुवेदी कुशल अनुसन्धाता, विशिष्ट विद्वान् र सशक्त लेखक भनी स्वीकार गरेका छन् ।

(ङ) सुकुम शर्माले २०६६ सालमा (खोटाङ जिल्ला विगत र वर्तमान , धनप्रसाद सुवेदी) धनप्रसाद सुवेदीलाई अँध्यारो परिवेशको अभिलेखनमा उज्यालो पक्षको खोजी गर्ने र चेतनाको अनुसन्धानमूलक र तथ्यपरक मन्थन गर्ने कृतिकारको रूपमा चर्चा गरेका छन् ।

(च) भोगीराज चाम्लिङ्गले २०६६ सालमा (खोटाङ् जिल्ला विगत र वर्तमान, धनप्रसाद सुवेदी) धनप्रसाद सुवेदीले केही गम्भीर र नयां तथ्यहरू प्रकाशनमा ल्याइएका छन् । उनले पन्चायत विरूद्धको पहिलो सशस्त्र प्रतिरोधको थालनी खोटाङ्गबाट भएको हो भन्ने तर्क गरेका छन् ।

(छ) डोलेन्द्रप्रसाद शर्माले वि.सं. २०७० मा ( भाषा विज्ञानका सम्प्रदाय र सिद्धान्त, धनप्रसाद सुवेदी) उनको पुस्तकमा गहन र जटिल विषयलाई सरल ढङ्गबाट लेखेको उल्लेख गरेका छन् ।

## १.७ शोधको औचित्यः

नेपाली कविता, उपन्यास साहित्यका क्षेत्रमा धनप्रसाद सुवेदीको जीवनी व्यक्तित्व र कृतित्वका बारेमा छिटफुटरूपमा अध्ययन भए तापनि समग्ररूपमा अध्ययन भएको पाइँदैन सो कुराको पुष्टि पूर्व कार्यको समीक्षा अन्तर्गत गरिएको अध्ययनबाट थाहा भएको छ माथि गरिएको पूर्व कार्यको समीक्षाको अध्ययनले उनका बारेमा व्यवस्थित अध्ययन हुन नसकेको हँदा शोधको औचित्य पनि स्पष्ट हुन गएको छ । त्यसैले सुवेदीको नेपाली उपन्यास, कविता, क्षेत्रमा महत्वपूर्ण योगदान दिएको तथ्य पूर्व कार्यको समीक्षाबाट स्पष्ट भइसकेको छ ।

## १.८ शोधको सीमाङ्कनः

धनप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतिको सङ्क्षिप्त अध्ययन र विश्लेषणमा प्रस्तुत शोधपत्र सीमित रहेको छ ।

## १.९ सामग्री सङ्कलन विधिः

प्रस्तुत शोध कार्यलाई विश्वसनीय, प्रमाणिक एवं पूर्णता दिने प्रक्रियामा पुस्तकालयका सामग्रीहरू अध्ययन गर्ने क्रममा सम्वन्धित पुस्तकहरू र पत्र पत्रिकाहरूको प्रयोग गरिएको छ । यसै गरी सामग्री संकलन विधि मूलतः प्राथमिक र द्वितीय प्रकृतिको रूपमा राखिएको छ ।

शोधनायक धनप्रसाद सुवेदी, उनका समकक्षी व्यक्तित्वहरू र आफन्तहरूलाई भेटी लिखित र मौखिक रूपमा आवश्यक अन्तवार्ताका माध्यमबाट यथासम्भव जानकारी प्राप्त गरी आवश्यक सामग्री र सूचना सङ्कलन गरिएको छ ।

## १.१० शोधको रूपरेखा

प्रस्तुत शोध पत्रको स्वरूप संरचनालाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नलाई निम्न बमोजिम अध्ययन एवं शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ ।

(क) पहिलो अध्याय –शोध परिचय ,

(ख) दोस्रो अध्याय – साहित्यकार धप्रसाद सुवेदीको जीवनीको अध्ययन ,

(ग) तेस्रो अध्याय –साहित्यकार धनप्रसाद सुवेदीको व्यक्तित्वको अध्ययन ,

(घ) चौथो अध्याय –साहित्यकार धनप्रसाद सुवेदीको कृतित्वको अध्ययन ।

(ङ) पाँचौं अध्याय – उपसंहार

साहित्यकार धनप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन पश्चात शोधको अन्त्यमा प्रमुख सन्दर्भ ग्रन्थ पत्र पत्रिकाहरूको सूची समेत प्रस्तुत गरिने छ ।

# दोस्रो परिच्छेद

## धनप्रसाद सुवेदीको जीवनी र व्यक्तित्व

### २.१. परिचय : धनप्रसाद सुवेदीको जीवनी

कविता क्षेत्रबाट नेपाली साहित्यमा प्रवेश गरेका साहित्यकार धनप्रसाद सुवेदी एक लेखकका रूपमा स्थापित भएका छन् । उनका साहित्यका ६ वटा प्रकाशित कृतिहरू **'सानो स्वार्थ भयङकर अपराध'** उपन्यास, (वि .सं .२०५२, **'नेपाली उपन्यासमा आञ्चलिकता'** समालोचना, - वि.सं.२०५६, **'बेनाम'**, गीत, गजल, तथा कविता सङ्ग्रह-वि.सं.२०५८, **(सहलेखन),** 'खोटाङ्ग जिल्ला विगत र वर्तमान' २०६६, **'सरल भाषा विज्ञान'** वि.सं. (२०६६ पाठ्यपुस्तक, सहलेखन) र **'भाषा विज्ञानका सम्प्रदाय र सिद्धान्त'** छन् । यिनै धनप्रसाद सुवेदीको जीवनवृत्तका विभिन्न पाटाहरूलाई विभिन्न शीर्षकमा यहाँ क्रमशः चर्चा गरिएको छ ।

### २.१.१. जन्म र स्थान

साहित्यकार धनप्रसाद सुवेदीको जन्म वि.सं. २०२६ साल फागुन २० गतेका दिन भएको हो । उनको जन्म माता नन्द कुमारी सुवेदी र पिता देवीप्रसाद सुवेदीको कोखबाट सगरमाथा अञ्चलको खोटाङ जिल्ला, नेर्पा गा.वि.स. वडा नं. ९ मा भएको हो (सुवेदी, २०५६)। उक्त जिल्ला हलेसी वराहपोखरी, मझुवाका सातकन्यादेवी र बुधेश्वर महादेव, खोटाङ कालिका भगवती, मालाथुम्के / तुवाचुङ डाँडा, भानुमति त्रिवेणीधाम, खाल्ले गुफा, भुलमुले पोखरी, साप्सुधाम, दिक्तेल बजार, चिउरीबास गुफा, धन्यश्वरी गुफा, घिप्लुङ झरना, दूधकोशी, सुनकोशी, रावा-सावा खोला, साप्सु खोला आदि प्राकृतिक महत्त्वपूर्ण स्थानहरूले सज्जित भएको पाइन्छ । यस जिल्लाको मुख्य पेसा खेती किशान हो । दोस्रो पेसा रोजगार हो । हाल सुवेदी रोजगारको सिलसिलामा काठमाडौँमा बसोबास गर्दै आएका छन् ।

### २.१.२. वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

साहित्यकार धनप्रसाद सुवेदी भारद्वाज गोत्रका हुन् । उनले दिएका जानकारी अनुसार देवीप्रसाद सुवेदीका जेठा छोरा धनप्रसाद सुवेदी हुन् । सुवेदी उनको थर हो । उनी ब्राह्मण जातका हुन् ।

उनको माताको नाम नन्दकुमारी हो । यादेवी ढकाल जीवन-सङ्गिनी हुन् भने बहिनीको नाम जानुका हो । उनका भाइहरू चित्र, तुलसी र बाबुराम सुवेदी हुन् । उनका दुई मात्र छोराहरू सुजन र युजन हुन् । धनप्रसाद सुवेदीको पेसा शिक्षण हो । उनले आफ्ना सन्तानलाई यथा सम्भव औपचारिक शिक्षा प्राप्तिको अवसर प्रदान गरेका छन् ।

### २.१.३. वाल्यकाल

धनप्रसाद सुवेदीको जन्म एक ग्रामीण ब्राह्मण परिवारमा भएको थियो । ग्रामीण परिवारमा जन्मेका बालकहरूको बाल्य काल जन्म थलो नेर्पा गाउँमा खेल्दै बितेको पाइन्छ । बाल्यावस्था मानव जीवनको प्रारम्भिक अवस्था भएकाले यतिबेला जुनसुकै बालकहरू पनि बाल्यकालमा आफ्नो बाल सुलभ आचरण मनोरञ्जन तथा खेलकुदमा रमाएर बिताउने गर्छन् । त्यसैगरी सुवेदीले पनि पाखा पखेरा दौड्दै, साथीहरूसँग विभिन्न खेल खेल्दै रमाइलोसँग बिताएको जानकारी पाइन्छ । उनी अत्यन्त चञ्चले अध्ययनशील स्वाभाव थिए । हिन्दु धर्म संस्कार अनुसार उनको न्वारान, क्षवर र व्रतबन्ध गरिएको थियो ।

### २.१.४.शिक्षा दीक्षा र वैवाहिक जीवन

साहित्यकार धनप्रसाद सुवेदीको प्राथमिक शिक्षा खोटाङ जिल्लाकै नेर्पा गा.वि.स. ९ मा प्रारम्भ भयो । धनप्रसाद सुवेदीको मागी विवाह हो । उनको विवाह ढकाल घरकी छोरी यादेवीसँग भएको हो । उनकी श्रीमती यादेवी ढकालको त्याग र पारिवारिक जिम्मेवारी छ । हाल उनीहरू धनप्रसाद सुवेदी र यादेवी सुवेदी आफ्नो परिवार सुजन सुवेदी र युजन सुवेदीसँग बस्दै आएका छन् ।

### २.१.५. आजीविका तथा सङ्घर्ष

साहित्यकार धनप्रसाद सुवेदी सानै उमेरदेखि परिश्रमी, सङ्घर्षशील, स्वावलम्बी र चञ्चले स्वाभावका थिए । उनले शिक्षाका लागि घरमै भर नपरी काठमाडौँमा आई औपचारिक र अनौपचारिक शिक्षा हासिल गरेका छन् । त्यसैगरी धनप्रसाद सुवेदी १२ वर्षसम्म सरकारी जागीरे भए । हाल सुवेदी त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन कार्यमा संलग्न छन् । हाल उनको अवस्था मध्य वर्गीय छ ।

### २.१.६. व्यक्तिगत रूचि तथा स्वभाव :

हरेक मानिसका आ-आफ्ना रूचि तथा स्वाभाव हुन्छन् । उसलाई हुर्काउन वातावरण, उसले देखेको संसार, उसले प्राप्त गरेको अनुभव र ज्ञानका आधारमा मानिसको रूचि स्वभाव निर्धारण हुने गर्दछ । त्यसैले समयसँगै मानिसको रूचि स्वभावमा पनि परिवर्तनहरू देखा पर्दछन् ।

विद्यार्थी जीवनदेखि नै साहित्यिक गतिविधिमा चाख लिने धनप्रसाद सुवेदीको प्रमुख रूचि अध्ययन गर्नु रहेको देखिन्छ । साथै

साहित्य सिर्जना गर्नु पनि रहेको देखिन्छ । यसका अलावा पत्र पत्रिका पढ्नु एवं लेख्नु र समाचार सुन्नु पनि सुवेदीका रूचिका विषय हुन् । सादा जीवन उच्च विचार राख्नु पर्छ भन्ने विचार सुवेदी दुःखमा पग्लनु र समाज सेवा गर्नु उनको रूचिको विषय हो । विभिन्न देश विदेशको भम्रण गर्नु उनको रूचि हो । त्यस्तै विभिन्न सङ्घ संस्थाको अध्यक्षता र सदस्यता लिनु उनको अर्को विशेषता हो । नेपाली साहित्यको समसामयिक धारामा रहेर कलम चलाउने धनप्रसाद सुवेदी दृढ विश्वासी स्पष्टवादी एवं अध्ययनशील स्वभावका देखिन्छन् । यिनै स्वाभाव तथा रूचिले गर्दा उनको व्यक्तित्व शालीन, शिष्ट, मर्यादित र परिपक्व एवं जिम्मेवार देखिन्छ ।

## २.१.७. प्रेरणा र प्रभाव

मानिस जुन ठाउँमा जन्मेर हुर्केको हुन्छ । जुन जुन उद्देश्यले वाल्यकाल देखिको चैतन्यविस्तार गर्दै गर्दै ल्याएको हुन्छ  जुन सामाजिक वातावरण भित्र सामाजिकीकरण अगाडि बढ्दै जान्छ तिनै दृश्य परिदृश्य सामाजिक परिवेश आदिले रचनामा व्यक्त हुने अवसर पाएका हुन्छन् । जो सुकैको जीवनमा उसका प्राथमिक जीवनका प्रभावहरू पछिसम्म पनि कुनै न कुनै हिसाबले रहेको हुन्छन् धनप्रसाद सुवेदीको पनि लेखाइमा ग्रामीण जीवन र परिवेशका झझल्काहरू प्रस्तुत भएको पाइन्छ । साहित्यकार धनप्रसाद सुवेदी विद्यालयदेखि क्याम्पस तहसम्म सञ्चालन हुने विभिन्न कार्याक्रममा संलग्न हुने गर्दथे । उसले गर्दा उनमा साहित्य साधनका लागि प्रेरणा प्राप्त हुन पुगेको हुन्छ । धनप्रसाद सुवेदीलाई विभिन्न साहित्यिक रचनाहरूको अध्ययन गर्दै जाँदा काव्यिक र काव्य चेतनाका प्रभाव आफ्ना सिर्जनामा स्वभाविक रूपमा गर्दै आएको हुन सक्छ ।

## २.१.८. संस्थागत संलग्नता

साहित्यकार धनप्रसाद सुवेदी सिर्जनात्मक कार्यमा बाहेक सङ्घ संस्थामा पनि संलग्न रहेका संङ्घ संस्थाहरू निम्न छन् :

(क) १२ वर्षसम्म श्री नेपाल सरकार निजामति सेवामा कार्य गरेका थिए ।

(ख) प्रतिभा, कर्मचारी, नयाँ कदम, हाम्रो भावना, खोटाङ, खोटाङ चौतारी आदिको सम्पादन कार्य गरेको पाइन्छ ।

(ग) नव प्रतिभा साहित्यिक मञ्च (खोटाङ), मानव अधिकार सरोकार समाज (खोटाङ), संस्थाका संस्थापक अध्यक्ष ।

(घ) नेपाली एकता समाज, काठमाडौं उपत्यका - उपाध्यक्ष

(ङ) राष्ट्रिय वाङमय कला प्रष्ठिान (नेपाल, खोटाङ), रावासावा प्राज्ञिक समाज (नेपाल) - संस्थापक महासचिव

(च) किरात एकेडेमी (नेपाल) - सचिव

(छ) नेपाल पत्रकार महासंघ - केन्द्रीय उपाध्यक्ष

(ज) प्रगतिशील लेखक सङ्घ - सदस्य

(झ) अखिल नेपाल सङ्घ - सदस्य

(ञ) नेपाल ज्योति सङ्घ - आजीवन सदस्य

## २.१.९. साहित्यिक मान्यता र जीवन दर्शन

सबैसँग मेलमिलापको भावना राख्ने धनप्रसाद सुवेदी साहित्य र जीवन सम्बन्धी आफ्नै किसिमका धारणहरू राख्छन् । उनका साहित्यिक कृति बारे उनी भन्छन् ,'यो कृति अनुसन्धानको सागरबाट टिपिएको मोती होइन बरू यसै वरपर रहेका फूल थुङ्गाहरू टिपेर गाँसिएको माला हो । यो माला सुन्दर बन्न सक्यो भने वा सकेन भने, त्यसको पारख गर्ने काम तपाइँ पाठकहरूको हो । यस कृतिका आफ्ना केही विशिष्टता र सीमाहरू छन् । सीमाहरू भत्काएर यसको दायरा फराकिलो र गहन बनाउने काम पछिल्ला अनुसन्धानकर्ताले गर्ने छन् भन्ने मेरो विश्‍वास छ' ।

त्यस्तै अर्को उनको चिन्तन छ "अनुसन्धान तथ्यहीन कल्पय र मनोगत अनुमानको काम हुँदैन । यी सबै जान्दा जान्दै पनि यसमा कहीकतै कल्पना हुनसक्छ, अनुमान हुनसक्छ । यसो भएमा मैले क्षमायाचना गर्नुपर्दछ ।" यसरी साहित्य र दर्शनमा उच्चकोटीको चिन्तन राख्ने साहित्यकार धनप्रसाद सुवेदी साहित्यमा केही न केही रूपमा कल्पनाको प्रधानतालाई स्विकार्दछन् । मान्छेले **स**धैं परिश्रम गरेर बाँच्नु पर्छ भन्ने पाठ सिकाउन खोजेको भाव उनका कृतिमा पाइन्छ ा त्यसैले उनले आफूलाई साहित्यिक नाम ̏श्रमिक**'** दिएका छन् । आफै पैत्रिक संस्कारका प्रभावले हिन्दु धर्ममा आस्था राख्ने धनप्रसाद सुवेदी धर्मको नाममा वाह्य आडम्बर देखाउन चाहँदैनन् ।

## २.२. साहित्यकार धनप्रसाद सुवेदीको व्यक्तित्त्व

## २.२.१. परिचय :

हरेक मानिसको आ-आफ्नो छुट्टै पहिचान हुन्छ । कुनै पनि मानिसको पहिचान भनेकै उसको व्यक्तित्व हो जसको आधारमा ऊ समाजमा परिचित हुन्छ मानिसको व्यक्तित्त्व निर्माणमा उसका जीवनमा अध्ययन, विभिन्न आरोह-अवरोह, पीर, वेदना, हर्ष तथा उसको पारिवारिक,

सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक तथा वातावरणीय आदि प्रभावले पनि महत्वपूर्ण भूमिका खेल्दछ । यसैगरी व्यक्तित्व निर्माणका लागि प्रतिभा, लगनशीलता, क्षमता र बौद्धिकता जस्ता कारक तत्त्वहरू आवश्यक पर्दछन् ।
यिनै तत्त्वहरूका आधारमा एउटा मानिसले आफै जीवनमा साहित्यकार, वैज्ञानिक, समाजसेवा, राजनीतिज्ञ, दार्शनिक आदि व्यक्तित्त्व आर्जन गर्दछ । नेपाली साहित्यका विविध क्षेत्रमा योगदान पुऱ्याउने धनप्रसाद सुवेदीको व्यक्तित्व पनि उपर्युक्त प्रक्रिया अनुसार नै निर्माण भएको देखिन्छ ।

धनप्रसाद सुवेदीको व्यक्तित्व निर्माण गर्ने विशेषता उनको आचरण व्यावहारिक क्रियाकलापका शैक्षिक र साहित्यका आदि पक्षले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । समग्र रूपमा धनप्रसाद सुवेदीको व्यक्तित्वलाई २ भागमा वर्गीकरण गर्न सकिने देखिन्छ ।

(१) साहित्यिक व्यक्तित्व

(२) साहित्येता व्यक्तित्व

## २.२.२. साहित्यिक व्यक्तित्त्व

साहित्य समाजको ऐना हो । साहित्यले विचारलाई परिष्कृत गर्दछ । धनप्रसाद सुवेदी बहुआयामिक साहित्यीक व्यक्तित्वका धनी हुन् । नेपाली साहित्यिक विधामा निरन्तर कलम चलाईरहेका व्यक्तित्व धनप्रसाद सुवेदीलाई गीतकार, कवि र उपन्यासकार व्यक्तित्वका रूपमा चिन्न सकिन्छ । उनका विभिन्न फुटकर कविताहरू विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका छन् । उनको पहिलो उपन्यास 'सानो स्वार्थ, भयङ्कर अपराध' (२०५२) र दोस्रो कृति 'बेनाम', प्रकाशित छ । यिनै दुई कृतिका आधारमा धनप्रसाद सुवेदीलाई साहित्यिक व्यक्तित्वको रूपमा चिनाउन सकिन्छ ।

## २.२.२.१.कवि व्यक्तित्व

धनप्रसाद सुवेदीका साहित्यिक विभिन्न पाटाहरू मध्ये कवि व्यत्तित्व पनि उल्लेखनीय रहेको छ । धनप्रसाद सुवेदीको गीत, कविता लेखन शैली मौलिक एवं पृथक किसिमको रहेको छ । यथार्थवादी वैचारिक मान्यतालाई आधार बनाएर रचनाको मूल्याङ्कन गर्ने क्षमता एवं कुशलता उनको गीतमा पाइन्छ । उनले आफ्ना सम्पूर्ण गीतहरू यथार्थ जीवन जगतलाई दर्शाउने खालका लेखेका छन् ।

विभिन्न पत्रपत्रिकामा फुटकर कविताहरू प्रकाशित गरेका धनप्रसाद सुवेदीलाई कवि र गीतकारका रूपमा चिनाउने एक मात्र कविता गीत संग्रह, 'बेनाम' नेपाली गीत र कविता सङ्ग्रह हो । उनको यो गीत, कविता सङ्ग्रह वि.सं. २०५८ सालमा प्रकाशित भएको हो । समाजमा घटेका, घट्न सक्ने र घटिरहेका तीता मीठा यथार्थ जीवन जगतका गीत कविताहरू

रहेका छन् । समाजमा विद्यमान वेथिति र विसङ्गतिलाई देखाउने यी गीतहरूले सामाजिक तथ्यलाई सोझै र प्रतीकात्मक रूपले पनि देखाएका छन् । यी सबै गीत, कविताहरू कालजयी, कर्णप्रिय, मर्मस्पर्शी तथा सुमधुर लयका छन् । जीवनको दुःख, सुख पनि टपक्क टिपेर गीत र कविताका माध्यमबाट प्रकट गर्ने धनप्रसाद सुवेदी एक सफल कविका रूपमा परिचित भएको पाइन्छ ।

### २.२.२.२ उपन्यासकार व्यक्तित्व

धनप्रसाद सुवेदीको साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरू मध्ये उपन्यासकार व्यक्तित्त्व प्रमुख रूपमा रहेको छ । उपन्यासकारका रूपमा धनप्रसाद सुवेदीलाई परिचित गराउने उनको प्रकाशित एक मात्र उपन्यास 'सानो स्वार्थ भयङ्कर अपराध' हो । यो उपन्यास नेपाली समाजमा घटिरहेका ग्रामीण आर्थिक दुरावस्थाका कारण विदेशिएका नेपालीहरूको पीडा यथार्थ घटनामा आधारित भै लेखिएको छ ।

उपन्यासकारले 'सानो स्वार्थ भयङअपराध' लाई नेपाली ग्रामीण समाजको ऐनाको रुपमा पेश गर्नु भएको छ । उपन्यासले नेपालीको अवस्थालाई चित्रण गराएको छ । नेपालका सामन्तीहरुलेयस देशका नागरिकको कसरी विचलित पारेका छन् ? यो प्रश्नको उत्तर उनको यस उपन्यासमा पाइन्छ । यो उपन्यास पठन पश्चात् प्रत्येक पाठकको रगत उम्लेर आउँछ । प्रत्येक पाठकलाई क्रान्तिमा समावेश हुने इच्छा पलाउँछ । लेखकले देशमा धेरै 'प्रतिरोध' जस्ता क्रान्तिकारी योद्धाहरूको जन्म गराउनु भएको छ । उपन्यासकारको क्रान्तिको चेतना फैलाउने साहित्यिक व्यक्तित्व देशको लागि महत्वपूर्ण रहेको छ ।

ग्रामीण नेपालीहरूको पीर, दुःख, पीडा, व्यथा, आर्थिक अवस्था, सामाजिक अवस्थालाई यथार्थ पाराले चित्रण गरिएको छ । यस उपन्यासमा परिच्छेदहरू छुट्याइएको छ । सरल भाषा एवं प्रस्तुतीकरणमा मिठास भएको यस उपन्यासमा नेपालीहरूलाई नेपालमै रोजगारीको अवसर सिर्जना गरी नेपालमै काम गर्न प्रतीकात्मक धारणा व्यक्त गरिएको छ । घरमा स-साना लाला-बाला र अबला नारीलाई छोडी केही गरौँला भन्ने उद्देश्यले पुरुषहरू विदेश लागेको अवस्था देखाइएको छ । गाउँका सामन्त ठूलावडाहरूले त्यस्ता लाला-वाला र नारीलाई परिवन्दमा पारी शोषण गरिदिन्छन् । उता पुरुषहरू घर बिग्रिसकेपछि विदेशबाट घर फर्कन सफल भएपनि घर बिग्रि सकेको कारण कुनै राहत फेला पार्न सक्दैनन् । अन्त्यमा झन दुःखपूर्ण जीवन बिताउँदै गरेको चित्रण पाइन्छ । त्यस्तो परिवेशमा धनप्रसाद सुवेदीलाई एक सफल उपन्यासकारका रूपमा परिचित गराएको छ ।

## २.२.३. सहित्येतर व्यक्तित्व

### २.२.३.१. सामाजिक व्यक्तित्व

साहित्यकार धनप्रसाद सुवेदी सामाजिक भावना भएका स्वाभिमानी, स्वाबलम्बी, परिश्रमी र स्वतन्त्रा प्रेमी व्यक्तित्व हुन् । उनी शुरूमा १२ वर्ष सरकारी सेवामा संलग्न भए । त्यस पछि हाल उच्च शिक्षा क्षेत्रमा शिक्षण पेसामा संलग्न रहेका छन् । धनप्रसाद सुवेदीले प्रतिभा, कर्मचारी, नयाँ कदम, हाम्रो भावना, खोटाङ, खोटाङ चौतारी आदि पत्र-पत्रिका सम्पादन कार्य गरेका छन् । त्यस्तै नव प्रतिभा साहित्यिक मञ्च, (खोटाङ) मानव अधिकार सरोकार समाज, खोटाङ जस्ता संस्थाको संस्थापना गराई संस्थापक सदस्य रहेका छन् । सुवेदीले राष्ट्रिय वाङमय कला प्रतिष्ठान नेपाल, खोटाङ, रावासावा

प्राज्ञिक समाज, नेपालको संस्थापना गराउन सहयोग गर्दै ती संस्थामा महासचिव पद समेत सम्हालेका छन् । किरात एकेडेमी, नेपालका सचिवभै कार्य गरेका छन् । त्यस्तै उनले अन्य धार्मिक, सामाजिक, शैक्षिक कार्यमा पनि भाग लिने र आफूले सक्दो सहयोग गर्नमा उनको सक्रियता रहेको देखिन्छ ।

### २.२.३.२. पेसागत व्यक्तित्व

साहित्यकार धनप्रसाद सुवेदीले सरकारी सेवामा विभिन्न पदमा १२ वर्षसम्म सेवा गरेका थिए ।उनले सो पदमा रहँदा इमानदार भएर आफ्नो सेवा देश र जनतालाई प्रदान गरेका थिए । उनी आफूलाई हरेक कार्यमा 'श्रमिक' रूपमा तुलना गर्न चाहन्छन् । उनले खोटाङ जिल्लामा रहँदा शिक्षक पदमा कार्य गरेका थिए । त्यो सेवा स्कूलदेखि विश्वविद्यालयसम्म निरन्तरता दिइरहेका छन् । हाल उनी पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन कार्यमा आफ्नो सेवा गरिरहेका छन् ।

### २.२.३.३. प्रेरक व्यक्तित्व

वाल्यकालदेखि नै अनेक सङ्घर्ष गर्दै आएका सङ्घर्षशील व्यक्तित्वका धनी धनप्रसाद सुवेदीले जीवनका कठिनाईहरूबाट प्राप्त अनुभवहरूलाई अवसरका रूपमा सदुपयोग गरेर आफ्ना पाइला अगाडि बढाइएका पाइन्छ । धनप्रसाद सुवेदीले साहस, परिश्रम, लगनशील, इमान्दार भएर काम गर्दै आज गरिमा र सफलता आर्जन गर्न सफल भएका छन् । उनले श्रममा जोड दिएका छन् । यिनी सबैका प्रेरणका स्रोत बनेका छन् । यस्ता नेपाली साहित्यका प्रतिभाशाली कुशल साहित्यिक व्यक्तित्व धनप्रसाद सुवेदीको योगदानलाई ठूलो उपलब्धिको रूपमा मूल्याङ्कन गर्न सकेको खण्डमा उत्तरवर्ती व्यक्तिहरू प्रभावित र प्रेरित हुने प्रवल सम्भावना देखिन्छ । यिनै

धनप्रसाद सुवेदीको सङ्घर्षमय जीवन उन्नति चाहने जो कोहीलाई पनि प्रेरणाको स्रोत बन्न सक्ने देखिन्छ ।

## २.३. निष्कर्ष

वि.सं. २०२६ सालमा जन्मेका धनप्रसाद सुवेदी सानै उमेरदेखि साहित्य साधनामा क्रियाशील रहँदै आएका छन् । उनको साहित्यिक लेखनमा आफ्नो पारिवारिक वातावरण अध्ययन कार्यको पनि महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ र त्यसले उनको व्यक्तित्व निर्माणमा पनि ठूलो सहयोग पुऱ्याएको छ । विशेषतः उनले सरकारी पेसाबाट नेपालको प्रशासनिक एकाइको अनुभव बटुल्न पाएका छन् । सो अनुभव उनले १२ वर्षको मिहिनत र परिश्रमले हात पारेका हुन् । त्यस्तै शिक्षा क्षेत्रमा लामो समयदेखि योगदान गरिरहेका छन् ।

उनी साहित्य, साहित्येतर दुवै सेवामा संलग्न रहँदै आएका छन् । धनप्रसाद सुवेदी ४५ वसन्त पार गरिसकेका छन् । उनले गीत, कविता, उपन्यास भाषा पुस्तिका, आञ्चलिक समालोचना, खोटाङ जिल्लाबारे सङ्कलन लेख लेखेका छन् । समसामायिक र यथार्थवादी विषयवस्तुलाई कलात्मक ढङ्गले सिर्जनामा व्यक्त गर्ने धनप्रसाद सुवेदीका रचनाहरू सरल, सरस र पठनीय तथा कालजयी छन् । आफ्नो जागिरे जीवनका साथै पठन कार्यलाई पनि अगाडि बढाएका धनप्रसाद सुवेदी नेपाली साहित्यमा कवि, गीतकार र उपन्यासकारका रूपमा पनि परिचित हुन पुगेका छन् ।

# तेस्रो परिच्छेद

## ३. साहित्यकार धनप्रसाद सुवेदीका मूलभूत प्रवृत्तिहरू

## ३.१ परिचयः

शोधनायक धनप्रसाद सुवेदीवाट प्राप्त जानकारी अनुसार वि.सं. २०२६ फाल्गुन २० गते खोटाङ जिल्लाको ग्रामीण परिवेशमा जन्मेका धनप्रसाद सुवेदीको कार्यथलो भने नेपालको खोटाङ देखि काठमाडौँ, ललितपुर हुन पुगेको छ । उनी विद्यार्थी काल देखि नै कविता, गीत, उपन्यास, कथा पत्र-पत्रिका जस्ता साहित्यिक कृतिहरू पढ्ने र सुन्ने गर्दथे । धनप्रसाद सुवेदी विद्यार्थी अवस्थादेखि नै विभिन्न रचनाहरू सिर्जना गरी प्रस्तुत गर्नका साथै विद्यालयमा विभिन्न कार्यक्रम मा मात्र लिने गर्दथे । उनले सुरूमा रचना गरेका फुटकर कविताहरू प्रकाशित भए पनि हाल अप्राप्त छन् । वि.सं. २०५२ सालमा प्रकाशित 'सानो स्वार्थ भयङ्कर अपराध' नेपाली उपन्यास नै उनको पहिलो प्रकाशित कृति हो । सुवेदीको नेपाली उपन्यासमा आञ्चालिकता समालोचना कृति वि.सं. २०५६ मा प्रकाशित भयो । 'वेनाम', गीत, गजल तथा कविता सङ्ग्रह वि.सं. २०५८ सालमा प्रकाशित भयो । उनका 'सरल भाषा विज्ञान' पाठ्य पुस्तक सहलेखन वि.सं. २०६६ सालमा प्रकाशित भयो भने, २०७० मा 'भाषा विज्ञान का सम्प्रदाय र सिद्धान्त' मा प्रकाशित भएको छ । धनप्रसाद सुवेदीको 'खोटाङ जिल्ला विगत र वर्तमान' अनुसन्धानात्मक कृति वि.सं. २०६६ मा नै प्रकाशित हुन गएको छ । उनका यिनै प्रकाशित कृतिहरूको आधारमा धनप्रसाद सुवेदीका साहित्यिक प्रवृत्तिहरू यहाँ चर्चा गरिएको छ ।

साहित्यकार धनप्रसाद सुवेदीका २ वटा कृतिहरूका आधारमा छुट्टा छुट्टै प्रवृत्तिहरू रहेका छन् । तिनलाई यहाँनिर साहित्यकार धनप्रसाद सुवेदीका प्रवृत्तिहरू भनि चर्चा गरिएको छ । गीतकार, कवि तथा उपन्यासकारका आधारमा साहित्यकार धनप्रसाद सुवेदीका प्रवृत्तिगत विशेषतालाई केलाउने प्रयास गरिएको छ ।

## ३.२. कवि, गीतकार धनप्रसाद सुवेदीका मूलभूत प्रवृत्तिहरू

वि.सं. २०५६ सालमा प्रकाशित भएको 'वेनाम' नेपाली कविता, गीत, गजल सङ्ग्रहका प्रवृत्तिमा धनप्रसाद सुवेदीका तीनवटा छुट्टा छुट्टै व्यक्तित्व देखा पर्दछन् ती हुन् गीतकार व्यक्तित्व, कवि व्यक्तित्व र गजलकार व्यक्तित्व छन् । तिनै व्यक्तित्वका आधारमा गीतकार धनप्रसाद सुवेदीका प्रवृत्तिहरूको अध्ययन गरिएको छ ।)

## ३.२.१. राष्ट्र प्रेम/राष्ट्रिय चिन्तन

राष्ट्रप्रति देखाइने प्रेम भाव तथा गरिने माया, ममता, कर्म र सेवाका भावहरूको अभिव्यक्ति नै राष्ट्र प्रेम वा राष्ट्र प्रतिको चेतना हो । हत्या हिंसा, काटमार जस्तो गतिविधिबाट मुक्त भएर राष्ट्र र राष्ट्रियताप्रति बफादार वन्न सकेको खण्डमा मात्र राष्ट्रको शिर उच्च रहन सक्दछ । (शर्मा, २०५१,२०) । त्यस्तै राष्ट्रिय धरोहरहरूको विषयहरूको संरक्षण र सम्वर्धन गर्नुपर्छ भन्ने भाव धनप्रसाद सुवेदीका गीतहरूमा आएको छ । जस्तै 'बेनाम' नेपाली गीत, कविता सङ्ग्रह अन्तर्गत 'भो नाम नसोध महाशय' भन्ने शीर्षक कवितामा आफ्नो देशको धज्जी उडेको आभाश वा भाव निम्न लिखित पङ्क्तिवाट थाहा हुन्छ ।

"त्यसवेला, मेरो देशको नाम थियो

'नेपाल प्यारा, सुन्दर शान्त थियो

तर अहिले .............

(सुवेदी, २०५२:१८)

यसरी नै उक्त शीर्षक मै कवितामा आफ्नो देशको गौरव गाथा निकै गरिमामय थियो, एउटा प्रतिष्ठा थियो । गौतम वुद्ध र जनकको जन्म नेपालमा भएको थियो । देशको नाम सगरमाथाले उच्च पारेको थियो दशरथ चन्दको देश थियो ।

"उहिले भनौं पहिले मेरो देशको नाम थियो

हो,जनक र वुद्धको ज्ञानथलो थियो

सगरमाथा र अरनिकोको देश थियो

बलभद्र र भीमसेन थापाको जन्मथलो थियो

गंगालाल र दशरथ चन्दको देश थियो ।" (सुवेदी, २०५२: १८)

यसै गरी उक्त शीर्षककै कवितामा देशको वास्तविक रूपको व्याख्या पाइन्छ । हाम्रो देश खोक्रो भएको छ । देशको अवस्था नाजूक भएको छ । यो देश माग्ने भएको छ । अहिले देश हरिकङगाल भएको छ । नेपालीलाई लाजमर्दो भएको पारेको छ ।

"मेरो देशको नाम के वताऊँ खै ।

अहिले हरिकङगाल हरितन्नम देश भा' छ

चेली र मूर्ति वेच्ने देश भा' छ ( कति लाज भनु ! )

जतातती, जो सुकैसँग हातथाप्ने भिखारी भा' छ" ।

(सुवेदी, २०५२ः १८)

**प्राकृतिक सौन्दर्यको चित्रण**

यसै गरि कविता सङग्रह अन्तर्गत अर्को शीर्षक 'ए हजुर किन ? भन्नेमा पनि नेपालको सौन्दर्य वर्णन गरिएको छ । नेपाल विश्वमा परिचित छ । यहाँको पहाड, ताल, हिमाल र गुफाले सौन्दर्य थपेको छ । विदेशीहरू पहाड, ताल, डांडा, हिमाल हेर्न यहाँ आइपुग्छन् ।

"विदेशवाट मान्छे आउँछन् हाम्रो हिमाल हेर्न,

भीर-पाखा, मधेश-पहाड ढाकर बोकी बोकी"

(सुवेदी, २०५२ः ६)

त्यसै गरी उनका कविता शीर्षक "वसन्त डाकौं न" मा पङ्क्तिमा कविले निम्न कुराहरू उल्लेख गरेका छन् । वनमा वसन्त ऋतुमा काफल पाइन्छ , काफल देखेर रमाइलो वातावरण मा नाच्न र गाउन मन लाग्छ । वसन्त ऋतुपछि शिशिर ऋतुको आगमन हुन्छ ।

"काफल पाक्यो गाउँदै गीत नाचेन रहर

उन्मुक्त हाँसो हाँसेर यहाँ वाँचने रहर

त्यसैले शिशिर खेप्यौ बसन्त डाकेर

त्यो नयाँ वर्ष आउँछ भनि बसियो पर्खेर" (सुवेदी, २०५२ः १०)

यसरी नै गीत “अस्तित्व के ?” को शीर्षकमा नेपाल आमालाई सवैले खुसी राखौं र खुसी राख्नलाई पुकारौं । हामी नेपालीको एकाइसौ शताब्दीमा पनि गए गुज्रेको जिन्दगी छ । आजको युग नयाँ नयाँ आविष्कारले जम्म पाएको छ । कम्प्युटर जस्ता आधुनिक माध्यमले विश्वलाई ढाकेको छ । तर नेपालमा भने उही पुरानो ढङ्गको वातावरण पाइन्छ । नेपालीलाई भारी नवोकी सुख छैन । उक्त भाव तलका पङ्क्तिबाट प्रष्ट हुन्छ ।

“कम्प्युटरको युगमा पनि

भारी बोकि हिड्नु छ हामी

एकाइसौ शताव्दी अरे

खान नपाई रून् छ हरे ।”

(सुवेदी, २०४८: ६)

त्यस्तै यही गीत शीर्षकमा मातृभूमिको रक्षा गर्न पर्ने शोषण दमन देशको दयनीय अवस्थाको वर्णन देश भ्रष्टाचारको दलदलमा छ । स्वतन्त्रताको नाउँ मात्र पाइन्छ । नेपालको सिमा मिचिएको छ । अत्याचारले सिमा नाघेको छ । त्यसैले देशमा बाँच्ने वातावरण छैन ।

“नेपालको सिमा मिचियो रे

सार्वभौम, स्वतन्त्रतो के ?

शोषण दमन सधैं उस्तै

विकृति र कुरीति बढ्दै

भष्टाचार र अत्याचारले

यो देशमा वाँच्नै गाह्रो भो । ”

(सुवेदी, २०४८,)

### ३.२.२ क्रान्तिचेत

आफ्नो मातृभूमिको हेरचाह हामीले गर्ने हो र मातृभूमिको रक्षार्थ स्वाभीमानी युद्ध लड्नु पर्छ तब मात्र हाम्रो देशको नाम आउँछ । राष्ट्रप्रति देखाइने प्रेम भाव अभिव्यक्ति नै राष्ट्र क्रान्तिचेट रहेको छ । "अस्तित्व के ?" कविताको पङतिमा राष्ट्रिय धरोहरहरूको विषयहरूको संरक्षण र सम्वर्धन गर्नुपर्छ भन्ने भाव रहेको छ । नेपालका महत्वपूर्ण व्यक्तित्वहरू लुक्न पर्ने अवश्था आएको छ । नेपालको सिमाना मिचिएको छ । देशमा भष्टाचार र अत्याचार मौलाएको छ । त्यसैले यहाँ वाँच्न समस्या छ । त्यसैले कान्तिको विकल्प खोज्नु जरूरी छ ।

"एकाइसौं शताव्दि अरे

खन नपाई रूनु छ अरे ............... "

(सुवेदी, २०४८,)

### ३.२.३ स्थानीय भाषाको प्रयोग

यसरी नै यही गीत सङग्रहको शीर्षक 'ए हजुर ! कि? गाउँ गीतमा आोखलढुङ्गा जिल्लाको स्थानीय भाषाको प्रयोग गरी स्थानीय ठाउँकै गुनगान गाइएको छ । गीतमा लेक वेसी, हलो, गोरू, भीर-पाखा, मधेस-पहाड, ढाकर, साग-सिस्नो, खोले-फाँडो र झत्रो-झाम्रो जस्ता स्थानिय शब्दको प्रयोग भएको पाइन्छ । यसले गर्दा गीत लोभिलो भएको छ । स्थानीयको भावलाई गीतमा जोड दिएको छ ।

"लेक वेसी हलो वोकी गोरू खेदी-खेदी

भीर-पाखा मधेस-पहाड ढाकर बोकी-वोकी

दु:ख साथ साग-सिस्नो, खाले-फाँडो खाई

वाँचेका छौं हामी हजुर झुत्रो-झाम्रो लगाई ।"

(सुवेदी, २०५०: ६)

यसरी नै शीर्षक 'कामना' कवितामा रावा खोला टेम्के पहाडको वर्णन गरिएको छ । ओखलढुङ्गा जिल्लाको रावा साप्सु खोलाको नाम वाट कविताको पङ्क्ति सुरू भएको पाइन्छ । खोलाको पानीको

महत्व रहेको छ । यो पानीमा नेपालीको प्राण रहेको छ । नयाँ जोश जाँगरको उदय भएको छ । हाम्रो भावना र विचारले फस्टाउन पाउनु पर्छ । पाखा, पहाड र खोंच दुनिया जागृत हुनु पर्छ ।

“रावा साप्सु हुँदैन  सुक्नु नि यहाँ टेम्के त भुक्दैन रे

हाम्रो भाव विचार जाँगर यहाँ फस्टाउनै पर्छ रे

यो पाखा र पहाड खोंच दुनियाँ व्युँझेर उठ्नू छ रे

नौलो जाँगर जोश साथ सवले संसार फेरौ अरे ।”

(सुवेदी, २०५२: २२)

यसरी नै अर्को पङ्क्तिमा खोटाङको गाउँको खेती अनि खोच आदिको वर्णन पनि गरिएको छ । गीतका भाका घन्किएको छ । नयाँ जोश र जाँगरले स्थान पाएको छ । नयाँ सिर्जना मौलाएको छ । धर्तिले उर्वरा हुने मौका पाएको छ । नेपालीको जाँगर चलेकोले खरावी पलायन भएको छ ।

“भाका गीत र प्रीतका घनकिउन बोकी नयाँ जाँगर

मौलाओस र उठोस सवै ढुकढुकी बोकी नयाँ सिर्जना

यो धर्ति पनि हुन्न वाँझिनु यहाँ पोखौं पसिना सवै

हामी सर्जक भै उठेपछि यहाँ भाग्छन् खरावी सवै ।”

## ३.२.४ प्रेम भाव

साहित्यकार धनप्रसाद सुवेदीको वेनाम कविता, गीत सङ्ग्रहमा प्रेमभाव सम्वन्धी कविता पनि लेखिएका छन् । प्रेम भन्नाले हरेक मानिसलाई गरिने प्रेम होस या आफ्नो नातेदार प्रति गरिने जसलाई गर्ने प्रेम नै उनका कविताहरूमा पाइएको छ । उनको कविता सङ्ग्रहको शीर्षक ‘साथीलाई चिट्ठी’ मा साथीको प्रेमलाई प्रकट गर्ने प्रेम भाव आएको छ । साथी माया कस्तो हुँदो रहेछ भनेर भनिएको छ ।

### ३.२.५. सन्देशात्मकता

जुनसुकै साहित्यिक कृतिमा लेखकले कुनै न कुनै सन्देश दिन खोजेका हुन्छन् । यो सन्देशलाई सिर्जनात्मक कृतिको कथा विषय पनि भनिन्छ ।

कविताका सन्दर्भमा त सन्देश अपरिहार्य नै हुन्छ त्यसैले कवि धनप्रसाद सुवेदीले पनि आफ्ना कविता मार्फत विभिन्न सन्देशहरू दिएका छन् ।

कवि धनप्रसाद सुवेदी को 'वेनाम' कविता सङ्ग्रहमा 'उपदेश' भन्ने शिर्षकको कवितामा महको लागि मौरी नै पाल्नु पर्दछ । अरिङ्गालबाट मह प्राप्त गर्न सकिन्न भन्नु भनिएको छ । तलका सन्देशभाव पङ्क्तिबाट सो भाव प्रष्ट हुन जान्छ ।

"महका लागि बारूला पालेर हुन्छ र ।

मौरी पाल्नु पर्छ , घार वाउनु पर्छ , फूल रोप्नु पर्छ ।

अरिङ्गालहरू महकर्मी मौरीलाई सधैँ मार्न खोज्छन्

खवरदारी गर्नु पर्छ ।"

(सुवेदी: २०५३,४३)

त्यसै गरी 'अस्तित्व के' भन्ने शीर्षकको गीतामा नेपालको अवस्थावारे कविले देशको दयनीय अवस्थावारे विकल्पखोज्नु पर्छ, भन्ने भावना तलका पङ्क्तिद्धारा व्यक्त गरिएको छ ।

यो देशमा वाँच्नै गाह्रो भो

सधैँ यस्तै सही रहौं कि

विकल्पको खोजी गरौं कि !

(सुवेदी: २०४८,७)

अर्को शीर्षक 'साथीलाई चिठ्ठी' भन्ने कवितामा विदेशमा नेपालीले दु:खभोग्नु परेको छ । साथै उनीहरूको परिवारको पनि विचल्लि भएको व्यथा तलको पङ्क्तिको भाव रहेको छ ।

गाउँको खवर खै के भनौ ठीक या वेठीक?

तिमि त सपरिवार उतै छौ, ठीकै छ

पल्ला गाउँको रामे अरव गाथ्यो था होला

उसकी स्वास्नी झिटी भ्याम्टा टिपेर पोइल गई
छोराछोरीको वेहाल विचल्ली

विचरो रामे उतै बौलाई सक्यो रे ।

(सुवेदीः २०५६ः ४९)

त्यस्तै गरी अर्को गीतको शीर्षकमा 'अस्तित्व के ?' मा देशको प्रेम दर्साएको र देशको लागि केही गरौ भन्ने भाव दर्साएको पाइन्छ ।

"एकाईसौं शताव्दी अरे

खाननपाई रून‍ु छ हरे

नेपालीहो सोच्नु पर्ला कि?

अस्तित्व के खोज्नु पर्ला कि?

सगरमाथा तुहे झैं लाग्छ

जनक वुद्ध लुके झै लाग्छ

वीरभद्र अमर सिंह

कतै अन्तभागे झैं लाग्छ

नेपालको सीमा मिच्चिया रे सार्वभौव, स्वतन्त्रता के?

शोषण-दमन सधैं उस्तै

विकृति र कुरीति बद्दै

भ्रष्टाचार र अत्याचारले

यो देशमा बाँच्नै गाह्रोभो

सधैँ-यस्तै सही रहौं कि

विकल्पको खोजी गरौं कि !"

(सुवेदी,२०४८: ७)

### ३.२.६. नारी वेदनाको स्वर

अर्को शीर्षकको कविता 'गाइनी/गायिका'मा नारीको प्रतिनिधित्व गरेको छ । यसमा नारीको स्थितिको चित्रण यसरी गरेको पाईन्छ ।

"हातमा सारङ्गी लिएकी सारङ्गी जस्ती

मैलो झुत्रो लगाएकी मानौं र रछ्यानकी कसिङ्गर

नुहाउन सम्म नपाएकी

पढ्न लेख्न कहाँ पाओस् बरा-बिचरा ।

ऊ जन्मिदैकी टुहुरी अनाथ

उमेर मस्त जवानीको हो

तर होची दुब्ली ख्याउटे र जिलिगान्टी हे ।"

भाव विव्हल भएर मधुर स्वरमा गाउँछे

दाउरा घाँसले छाडेन पढ्न लेख्न पाइनँ"

(सुवेदी,४४)

यसैको अर्को कविताका पङ्क्तिमा भने नारीको वखान र नारीको धज्जी उडाएको छ ।

"अठार थरिका ठ्याक्क, ठुक्क, भ्याक्क भुक्कका बाजाहरू

उसका फलाना र ढिस्का "किन छोप्ने मोर्डन जमानामा"

हाउभाउ कटाक्ष "क्या च्वाँक छ बा"

“उ मन्त्रीकी साली”

“सचिवकी फुपूकी छोरी”

सकिनसकी लेध्रो तान्छे

“आई ............. ल...................ंभ ...................... यूं”

भन्छन भन्ने गर्छन -“ऊ प्रशिद्ध गायिका हो”

“ऊ महान् प्रतिभा हो, ऊ महान् कलाकार हो ।”

(सुवेदी,४४)

## ३.२.७. निम्न वर्गको चित्रण

'गजल' भन्ने गीतमा दुःखी गरिबको मर्म भावनालाई समेटी दुःखीको यस्ता सपना हुन्छन् भन्ने कुरालाई पुष्टि गरिएको छ । निम्न पङ्क्तिबाट पुष्टि हुन्छ ।

खन्छु, जोत्छु, गोड्छु अनि भित्र्याउँछु पनि

अघाउन्जेल मीठो खानाखाऊँ जस्तो लाग्छ

उन काट्छु, धागो बुन्छु, कपडा म सिउँछु

तातोसँग नयाँ लुगा लगाऊँ जस्तो लाग्छ

मेसिनको जेठो दाजु को हो त-मै हुँ

एकै छिन विसाएर सुस्ताउँ जस्तो लाग्छ ।

(सुवेदी, २०५३: १३)

यसै शिर्षकमा निम्नवर्गले पशु झै वाँच्नु परेको कुरा तलको पङ्क्तिवाट ज्ञात हुन जान्छ ।

“पशु झै किन हामी बाँच्नु पर्छ यहाँ

डल्ला सबै दाँदे लगाई साऊँ जस्तो लाग्छ ।"

(सुवेदी, २०५३: १३)

सोही शिर्षकमा निम्न वर्गले आश गर्दछन् । तलको पङ्क्तिबाट सो करा झल्किन्छ । जुन यस प्रकार छ ।

"पक्कै पनि बदलिन्छ, परिवर्तन हुन्छ

यहि नौलो शुभ-सन्देश सुनाऊँ जस्तो लाग्छ ।"

(सुवेदी, २०५३: १३)

अर्को शीर्षक गजलगीतमा श्रमिकको पुकारलाई प्रष्ट्याइएको छ । जुन तलको पङ्क्तिबाट ज्ञात हुन्छ ।

"अचम्म यहाँ-श्रमिकले भिखमाग्नु पर्छ !?

वादलभित्र गुम्सिएर रवि रूँदोरैछ !?"

(सुवेदी, २०५३:१२)

अर्को शीर्षक गजलगीतमै देशमा भिख माग्नेहरूको संख्या बढेको छ । उक्त` कुरा तलका पङ्क्तिहरूबाट उजागर हुन्छ ।

"यत्रतत्र सडकभरी माग्नेहरू देख्छु

अन्न होइन भोकको बीउ छरे झै लाग्यो "

(सुवेदी, २०५२:१६)

कामना शीर्षकको कवितामा मानिसहरूले पशु सरी जीवन विताएको कुरा तलका पङ्क्तिबाट बोध हुन्छ ।

"नाङ्गो भोक र रोग ढाकर सधैं पेवा भए हो किन?

मान्छे रे ! तर बाँचने पशुसरी यस्तो भयो हो किन?

हामी नै किन पर्दछौं पछि सधैं क्या लाजमर्दो छ लौ

छक्कै पर्नु पुगेन नीद अब त लौ झट्ट जागा बनौं ।"

(सुवेदी, २०५२:२२)

हालखवर कविताको शीर्षकमा निमुखा गरीव जनताको  व्यथा प्रकट भएको छ । उनीहरूको श्रम र पसिनाको शोधण भएको छ ।  जुन तलको पङ्क्तिले प्रष्ट्याउँदछ ।

"यहाँ हाम्रा राम्रा सत र गहना चोर्छ उसले

यहाँ हाम्रा सारा श्रम र पसिना खोस्छ जसले

उसैको प्रशंसा गरिकन अरे बस्नु कसरी ?

नदेखे उज्यालो भन त किन पो लोचन दुई ।"

(सुवेदी, २०५३:३२)

सोही कविताको शीर्षकमा शोषित र पीडित वर्गको चित्कार र वेदना पोखिएका छन् ।तलका पङ्क्तिबाट थाहा पाइन्छ ।

"म यो डाँका तन्त्रै भन त अति नै वेश छ भनौ?

म यो नर्कैकुण्डै कन पति यहीं ऐश छ भनौ

म लौ हान्ने आफ्नै मुटु हृदयमा वाण कसरी?

(सुवेदी, २०५३:३२)

सोही कविताको शीर्षकमा अन्याय र दमणको विरोध गर्ने  भएको छ । तलका पङ्क्तिहरूबाट कविले प्रष्ट्याउनु भएको छ ।

"न तोड्दा यो साङ्गलो मुनि मुनि भयौ दैत्यवलको

न डाक्दा उज्यालो डरभय सँधै भूत बुटको

मलाई यो चाला अव त अति नै लाग्छ अपच

तिमी के भन्छौ है भन अझ राम्रै? कि अपच?"

(सुवेदी, २०५३:३२)

त्यस्तै उक्त कविताको शीर्षकमा जनताहरु संधै अत्याचार सँधैं सहेर बस्दैनन् । उनीहरू अव परिवर्तन चाहन्छन्,  आफू शोषणरहित हुन खोज्छन् । शोषीतको चित्कार र वुलन्द शक्तिको अगाडी कसैको केहि लाग्दैन । सो भाव  तलको हरफहरूबाट प्रष्ट् ँछ ।

"कसैले सक्तैनन् किरण रविका रोक्न बलले

झरेका ती छाँगा छङछङ अरे छेक्छ कसले

यहाँ वज्न लाग्दा विगुल मुरली डाक्न बिजुली

न नाची बस्ने को भन त अब लौ यो शुभ घडी?"

(सुवेदी, २०५३:३२)

'हन प्रजातन्त्र यही हो ?' कविता शीर्षकमा निन्न वर्गको उत्थान नेताहरूबाट हुन सकेको छैन । र यसरी भाव व्यक्त गर्दछन् ।

हो हजुर ,

धूर्त नेताको लागि चिप्लिने कार भएको छ

(सुवेदी, २०५१:३६)

सोही शीर्षकको अर्को पङ्क्तिमा प्रजातन्त्रप्रति व्यङ्ग्य गरेको छ । यो त गरिवका लागि र सर्वसाधारणका लागि होइन वलकी सामन्तका लागि ढालको  काम गरेको छ ।

"प्रजातन्त्र यहाँ-

गोली बनेर सर्व-साधारण निर्दोष जनता मार्छ

महँगी बनेर जनतालाई झापट हान्छ

प्रशासन वनेर भ्रष्टलाई पदोन्नति पदक दिन्छ

रामनाम बनेर सामन्त तानाशाहलाई पार लगाउँछ ।

हन प्रजातन्त्र यही हो साँच्ची?

साँच्चीकै प्रजातन्त्र यो हुन सक्तैन, होइन ।

श्रमिक रमाउन पाउनु पर्थ्यो

अल्छे पो भोकै रहनु पर्थ्यो

दिल खोलेर हाँस्न पाउनु पर्थ्यो

मान्छे भएर वाँच्न पाउनु पर्थ्यो ।"

(सुवेदी, २०५१:३६)

सोही कविताको शीर्षकमा गरिबहरू दुःख र कष्ट भोगिरहेका छन् । तलको पङ्क्तिले त्यसको भाव व्यक्त गरिएको छ ।

"तर विडम्बना

प्रजातन्त्रका नाममा हामिहरू-

ठगिदा छौं, छलिदा छौं, पछारिदा छौं

लुटिदा छौं, भुटिदा छौं र बेचिदा छौं"

(सुवेदी, २०५१:३६)

!'ए हजुर ! किन?' कविताको शीर्षकमा देशको विकास भएको छैन । त्यसैले निम्न बर्गको चित्रण तलका पङ्क्तिमा गरिएको छ ।

"अरूहरूले गरे अरे विकास कति कति

हाम्रो चाहिँ हेर्नोस हजुर यस्तै छ दुर्गति

लेक-बेसी हलो बोकी गोरू खेदी खेदी

भीर-पाखा, मधेश-पहाड ढाकर बोकी बोकी

दुःख साथ साग-सिस्नो, खोले-फाँडो खाई

बाँचेका छौ हामी हजुर झुत्रो-झाम्रो लगाई"

(सुवेदी, २०५०:६)

यस्तै अर्को पङ्क्तिमा अरू सम्पन्न देशका मान्छेहरू भने नेपालको हिमाल, वन, र पहाड हेर्न नेपाल आउँदछन् तर नेपाली भने आफ्नो आर्थिक अवस्थाले गर्दा विदेशमा मजदुरी गर्न परदेश र भरिया भई बाच्नु पर्ने कुराको भाव प्रकट गर्नु भएको छ ।

"विदेशबाट मान्छे आउँछन् हाम्रो हिमाल हेर्न,

हामीलाई चाहिँ फुर्सद छैन केहि वेर आराम गर्न

धेरै हामी काम-माम नपाई विदेशतिर धाउँछौ

मान्छे भए पनि हजुर पशु झै वाँच्छौ"

(सुवेदी, २०५०:६)

सोही शीर्षकमा निम्न बर्गले आफू आफूमा प्रश्न गर्दछन् । किन उनीहरू पछि परे त? त्यो बुझन खोज्दछन् । तलको पंक्तिवाट उक्त भाव प्रष्ट हुन्छ ।

"प्रकृतिले पारेको छ नेपाल हरा भरा

पाखरी छन् नेपालीको साह्रै दह्रा दह्रा

तर किन हामी हजुर पछि पऱ्यौँ होला

साँचो कुरा बुझ्ने चासो आजै राखौं होला"

(सुवेदी, २०५०:६)

गीतको शीर्षक 'अस्तित्व के' मा विश्वले उन्नति प्रगति गरेर भौतिक जमानामा प्रवेश गरिसक्यो २१ औं शताब्दी लागि सक्यो, तर हाम्रो नेपालको र नेपालीको अवस्था भने दयनीय, अस्तित्वहीन भएको कुरा वताइन्छ । उक्त भाव तलका पङ्क्तिबाट महसुस हुन्छ ।

"एकाइसौं शताव्दी......................

अस्तित्व के खोज्नु, पर्ला कि?"

(सुवेदी, २०४८:७)

सोही शीर्षकमा गीतकारले जनताको मात्र होइन बलकी देशको पनि हालत खराव र दयनीय भएको छ, नेपालीमा प्रश्न खडा भएको छ, भन्ने भाव तलका पङ्क्ति मार्फत व्यक्त गरेका छन्, जुन तल वर्णन गरिएको छ ।

"नेपाली हो सोच्नु पर्ला कि?

अस्तित्व के खोज्नु पर्ला कि?

सगरमाथा तुहे झै लाग्छ

जनक बुद्ध लुके झैं लाग्छ"

(सुवेदी, २०४८:७)

सोही शीर्षकमा निमुखा गरिवहरू माथि शोषण-दमन र भ्रष्टाचारले डेरा जमाएको कुरालाई प्रष्ट्याउँछ । तलका पङ्क्तिले उक्त वारेमा स्पष्टता दिन्छ ।

यसमा गीतकार धनप्रसाद सुवेदीले उक्त शोषण-दमन हटाउन विकल्पको खोजीको लागि आव्हान गरेका छन् ।

"शोषण-दमन सधै उस्तै

विकृति र कुरीति बढ्दै

भ्रष्टाचार र अत्याचारले

यो देशमा बाँच्नै गाह्रो भो

सधैं यस्तै सही रहौं कि

विकल्पको खोजी गरौं कि !"

(धनप्रसाद सुवेदी, २०४८:७)

'वसन्त डाकौं न' कविता शीर्षकमा कवि धनप्रसाद सुवेदीले गरिव, निमुखाको आशालाई प्रस्ट गर्नु भएको छ तर त्यो आशा, अभिलाशा, इच्छा रहर र नौलो वसन्त चकनाचुर भएको भाव वताउनु भएको छ। जुन भाव तलका पङ्क्तिबाट प्रस्ट हुन जान्छ।

"काफल पाक्यो गाउँदै गीत नाचने रहर

उन्मुक्त हाँसो हाँसेर यहाँ बाँचने रहर

त्यसैले यहाँ शिशिर खेप्यौं वसन्त डाकेर

त्यो नयाँ वर्ष आउँछ भनि बसियो पर्खेर

नभन्दै यहाँ "वसन्त आयो" खवर सुनाए

"लौ नयाँ वर्ष आयो है" भनी उत्सव मनाए

त्यो सुन्दा साँच्ची खुसी भो मन नाचियो वेसरी

तर त्यो खुसी रहने धेरै थाच्चियौं आखिरी।"

(सुवेदी, २०५१:१०)

सोही कविताको शीर्षकमा कवि धनप्रसाद सुवेदीले निमुखा जनताको नयाँ वर्ष, नयाँ वसन्त र खुसीहरू सवै चोरिएको छ। झन् दुःख र व्यथाहरू थपिएको छ पुनः दुःखको सागर र खडेरीपनले

जीवन सताएको छ जस्ता आदि अस्त-व्यस्तताको प्रभावले जरो गाडेको जानकारी तलका पङ्क्तिबाट वताउनु भएको छ ।

"बाटैमा त्यो नयाँ वर्ष अर्कैले हरेछ

वासन्ती कोट लगाई फेरि शिशिरै फर्केछ

नभन्नु अरे वसन्त उसले चोरेर लिएको

स्वीकार्नु अरे यै कालो रात आसुरी तन्त्रको।

यही नै हो रे त्यो नयाँ वर्ष कसरी पत्याऊँ?

वसन्त हाम्रो चोरियो अव कसरी हत्याऊँ?"

(सुवेदी, २०५१:१०)

त्यस्तै गरी सोही शीर्षकमा कवि धनप्रसाद सुवेदीले गरिव जनतालाई आश देखाउँछन् । जनतालाई नयाँ वसन्त फर्काउने वारेमा प्रश्न गर्छन् । सो कुरा तलको पङ्क्तिवाट प्रस्ट हुन जान्छ ।

"यही नै हो रे त्यो नयाँ वर्ष कसरी पत्याऊँ?

वसन्त हाम्रो चोरियो अव कसरी हत्याऊँ?"

(सुवेदी, २०५१:१०)

सोही शीर्षकमा कविले निम्न वर्गका जनताको उमङ, नयाँ वर्ष र सुख अवश्य फर्किन्छ जसरी पात नभएको रूखमा पालुवा चढ्छ र हराभरा भई सुगन्ध छाउँछ । उपरोक्त कुरा तलका पङ्क्तिवाट मनन गर्न सकिन्छ ।

"ती पात झर्छन् नगरौ पिर पालुवा हाल्नेछ

त्यो नयाँ वर्ष आउँछ डाकौं त्यो पक्कै आउँछ ,

ती रूख सुके न आत्यौं भोलि हरियो फिर्नेछ

भालेको डाक पूर्वमा लाली त्यो रात फ्याँकिन्छ

सकिन्न हाँस्न सकिन्न नाच्न वसन्त नडाकी

त्यसैले अब नछाडौ साथी शिशिर नफ्याँकी”

(सुवेदी, २०५१:१०)

शीर्षक 'गजल' गीतमा निम्न वर्गको स्थिति दयनयि बनाउनमा माथिल्ला ठूला ठूला नेता वर्गको भौतिक सुविधा मोह र चाहनाले गर्दा हो भन्ने कुरा बोध हुन जान्छ । सो कुरा तलका पङ्क्तिबाट प्रस्ट हुन्छ ।

“गजब मनोरञ्जन दिईरहेछौ

जसरी नाच्नु छ नाच छुट छ

मनोरञ्जन कर सानो पजेरो तिर्दैछौ

बाँकी सारा ब्रह्मलुट छ ।”

(सुवेदी, २०५३:११)

सोही शीर्षकमा अर्को पङ्क्तिमा निम्न वर्ग आफ्नै फुट र छिन्नभिन एकतामा अडिग रहन नसक्नाले पनि उनिहरूको दुर्गति भएको कुरा थाहा हुन्छ । जुन तलको पङ्क्तिले प्रस्ट पार्दछ ।

“झिंजाले मुडो सल्काउँछ” यी सुनेका छन् जनताले

तर दूर्भाग्य ! जनताबीचमा ठूलो फुट छ ।

(सुवेदी, २०५३: ११)

सोही शीर्षक अर्को पङ्क्तिमा नेता वर्गले जनतालाई आफ्नो स्वार्थको लागि प्रयोग गरेका छन् । जनतालाई उनीहरूले आफ्नो स्वार्थको लागि सडकमा उतार्ने गर्दछन् । जुन कुरा जान्नको लागि तलको पङ्क्ति उच्चारण गरिएको छ ।

“नपाउन्जेल् असहमती, असमर्थन, बिरोध, आन्दोलन

पाए-भेटेपछि उहाँहरूमा साह्रै एकजुट छ ।”

(सुवेदी, २०५३: ११)

सोही शीर्षकको अर्को पङ्क्तिमा निम्न वर्गका जनतालाई नेताहरूले आफ्नो आगि फुटवलको रूपमा प्रयोग गर्दै आएको विचार व्यक्त हुन्छ । सो कुरा तलका पङ्क्तिवाट ज्ञात हुन जान्छ ।

"मौका आउँछ पर्खिदैन, बगेको खोला फर्किदैन"

सकुनीचाल जान्या छ, के भो र जनतालाई-

सके फुटवल नसके सटफुट छ।"

(सुवेदी, २०५३: ११)

सोही शीर्षकको अन्तिम पङ्क्तिमा गजलकारले नेताहरूलाई सचेत गराउनु भएको छ । जुन तलको पङ्क्तिबाट प्रस्ट हुन जान्छ ।

"अचाक्ली भयो भने पृथ्वीमा भूकम्प जान सक्छ

नेता महोदय ।

भूकम्प छेक्ने कुनै नोट, भोट, सुट वा बुट छ?

(सुवेदी, २०५३: ११)

गजल "गजल" शीर्षकमा गजलकार धनप्रसाद सुवेदी आफ्नो तथ्यगत कुरा लुकाएको हुन्छ । उनले हाम्रो दुःख लुकाएको हुन्छ, त्यस्तै सूर्यको जहाँ जहाँ पहुँच हुन्छ, त्यहाँ त्यहाँ उज्यालो हुनु पर्ने थियो तर अन्धकारमय पन को अनुभव गर्छन् । सो कुरालाई पुष्टि गर्न तलको पङ्क्ति प्रस्तुत गरिएको छ ।

"हृदयलाई ढाँट्ने पनि कवि हुँदोरै'छ !?

उज्यालोलाई छेक्ने पनि रवि हुँदोरै'छ !?"

(सुवेदी, २०५३:१२)

सोही शीर्षकको दोस्रो पङ्क्तिमा गजलकारले सत्ता पिपासुहरूलाई छर्ल्याङग्याउने प्रयास गरिएको छ । नेताहरूले जनतालाई सत्ताको लागि देखाइने नाटकका कलाकार बनाएका छन् । जून कुरा तलको पङ्क्तिबाट प्रस्ट हुन्छ ।

"सत्तरूपि रङ्गमञ्चका नाटकहरू कस्ता?

मुर्कुटो भै हिड्नु पनि छवि हुँदोरै'छ !?"

(सुवेदीः २०५३:१२)

सोही शीर्षकमा सोभ्का निम्न वर्गीय जनताहरू नेताहरूको चालु, कुटनीतिज्ञ थाहा पाउँदै । उनीहरू कता सुल्टो कता उल्टो छुट्याउन पनि सक्दैनन् । उनीहरूले निम्न वर्गलाई के गर्न हुन्छ, के गर्न हुन्न भन्ने जस्ता कुरामा अनभिज्ञ पार्दछन् । जुन कुरा तलको पङ्क्तिवाट जानकारी हुन्छ ।

"कुन सुल्टो? कुन उल्टो? छुट्याउन गाह्रो

पानी पनि हवनीय हवि हुँदोरै'छ !?"

(सुवेदीः २०५३:१३)

सोही शीर्षकको अर्को पङ्क्तिमा निम्न नेताहरूले निम्न, सोभ्का जनताहरूलाई भ्रममा पारेको हुन्छ । जुन कुरा तलका पङ्क्तिलाई विचार गर्नु उचित हुन्छ ।

"सच्याइ हो यही भनी चिन्नु कसरी हो !?

बिना बादल पनि यहाँ पवि हुँदोरै'छ !?"

(सुवेदी, २०५३: १२)

सोही शीर्षकमा निम्नवर्गको भावना, कल्पना र सोचलाई प्रस्तुत गरिएको छ । यसमा उनीहरू आफु परिवर्तन हुन चाहन्छन् भन्ने कुराको भाव रहेको छ । जुन कुरा तलका पङ्क्तिको गहिरो अर्थवोध रहेको छ ।

"एउटा नयाँ शुभ-सन्देश सुनाऊँ जस्तो लाग्छ

एउटा नयाँ नौलो गीत गाऊँ जस्तो लाग्छ "

(सुवेदी, २०५३: १३)

'कामना' शीर्षक कवितामा कविले नेपाली निम्न वर्गको अवस्थाको चित्रण गरेका छन् । यस पङ्क्तिमा उनीहरूको अवस्था पशुको जस्तो भएको बताएका छन् । नेपालीको जीवन दुखी छ । उनीहरू नाङ्गो र भोका छन् । उनीहरूको जीवन र पशुको ज्यानमा फरक हुँदैन । उदाहरणको लागि तलको पङ्क्ति प्रस्तुत छ ।

"नाङ्गो भोक र रोग ढाकर सधैं पेवा भए हो किन ?

मान्छे रे ! तर बाँचने पशुसरी यस्तो भयो हो किन ?

हामी नै किन पर्दछौं पछि सधैं क्या लाज मर्दो छ लौ

छक्कै पर्नु पुगेन नीद अब लौ झट्ट जागा बनौ ।

(सुवेदी, २०५२: २२)

सोही शीर्षकमा कविले यसो भनेका छन् । नेपाली भरियाहरूमा ध्यान जानु पर्दछ । लेखकहरूको उनीहरू माथि ध्यान जानु पर्दछ । उदाहरणको लागि तलका पङ्क्तिलाई सार गरिएको छ ।

"हाम्रा दृष्टि पुगोस् नि तर्र पसिना काढ्ने भरीयाकन

हाम्रा हात बढून् नि झरने ती आँसु है पुछ्दिन

लेखौ है सबले अगाडि बढने बोकी उही भावना

लाखौं फूल फुलुन्  फलुन् फल मिठा यस्तै छ है कामना ।"

(सुवेदी, २०५२:२२)

सोही शीर्षकमा निम्न वर्गका चाहना, भावना, इच्छा र आकांक्षाको प्रस्त पार्न तलको पङ्क्ति मार्फत कविले प्रकट गरेको पाइन्छ ।

"भाका गीत र प्रीतका घनकिउन् बोकी नयाँ जाँगर

मौलाओस् र उठोस् सबै ढुकढुकी बोकी नयाँ सिर्जना

यो धर्ती पनि हुन्न बाँझिनु यहाँ पोखौं पसीना सबै

हामी सर्जक भै उठेपछि यहाँ भाग्छन् खराबी सबै ।"

(सुवेदी, २०५२:२२)

त्यस्तै सोही शीर्षकमा निम्न वर्गले सपना देख्छन् जाँगर, जोश र मेहनतले आफ्नो अवस्था सुधार्ने प्रण गरेका हुन्छन् । जुन भाव तलका पङ्क्तिले प्रस्ट पार्दछ ।

"रावा साप्सु हुँदैन सुक्नु नि यहाँ टेम्के त झुक्दैन रे

हाम्रो भाव विचार जाँगर यहाँ फस्टाउनै पर्छ रे

यो पाखा र पहाड खोंच दुनियाँ ब्युझेर उठ्नू छ रे

नौलो जाँगर जोश साथ सबले संसार फेरौं अरे ।

(सुवेदी, २०५२:२२)

कविता “परिवर्तित ऊ र हामी” शीर्षकमा कविले निम्न वर्गको आजका नेताले उनीहरूको उत्थान गर्नको लागि लिएको कदमको वर्णण गरेको छ । उक्त कुराको जानकारीको लागि तलका पङ्क्ति प्रस्तुत गरिएको छ ।

“उसले पनि हिजो हामीले जस्तै जिएको हो

अहिले हेर्दा पत्याउन गाह्रो छ

तर साँचो हो, हिजो ऊ पनि हामी झै खिएको थियो

तिमी हामी जस्तै थिचिएको थियो, किचिएको थियो ऊ पनि,

साँच्ची हो , इतिहास साक्षी छ

हामी इतिहासलाई लुकाउन चाहदैनौं ।

(सुवेदी, २०५२:२४)

त्यसै गरी सोही शीर्षकमा कविले असमानताको, शोषणको, विरोधमा लेख्ने, लड्ने गरको बताइएको छ । उक्त कुराको भाव तलको पङ्क्तिमार्फत व्यक्त गरिएको पाइन्छ ।

“उसैले हो-

असमानताको बिरोधमा

अकमण्यिताको बिरूद्धमा

चुस्ने, डस्ने, हडप्ने राक्षसी प्रवृतिको अन्त्यखातिर

लेख्ने, बोल्ने र लड्ने अगुवाइ गरको ।”

(सुवेदी, २०५२:२४)

त्यसै गरी सोही शीर्षकमा निम्न वर्गको उत्थानको लागि नेता वर्गहरूले गर्न खोजेका कार्यको प्रशंसा गरिएको छ । उक्त भाव तलको पङ्क्तिबाट प्रस्टिन जान्छ ।

"हिजो ऊ, आज ऊ थिएन

हिजो, उसले

असामञ्जयतामा सामञ्जस्यता खोज्यो

शोषण दमन र वर्गीय संरचना निर्मूल पार्न खाज्यो

आकाशमा लागेको कालो कुहिरो हटाउन

आँखा, हात, खुट्टा र मुख बाँधिएका, टालिएका

जंजीरहरू, पट्टिहरू तोड्न खोज्यो ।"

(सुवेदी, २०५२:२४)

त्यसै गरी यसै शीर्षकमा निम्न वर्गको हरेक गति, पाइला साथै खस्रो मसिनो खाने, वस्नेमा साथ दिएको पाइन्छ । तलको पङ्क्तिबाट उक्त कुरा स्पष्ट हुन्छ ।

"हो-भन्या सम्झी हेर त-

हिजो ऊ हाम्रो प्रिय नेताथ्यो

हामीसँगै ढिडो-रोटो खान्थ्यो

तिमीहाम्रै मुक्तिको गीत गाउथ्यो"

(सुवेदी, २०५२: २५)

त्यसै गरी सोही शीर्षकमा मुक्ति, स्वतन्त्रता प्राप्त गर्ने, नयाँ र सुन्दर पन ल्यायने अठोट गरेको पाइन्छ । सो भाव तलको पङ्क्तिबाट प्रस्ट हुन्छ ।

"उसैले हो-

हामीलाई दासता विरूद्ध लड्न सिकाएको

मुक्ति, स्वतन्त्रता र स्वाभिमान झण्डा बोकन लगाएको

नमिलेको थोत्रो संरचना ढालेर

नयाँ र सुन्दर ल्याउने बाटो बताएको ।

(सुवेदी, २०५२: २५)

यसै गरी अर्को पंक्तिहरू निम्न वर्गलाई देखाएको सपना नेताहरूले पुरा गर्न सकेका छैनन् । उनीहरू चिल्ला गाडीमा सफर गर्दछन्, ऐयासी जीवन बिताउन पट्टि लग्दछन् । सो भाव तलका हरफहरूबाट थाहा हुन्छ ।

"खै धोका त भन्ने होला नि ।

हामीले सोच्दै नसोचेको भयो

हामीले "सवै भवन्तु सुखिन" भन्दै खनेको बाटोमा

आज ऊ मात्र चिल्लो गाडीमा गुड्छ

सडकमा हामीलाई सुताएर

सडकसँगै हामी छातीमा

हाम्रै पसिनाबाट किनिएको पजेरो कुदाउँछ ।"

(सुवेदी, २०५२: २५)

यसै शीर्षकको अर्को पङ्क्तिमा नेतृत्व वर्गले निम्न वर्गको सपना पुरा गर्नुको साटो दुस्मन (शोषकसँग) सम्बन्ध वढाएको छ । उनीहरूले त्यस्तासँग मित्रता गाँसेको छ । सो भाव तलको पङक्तिमाबाट प्रष्ट हुन्छ ।

"खै के भन्ने !

हिजो जसले उसको टाउको काट्नेलाई इनाम तोकेथे

आज तिनै उसका आत्मीय साथी बनेर

एक अर्कामा मुटु साटी सकेका छन्

साह्रै राम्रो मितेरी, आन्द्रै गाँसिसकेछन् ।"

(सुवेदी, २०५२: २५)

शीर्षक "हाइकु" कवितामा गरिव जनतालाई सङ्केत गरिएको छ कि उनीहरू लोभी हुन्छन् र सानो सानो कुरा र वस्तुमा लोभिन पुग्दछन् । त्यसैले गर्दा उनीहरूको आजको दयनीय अवस्था भएको छ । उक्त कुरा तलको पङ्क्तिले प्रस्ट पार्दछ ।

"चोई एक गाँस जुठो भात देखाउँदा

राल काढ्दै जान्छौं र

मार लात खाएर फर्कन्छौं ।"

(सुवेदी, २०५२:२८)

कविले 'हालखबर' शीर्षकमा उनीहरूको लाचारीपनको व्याख्या गरेका छन् । निमुखाले सामन्तवर्गले जे जस्तो गरे पनि सहनु परेको कुरा तलका पङक्तिबाट प्रष्ट हुन्छ ।

"छुरी, चुप्पी, साङ्लो कपट बलको शासन यहाँ

लुकी बिच्छी सर्पै चिलन डसने तम्तयारमा

गलामा पासो भो नयन मुखमा पट्टि कसिलो

यही स्वर्गै मानी सहिदिनु अरे बन्धक किलो ।"

(सुवेदी, २०५३: ३२)

त्यस्तै सोही शीर्षकको अर्को पङक्तिमा निमुखा गरिवको पसिनाको फलबाट वन्चीत गरिएका छन्, श्रम शोषण गरिएको आभास पाइन्छ । हाम्रा राम्रा गहना चोरिन्छन् । त्यस्तै श्रम र पसिनाको फल खोसिएको छ । हामीहरू त्यही शोषकको प्रशंसा गर्दछौं । जसको पृष्टि तलका पङ्क्तिबाट बोध हुन्छ ।

"यहाँ हाम्रा राम्रा सत र गहना चार्छ उसले

यहाँ हाम्रा सारा श्रम र पसिना खोस्छ जसले

उसैको प्रशंसा गरिकन अरे बस्नु कसरी?

नदेखे उज्यालो मन त किन पो लोचन दुई । ”

(सुवेदी, २०५३ः ३२)

यसरी नै यही शीर्षकको कवितामा निमुखाको जीवनलाई कसरी नर्कको कुण्ड जस्तै भएको छ ? कविले आफैलाई प्रश्न गरेका छन् । यो डांका तन्त्रको प्रशंसा गर्नु पर्ने बाध्यता छ । देशमा विद्यमान नर्ककुण्डको प्रचार गरेको छ । त्यो नर्क कुण्डको प्रशंसा गर्नु परेको छ । आफ्नै मुटुमाथि वाण हान्न परेको छ । त्यसको वर्णन यसरी गरिएको छ :

“म यो डाकांतन्त्रै भन त अति नै वेश, छ भनौं ?

म यो नर्केकुण्डे कन पनि यहीं एश छ भनौं ?

लौ हान्ने आफ्नै मृदु हृदयमा वाण कसरी ?

म के खाने आफ्नै रगत भुटुवा स्वाद छ भनी ?”

(सुवेदी,२०५३ः ३२)

नेपाली जनता शोषण र अत्याचारको साङ्गलोमा बाँधिएका छन् । उनीहरू त्यो साङ्गलोबाट फुत्किन चाहन्छन् । उनीहरूलाई यो अत्याचार सह्य भएको छैन । उनीहरूलाई यो चाला ठीक लागेन । यसरी नै यही शीर्षको कवितामा निमुखालाई असह्य भएको वर्णन पाइन्छ :

“न तोड्दा यो साङ्लो मुनि मुनि भयौं दैत्यबलको

न डाक्दा उज्यालो डरमय सधैं भूत बुटको

मलाई यो चाला अब त अति नै लाग्छ अपच

तिमी के भन्छौ है भन त अझ राम्रै ? कि अपच ?”

यसरी नै यही शीर्षकको कवितामा निमुखाको आसलाई औल्याइएको छ :

“कसैले सक्तैनन् किरण रविका रोक्न बलले

झरेका ती छाँगा छडछड अरे छेक्द कसले

यहाँ बज्न लाग्दा विगुल-मुरली डाक्न बिजुली

न नाची बस्ने को भन त अब लौ यो शुभ घडी ?

(सुवेदी,२०५३: ३२)

अर्को कविता "हन प्रजातन्त्र यही हो ?" शीर्षकमा धूर्त नेताहरूको जालमा गरिवहरू फसेको भाव पाइन्छ। प्रजातन्त्रको भोट नोटमा विक्रि भएको छ। गरिब जनताका आँखामा खोट भएको छ। धूर्त नेताको लागि प्रजातन्त्र कमाउ धन्दा भएको छ। श्रमिकको लागि प्रजातन्त्र घाँटीको पासो भएको छ। शोषण गर्ने माध्यम भएको छ। जुन कुरा तलको पङक्तिबाट छर्लङ्गिन्छ :

"प्रजातन्त्र यहाँ-

नोटमा किनिने भोट भएको छ

गरिव जनताका आँखामा खोट भएको छ

हो हजुर,

धूर्त नेताको लागि चिप्लिने कार भएको छ

श्रमजीवीका लागि गरूङगो भार भएको छ"

(सुवेदी,२०५१: ३५)

यसै गरी सोही शीर्षकमा निमुखाको आशा प्रजातन्त्र माथिको निष्ठा र उनीहरूको अभिलाषाको विफलताको वर्णन तलको पङक्तिले यसरी वर्णन गरिएको पाइन्छ :

"यहाँ-

प्रजातन्त्र चुनाव मै दिन्छ-

शक्ति र रसिकको खेलमा आउने।

प्रजातन्त्र गीत भएको छ-

रेडियो र टि.भी. मा गाउने।
हो हजुर,

प्रजातन्त्र प्रीत भएको छ-

कुर्सी-प्रियालाई लाउने।

प्रजातन्त्र रित भएको छ-

चुपचाप मान्नु पर्ने, सहनु पर्ने।"

(सुवेदी,२०५१:३५)

त्यसै गरी सोही शीर्षकमा निमुखा र गरिवले देशमा प्रजातन्त्र आए पनि अत्याचार सहिरहनु परेको छ । उक्त कुरा तलका पङक्तिमा कविले व्यक्त गरेका छन्:

"प्रजातन्त्र भाषण भएको छ-

कानै टट्पाए पनि सुनिदिनु पर्ने

प्रजातन्त्र शाषण भएको छ-

जतिसुकै अत्याचार पनि उसैको नाममा

चुपचाप सही दिनु पर्ने ।"

(सुवेदी,२०५१: ३५)

यसै गरी सोही शीर्षकमा कविले भनेका छन् प्रजातन्त्र शोषकका लागि गरिबको शोषण गर्ने माध्यम भएको छः

"हो हजुर,

प्रजातन्त्र पासो भै कसिएको छ

गरिब जनताको घाँटीमा ।

माध्यम भएको छ -

शोषकका लागि शोषण गर्ने ।

(सुवेदी,२०५१:२६)

यसै गरी सोही शीर्षकको अर्का पङक्तिमा कविले गरिव जनतालाई प्रजातन्त्रले झापड प्राप्त गराएको छ भन्ने कुराको भाव वताएको छन्:

"प्रजातन्त्र यहाँ-

गोली बनेर सर्व-साधारण निर्दोष जनता मार्छ

महंगी बनेर जनतालाई झापड हान्छ

प्रशासन बनेर भ्रष्टलाई पदोन्नति-पदक मिल्छ

रामनाम जपेर सामन्त तानाशाहलाई पार लगाउँछ ।

(सुवेदी,२०५१:३६)

त्यस्तै गरी सोही शीर्षकको अर्को पङक्तिमा कविले श्रमिकले आफ्नो श्रमको मूल्य नपाएको र उनीहरू भोकै रहनु परेको व्यथा व्यक्त गरेको छन् । प्रशासनले भ्रष्ट व्यक्तिलाई सुरक्षा गरेको छ उनीहरूको पदोन्नति गरेको छ । प्रशासनले तानाशाहको रूप लिएको छ । प्रजातन्त्रमा यस्ता व्यवहार हुनु हुन्न । श्रमिकहरूले प्रजातन्त्रमा रमाउन पाउनु पर्दछ । उनीहरूको आथिक सामाजिक स्थिति राम्रो हुनु पर्दछ ।

"हन प्रजातन्त्र यही हो- साँच्ची ?

साँच्चीकै प्रजातन्त्रमा यो हुन सक्कै ,होइन ।

सच्चा प्रजातन्त्र त

श्रमिक रमाउन पाउनु पर्थ्यो

अल्छि पो भोकै रहनु पर्थ्यो

दिल खोलेर हाँस्न पाउनु पर्थ्यो

मान्छे भएर बाँच्न पाउनु पर्थ्यो ।"

(सुवेदी,२०५१:३६)

सोही शीर्षकको अर्को पङक्तिमा कविले निमुखा गरिबहरू लुटिएका र ठगिएका छन् । प्रजातन्त्रमा श्रमिकहरूले रमाउन पाउनु पर्दछ तर यहाँ ठिक विपरित भएको छ । श्रमिकहरू दिन पर दिन ठगिएका छन् । उनीहरू लुटिदा र भुटिदा छन् । उनीहरू अन्तमा बेचिदा छन् ।

"तर विडम्बना

प्रजातन्त्र नाममा हामीहरू,

ठगिदा छौं, छलिदा छौं, पछारिदा छौं

लुटिदा छौं, भुटिदा छौं र बेचिदा छौं ।"

(सुवेदी,२०५१:३६)

'सामना गर्नै पर्छ' कवितामा गरिब जनताको भावलाई यसरी उल्लेख गरिएको छ;

"धेरै भो कालो बादल मडारिएको

हुस्सु कुहिरो तुँवालोले ढकेको

बिहानी रे ! साँझ जस्तो कहीं बिहानी हुन्छ ?

दिन रे ! निष्पट्ट रात जस्तो काहीं दिन हुन्छ?

सुनौलो बिहानी र सुन्दर दिन नदेखेको धेरै भो ।

न कोइली कण्ठ खोलेर गाउन सक्छे

न मुजुर प्वाँख फिंजाएर नाँच्न सक्छ

रातम्ये भएर गुराँस नफुलेको धेरै भो

लछतह धान, गाहुँ न झुलेको धेरै भो

साँच्चै, वसन्त र शरद देख्न नपाएको धेरै भो ।"

(सुवेदी,२०५१:३७)

त्यसै गरी सोही शीर्षकको अर्को पङ्क्ति गरिबहरूको चिस्सिएको जीवन छ, न हाँस्न सकिन्छः

"हात खंग्रिएको छ, ओठ सुकेको छ

मुटु कापेको छ, पेट खाको छ

यो बेला-दिल खोलेर हाँस्न सकिन्छ र ?

चिस्सिएको छ जीवन-

जिए जस्तै जीवन नजिएको धेरै भो ।"

(सुवेदी,२०५१:३७)

त्यस्तै यसै शीर्षकमा देशमा ठुलो अर्को परिवर्तन नआएसम्म गरिबको कल्याण सम्भव छैन भन्ने भाव तलका पङक्तिले यसरी व्यक्त हुन्छ :

"यो बेला/यो अवस्थामा भन्नोस् त

एउटा आँधिबेहरी नआएसम्म

एउटा घनगोर वर्षा नवर्षिएसम्म

यो आकास खुल्छ त ?

अहँ खुल्दैन ।

लालीकिरण सँगै सुनौलो बिहानी हुन्छ त ?

हुँदैन ।"

(सुवेदी,२०५१:३७)

कविताको शीर्षक "उपदेश" मा गरिबलाई उपल्लो वर्गले शोषण गरिरहन्छन्, यो उनीहरूको परम्परा हो भन्ने थाहा हुन्छः

"बाँदरको काम बिगार्ने घुत्ने हो-बिर्गाछ, धुत्छ

सर्पको काम डस्ने हो-डस्छ

चिलले चल्लामाथि कहिल्यै दया गर्दैन

मांसाहारी हो बाघ-कहिल्यै घाँस खाँदैन ।"

(सुवेदी,२०५३:४२)

त्यस्तै सोही शीर्षकको अर्को पङ्क्तिमा निमुखाको सुख त्यसै आउँदैन सङ्घर्ष गर्नुपर्दछ भन्ने तलका पङक्तिको भाव रहेको छः

"बानी सुधार्न सकिन्न बाँदरको-चनाखो हुनु पर्छ

विषबिनाको सर्प निरर्थक छ-जोगिनु पर्छ

पुराण सुनाएर हुन्न भालुलाई-पासो थाप्नु पर्छ ।"

(सुवेदी,२०५३:४२)

त्यस्तै यसैको अर्को पङक्तिमा शोषणलाई सुधार्न सकिन्न र गरिबको हित पनि हुन सक्दैन भन्ने तर्क पाइन्छ । सामन्तिहरूलाई सज्जन बनाउन कठिन छ । जसरी अरिङ्गाललाई माहुरी बनाउन सकिन्न गधालाई धोएर गाई हुन सक्दैन ।

"अरिङ्गाललाई माहुरी बनाउन सकिन्न

गधा धोएर गाई बन्दैन ।"

(सुवेदी,२०५३: ४२)

यसै शीर्षकमा गरिबहरूलाई केवल सन्तोष दिन मात्र खोजिएको छ ; हामी सबै सुखी हुनु पर्दछ । तर यो भनाई गलत भएको छ । किनकी संसारमा सबै सुखी हुनु दुर्लभ मानिन्छ । त्यो एउटा नारा मात्र हो

"सर्वे भवन्तु सुखिन" यो असम्भव छ यस दुनियाँमा

"सन्तोष परम् सुखम्" यो थुम्थुम्याउने मान्त्र हो ।"

(सुवेदी,२०५३: ४२)

यसै शीर्षकमा अर्को पङ्क्तिमा निम्न वर्गकालाई आजको स्थितिमा पुऱ्याएको छ, ॥ त्यसको उपचार गर्नु पर्दछ भनिएको भाव रहेको छ । मानिसमा रोग लाग्दछ । निको हुने रोगको मात्र उपचार गर्नु उचित हुन्छ । समाजमा नराम्रा विचारहरूको अत्य हुनु पर्छ । पुरोनोको बिनासबाट मात्र नयाँ पनको निर्माण हुन्छ ।

"निको हुने रोगको मात्र उपचार गर्नु पर्छ

किरा लागेको दाँत उखेलेरै फाल्नु पर्छ ।

थोत्रो पुरानोको माया गरेर हुन्न-

हरेक नयाँ निर्माणमा पुरानाको बिनास हुन्छ नैं ।"

(सुवेदी,२०५३: ४२)

त्यसै गरी यही शीर्षकमा निम्न वर्गलाई आफ्नो लागि उत्थानको लागि शोषक, अत्याचारीहरूलाई पालन पोषण गर्नु हुँदैन । तिनीहरूबाट उनीहरूको दयनीय अवस्था भएको छ । उनीहरूले बारूला पालेर आफ्नो हित हुने ठानेका छन् तर उनीहरूले मौरी पाल्नु पर्छ र मौरीको घार बनाउनु पर्छ । सामन्तहरूलाई मास्नु पर्देछ ।

"महका लागि बारूला पालेर हुन्छ र !

मौरी पाल्नु पर्छ घार बाउनु पर्छ, फूल रोप्नु पर्छ

अरिङ्गागलहरू महकर्मी मौरीलाई सधैं मार्न खोज्छन् ।

खवरदारी गर्नु पर्छ ।"

(सुवेदी,२०५३: ४२)

उक्त शीर्षकको अर्का पडक्तिमा निम्न वर्गको अवस्थामा सुधार गर्नु पर्दछ । आजको यो अवस्थामा पुर्याउने वर्गको अन्त्य गर्नु पर्नेमा जोड दिईएको छ । दुनियाँ परिवर्तनशील छ । यसले सिर्जना जन्माउँछ । त्यो सिर्जना सत्य  हुन्छ । यो नयाँ सिर्जनाले नराम्रो र अमिल्दो संरचनाको अन्त्य हुन्छ ।

"यो दुनियाँ परिवर्तनशील छ

परिवर्तनैपिच्छे नयाँ सिर्जना हुन्छ

त्यसैले सिर्जना नै सत्य हो

र सत्य अनि सुन्दर सिर्जनाखातिर,

नराम्रो, अमिल्दो संरचनाको अन्त्य हुनै/गर्नै पर्छ।"

(सुवेदी,२०५३:४३)

त्यसै कविताको सोही शीर्षकको अन्त्यको पङक्तिमा निम्न वर्गले के गर्दा उनीहरूको उन्नति हुन्छ सन्देश दिन खोजिएको छ। कविले उनीहरूको जविनमा प्रगति गर्न आब्हान गरेको छन्। नेपाल कृषि प्रधान देश हो। यसको विकास नभई गरिबको उन्नति अशम्भव छ। त्यसैले उनीहरूले यस धर्तिमा पसिना बगाउनु पर्दछ।

"र उर्वर जमीनमा

गतिलो जगमा

बीउ रोप्नु पर्छ

पसिना पोख्नु पर्छ।"

(सुवेदी,२०५३: ४३)

कविताको शीर्षक "गाइनी/गायिका" को तलको पङक्तिले निम्न वर्गकी महिलाको उक्त भावलाई व्यक्त गरेको छ। एउटा गरिब र दुखी नारीको कथा र व्यथालाई चर्चा गरिएको छ। उनको अवश्था अति गए गुज्रेको छ। उनले साधारण आधारभूत कूराहरू पनि उपभोग गर्न पाएकी छैनन्।

"हातमा सारङ्गी लिएकी सारङ्गी जस्ती

मैलो झुत्रो लगाएकी मानौं रछ्यानकी कसिङ्गर

नुहाउनुसम्म नपाएकी

पढ्न लेख्न कहाँ पाओस् बरा-बिचार।

ऊ जन्मिदैकी टुहुरी, अनाथ

उमेर मस्त जवानीको हो

तर होची दुब्ली ख्याउटे र जीलिगान्टी छे ।

भाव विव्हल भएर मधुर स्वरमा गाउँछे-

दाउरा घाँसले छाडेन पढ्न लेख्न पाइँन

जिउ ढाक्ने कपडा छैन, दुई छाक खान पाइँन"

(सुवेदी,२०५३: ४४)

त्यसै गरी शीर्षक "प्रजातन्त्र/शान्तिक्षेत्र" टुकाटाकी ३ मा पनि निम्न वर्गलाई सचेत गराईएको छ । प्रजातन्त्रमा उनीहरूको दुरवस्था भएको छ । प्रजातन्त्रको नाउँमा मनपरी चलेको छ । ठूला बढाले ठूलै स्थान पाउनु पर्छ । साँढेले ढलीमली गरी बसेको हुन्छ । नेताहरूको स्वभाव आफै खाउँ भन्ने रहेको छ ।

"साढेंले ढलीमली गर्न पाउनु पर्छ

स्यालले पाठो खान पाउनु पर्छ

गिद्धले चल्ला उडाउन पाउनु पर्छ

किनकि यहाँ प्रजातन्त्र छ

अनि, प्रजातन्त्रम स्वतन्त्रता हुन्छ ।

तर, खवरदार !"

(सुवेदी,२०५३: ४५)

यसै गरी सोही शीर्षकमा निम्न वर्गका शान्ति क्षेत्रको नाममा आफ्नो शोषण भएको छ , जुन भाव तलको पङक्तिबाट प्रकट भएको छ । देश शान्ति क्षेत्र घोषण भएको छ । देश राजाहरूको समयमा शान्ति क्षेत्र घोषण भएको हो । त्यो घोषणको विरोधीलाई तह लगाउँथें । विरोध गर्ने कसैका लगाउँदथें । यसको विरोध गर्ने कसैको साहस हुँदैन थियो ।

"साढेंको डुक्र्याइको बिरोधमा

कसैको कुटिलता र खुनी पञ्जाको बिरोधमा

"चुँ" सम्म बोलेर हल्ला गर्न पाइन्न

किनकी यो देश-शान्ति क्षेत्र हो ।"

(सुवेदी,२०५३: ४५)

अर्को शीर्षक “सत्ता” टुका टाकी ३ मा आफ्नो अवस्थाको व्यथा गाउनेलाई संसारबाट हटाइन्छ भन्ने भाव रहेको छ । समाजको यथार्थ कुरा ब्यक्त गर्नेलाई सामन्तिहरूले सजाय दिन्छन् । उनीहरूले तिनीहरूलाई मार्न समेत पछि हट्दैनन् । उनीहरूको गुन गाउन लगाउँछन् । त्यसो नगरे गोलीले उडाउने धम्कि गर्छन् ।

“’कुक्कू’ गीत गाउँदै गर्दा कोइलीलाई

गोलीले उडाएर कुनै कुर आततायी शिकारी

“मेरो वीरताको तारिफ गर नत्र तँलाई पनि

यही गोलीले उडाई दिन्छु” भन्छ ।”

(सुवेदी,२०५३: ४५)

कविताको शीर्षक ’तल्लो तहको कर्मचारीको बिलौना’ मा पनि तल्लो वर्गको अवस्थालाई चित्रण गरेको छ । तलका पङक्तिलाई सार गरिएको छ । जनताले राष्ट्र सेवक बन्न कठिन परिश्रम गरे । उनीहरू प्रतिष्पर्धामा सामेल भए । उनीहरू उत्तिर्ण भएकोले बाबु आमा सबै प्रफुल्लित भए । उनीहरू स्वाभिमानी राष्ट्र सेवक भई बाँच्न चाहन्छन् ।

“अति कठिन कर्मैले प्रतिस्पर्धा जिते दिन

राष्ट सेवकको बिल्ला पाइयो खुश भो मन ।

बाबु-आमा र आफन्त सबै प्रफुल्लित भए

केही गर्छ फलाना ऊ सबै औंल्याउने भए ।

म तिर्छु रिन जो भा’को घर खेती सब जोड्दछु

निरासा दुःखको यात्रा अब सार्थक मोड्दछु ।

म यहाँ स्वभिमानी र राष्ट्रसेवक बाँच्दछु

मान्छे भै जति गर्ने हो त्यो पूरा कर्म गर्दछु ।”

(सुवेदी,२०५३: ४६)

सोही कविताको शीर्षकको अर्को पङ्क्तिमा तल्लो वर्गको कर्मचारीको आशामा निराशा पाइन्छ : उदारणको लागि तलका पङ्क्तिमा प्रस्तुत गरिएको छ । कर्मचारी राम्रा राम्रा सपना देखेको हुन्छन् ।

उनीहरूले आफ्नो उन्नति होला र उनीहरूको प्रतिष्ठा बढुला भन्ने आशा गरेको थिए । कर्मचारी ठिक उल्टो अवश्थामा पुग्दछन् । उनीहरूको भोग र रोग घटेन ।

"हो यस्तै कल्पना मीठो विश्वास प्रण जो थियो

फलप्राप्ति भने सारा उल्टो भै सब उल्टियो ।

भोक रोग थिए जे-जो घट्नु सट्टा झनै बढे

इज्जत लाज ढाक्नै पो गाह्रो भो अब गर्नु के ?"

(सुवेदी,२०५३: ४६)

त्यसै गरी सोही शीर्षकको निम्न वर्गको कर्मचारीहरूको दुरावस्थाको चित्रण गरिएको छ :

"राष्ट्रसेवक रे हामी आँसु पिएर बाँच्दछौ?

लिस्नो बाँदरको झैँ भै अर्काको बुट खेप्दछौ ।

जो अल्छे मुर्ख साथी थे उसैले राज्य हाँक्दछ

राष्ट्रसेवक रे हामी सधैं विवश बाँच्नु छ ।

न मान्छे बनियौँ हामी न बन्यौ राष्ट्रसेवक

जिम्दो लासहरूको छ यो संयन्त्र प्रशासक ।

मान ठानेर यो बिल्ला भिर्दा पासो सरी भयो

जो यो नहुनु पर्नेथ्यो दुर्भाग्य । त्यही नै भयो ।"

(सुवेदी,२०५३:४६)

'साथीलाई चिठी' कविताको शीर्षकमा निम्न वर्ग जस्तो आर्थिक अवस्था कमजोर छ, तिनीहरूको मुख्य पेसा विदेश, त्यो पनि अति गर्मी मरूभूमि अरब जानु पर्ने वाध्यताको वारेमा वर्णन गरिएको छ ;

"गाउँको खवर खै के भनौ ठीक या बेठीक ?

तिमी त सपरिवार उतै छौ, ठीकै छ

पल्ला गाउँको रामे अरब गाथ्यो था होला

उसकी स्वास्नी झिटी झ्याम्टा टिपेर पोइल गई

छोराछोरीको बेहाल, बिचल्ली

बिचरो रामे उतै बौलाइ सक्यो रे ।

माथ्ला गाउँको हर्के कोइलाखाँदमै मरेछ

तल्ला गाउँको बिर्खे

घरबारी सिद्धयाइसक्यो

दलालले सबै खाइदिएछ काठमाडौंमा ।

बाढी, असिना, हैजा, महामारी

जतातते अनिकाल, भोकमरी

यसपाली पनि थुप्रै मरे ।"

(सुवेदी,२०५३: ४९)

सोही शीर्षकको अर्को पङक्तिमा निम्न वर्गका मानिसहरू सुख खोजी सहर पसेका हुन्छन् । त्यहाँ पनि तिनीहरूको झन दुर्गति हुन्छ ।

"के बताऊँ खै

सहर पस्ने त्यतिकै छन्

कुलतमा फस्ने उस्तै छन् ।

यहाँ प्रजातन्त्र मनपरी तन्त्र भयो

शोषण, दमन, अत्याचार र भ्रष्टाचारको राज भो

मात्र सत्ता तानाताना र कुर्सी समातासमाताको तमासा

जनतालाई यो डर लाग्दो रमिता भो ।"

(सुवेदी, २०५६: ५०)

सोही शीर्षकको अर्को पङक्तिमा निम्न वर्गको चिन्तालाई यसरी व्यक्त गरिएको छ :

"विकृति विसङ्गति

दिन दोगुना रात चौगुना

माथिका झन्झन् माथि भऱ्याङ चढ्ने

तलका झन्झन् तल मृत सागरको-

पिंधतिर भासिने

बिडम्वना !

यही असमान खाल्डोको परिभाषा-

प्रजातान्त्रिक समाजवाद र बहुदलीय जनवाद भो ।

हो, ढाँट्या होइन साथी

नेपाल आमाको मासुमा मोलमोलाई भो ।"

(सुवेदी, २०५६: ५०)

## ३.२.८.लैङगिक विभेदको स्वर

'गाइने/गायिका' भन्ने शीर्षकमा पितृ सत्तात्मक पुरुष प्रधान समाजमा नेपाली चेलीको दुरावस्थाको जीवन चित्रण गरिएको छ । नेपाली समाजमा लैङ्गिक विभेदको अन्त्य गरेर समतामूलक समाजको निर्माण गर्नु पर्दछ अन्यथा राष्ट्रको उन्नति सम्भव छैन भन्ने सन्देश गरिएको छ । सो कुरा निम्न पङक्तिबाट प्रस्ट हुन जान्छ :

"हातमा सारङ्गी लिएकी सारङ्गी जस्ती

मैलो झुत्रो लगाएकी मानौं रछ्यानकी कसिङ्गर

नुहाउन सम्म नपाएकी

पढ्न लेख्न कहाँ पाओस् बरा-बिचरा ।

ऊ जन्मिदैकी टुहुरी, अनाथ

उमेर मस्त जवानीको हो

तर होची दुव्ली ख्याउटे र जिलिगान्टी छे।

भाव विव्हल भएर मधुर स्वरमा गाउँछे-

“दाउरा घाँसले छाडेन पढन लेख्न पाइँन

जिउ ढाक्ने कपडा छैन, दुई छाक खान पाइँन”

भन्छन्, भन्ने गर्छन्-

ऊ वेश्या हो, रन्डी हो, गाइनी हो-गाइनी।”

(सुवेदी: ४४)

'साथीलाई चिठी' भन्ने शीर्षकको कवितामा आफ्ना अर्धाङ्गिनी र प्रियजन परिवारलाई छोडेर विदेश जानु पर्ने बाध्यात्मक अवस्थाको वारे र त्यसको परिणति वारे तलको पङ्क्तिवाट ज्ञात हुन जान्छ।

“गाउँको खवर खै के भनौ ठीक या बेठीक ?

तिमी त सपरिवार उतै छौ, ठीकै छ

पल्ला गाउँको रामे अरब गाथ्यो था होला

उसकी स्वास्नी भिटी भ्याम्टा टिपेर पोइल गई

छोराछोरीको बेहाल, बिचल्ली

बिचरो रामे उतै बौलाइ सक्यो रे।

(सुवेदी: ४९)

## ३.२.९. व्यङ्ग्यात्मकता

धनप्रसाद सुवेदीका गजलमा सामाजीक विकृति-विसङगति प्रति तीब्र व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । 'गजल' भन्ने शीर्षकको गजलमा आजका नेताहरू प्रति क्रुर व्यङग्य गरिएको छ ।

आज भोलि नेताहरूले जनतालाई फुटवलको वल, भकुण्डोको रूपमा प्रयोग गरेको कुरा तलका पङक्तिबाट थाहा पाउन सकिन्छ ।

"गजब मनोरञ्जन दिईरहेछौ

जसरी नाच्नु छ नाच छुट छ

मनोरञ्जन कर सानो पजेरो तिर्दैछौ

बाँकी सारा ब्रह्मलुट छ ।"

"झिंजाले मुडो सल्काउँछ" यो सुनेका छन् जनताले

तर दुर्भाग्य ! जनताबीचमा ठूलो फुट छ ।

नपाउन्जेल् असहमती, असमर्थन, बिरोध, आन्दोलन

पाए-भेटेपछि उहाँहरूमा साह्रै एकजूट छ ।"

"मौका आउँछ पर्खिदैन, बगेको खोला फर्किदैन"

सकुनिचाल जान्या छ, के भो र जनतालाई-

सके फुटवल नसके सटफुट छ ।

अचाक्ली भयो भने पृथ्वीमा भूकम्प जान सक्छ

नेता महोदय ।

भूकम्प छेक्ने कुनै नोट, भोट, सुट वा बुट छ ?"

(सुवेदी, २०५३,११)

'गजल' भन्ने शीर्षकको गजलमा नेताहरू माथि व्यङ्ग्यात्मकता देखाइएको कुरा तलका पङक्तिबाट थाहा हुन्छ ।

"हृदयलाई ढाँट्ने पनि कवि हुँदोरै'छ !?

उज्यालोलाई छेक्ने पनि रवि हुँदोरै'छ !?"

"सत्तरूपि रङ्गमञ्चका नाटकहरू कस्ता?

मुर्कुटो भै हिड्नु पनि छवि हुँदोरै'छ !?"

"कुन सुल्टो? कुन उल्टो? छुट्याउन गाह्रो

पानी पनि हवनीय हवि हुँदोरै'छ !?"

## ३.३. उपन्यासकार धनप्रसाद सुवेदीका मुलभूत प्रवृत्तिहरू :

हालसम्म प्रकाशित धनप्रसाद सुवेदीलाई उपन्यासकारका रूपमा चिनाउने एकमात्र उपान्यास 'सानो स्वार्थ भयङकर अपराध हो' । यो उपन्यास वि.सं. २०५२ सालमा प्रथम पटक प्रकाशित भएको हो । यहाँ 'सानो स्वार्थ भयङकर अपराध' को आधारमा उपन्यासकार धनप्रसाद सुवेदीका मूलभूत प्रवृत्तिहरूको अध्ययन गरिएको छ :

### ३.३.१. मानवतावादी स्वर

'सानो स्वर्थ भयङकर अपराध' उपन्यासले हेर्दा उपन्यासकार धनप्रसाद सुवेदीका विभिन्न प्रवृत्तिहरू मध्ये प्रमुख प्रवृत्तिका रूपमा मानवतावादलाई लिनसकिन्छ ।

मनिसका प्रकृति,प्रतिष्ठा,आदर्श आदिमा विश्वास गर्न मा सिद्वान्दत, मानिसले मानिस प्रति गर्ने व्यवहारको सिद्वान्त' नै हो -चापागाई,२०६०: ९४६)। अर्थात एक मानवलामानव सरह व्यवहार

गर्नुपर्छ भन्ने सिद्वान्त नै मानवतावाद हो । यही सिद्वान्तलाई आधार मानेर 'सानो स्वार्थ भयङ्कर अपराध उपन्यासमा मानवतावदी प्रवृति प्रसस्त पाउन सकिन्छ ।

प्रस्तुत 'सानो स्वार्थ भयङ्कर अपराध' उपान्यासको मुख्य पात्र हर्के आर्थिक दुरवस्थाका कारणले रोजगारका लागि छिमेकी मूलुक भारतमा जान्छ । हर्के र अन्य गाउँलेहरू धन कमाउला भन्दै साहुको ऋण
काढेर विदेशतिर लाग्दछन् । त्यहाँ पनि तिनीहरूले अनेक कष्ट भोग्दछन् । उनीहरूले भारतमा निकै दु:ख कष्ट भोग्दछन् । त्यहाँ नेपालीहरूलाई 'बहादुर' भनी हेपिन्छ र शोषण गरिन्छ । उनले त्यहाँ कडा परिश्रम गर्नुपर्न हुन्छ । एकातिर उनीहरूले कडा परिश्रम गर्छन भने अर्कातिर उनीहरूको स्वास्थ्य पनि

खराव हुन्छ । फलस्वरूप हर्के पनि विरामी पर्छ । जनतेन जीवन धान्छ र कमाएको पैसा रूपैयाँ विरामी परेर सकिन्छ । त्यसैले उनीहरू समयमा घर फर्किन पाउँदैनन् । उता नेपालमा साहुले उनीहरूको घर जग्गा,खेतबारी साहुले कब्जा जमाउँ छन् । उनीहरूको परिवारको विचल्ली हुन्छ । उनीहरू माथि साहुले अनेक यातना, दु:ख र अन्तमा यौन शोषण समेत गर्न पछि पर्दैन । उनीहरू माथि अन्याय अत्याचार र यौन शोषण गरेर गर्भ बोकाई दिन्छन । ती महिलाको चरित्र माथि खेलवाड गरिन्छ । उनीहरूको समाजमा प्रतिष्ठा गिराइन्छ । एउठाले (साहुले) यौन शोषण गरेर गर्भ बोकाइन्छ । त्यो गर्भ पनि अर्काको भनि समाजमा उनीहरूको खिल्ली उडाइन्छ ।

## ३.३.२. यथार्थवादी जीवन दृष्टि

' जीवन र जगत्को वस्तु पक्ष जस्तो छ त्यस्तै प्रस्तुत गर्ने एक साहित्यक मान्याता, जीवन र जगत् विचमा सम्बन्धले मान्छेका जीवनमा देखा पर्ने र वास्तविकतालाई जस्ताको तस्तै रूपका प्रस्तुत गर्ने साहित्यक मत यथार्थवाद हों -त्रिपाठी र अन्य:२०५५:१०४२) ।

प्रस्तुत यथार्थवादी जीवन भन्नाले वास्तविक जीवनमा जे जस्ता घटना घट्दछ तिनै घटनालाई साहित्यमा उतारेर लेख्नु हो । यथार्थवाद अनुसार लेखिएको कृतिमा यथार्थवादी जीवन दृष्टि पाइन्छ ।

उपन्यासकार धनप्रसाद सुवेदीको उपन्यास “सानो स्वार्थ भयङकर अपराध” पनि यथार्थवादी छ । त्यसैले यो “सानो स्वार्थ भयङकर अपराध” उपन्यासमा यथार्थवादी जीवन दृष्टि पाइन्छ । यथार्थ जीवनमा जे जस्ता घटना घट्न सकने सम्भावना छन् तिनैलाई उपान्यासमा लेखिएकाले यो उपन्यास यथार्थवादी जीवन दृष्टि भएको उपन्यास हुन्छ । धनप्रसद सुवेदीका “सानो स्वार्थ भयङकर अपराध” उपन्यास पनि धेरै उहिले देखि घटेका घटना, हाल घटिरहेको र घट्ने विषय वस्तुलाई आधार मानेर लेखिएको देखिन्छ । यसका सबै पात्रहरू, घटनाहरू, परिवेश, संवाद आदि सबै मै यथार्थमा आधारित छन् । जस्तैः पहिले देखि भविष्य सम्म नै मूल समस्याको रूपमा रहेको रोजगारीलाई आधार बनाएर यो उपन्यास लेखिएको छ, । भारत जानु नेपाली रोजगरीको लगि पूर्ने बाध्यतामा आधारित छ । हर्केर अन्य पात्रअरूले प्रत्यक्ष रूपमा भोगेका समस्या हाल नेपालको समस्यामा केन्दित छ । यस उपन्यास भित्र सुरूमा आर्थिक समस्याले हर्के विदेशिएका र विदेश पुगेपछि तलब नपाउनु, नेपाली भनेर हेप्नु, तल्लो स्तरको काम दिनु, त्यहाँ पनि विभिन्न समस्या भोग्नु अन्ततः केही नलागी नेपालमा आउँदा आफ्नो घरको विल्लिबाँढ हुनु, अन्तता आफ्नै श्रीमतीलाई अर्कैले आफ्नो वशमा पार्नु आदि सबै यथार्थ घटनामा आधारित घटना छन् ।

## ३.३.३. रष्ट्रियता

'राष्ट्रप्रति देखाउने प्रेम भाव तथा गरिने माया, ममता, कर्म, सेवाका भावको अभिव्यक्ति नै राष्ट्रियता हो' (शर्मा, २०६१:२०) । आफ्नो राष्ट्रलाई माया गरी लेखिएका कृतिहरूको राष्ट्रियता झाल्कन्छ । राष्ट्रप्रति गरिने माया प्रेम सद्भाव आदि झल्काइएको कृतिमा लेखको प्रवृतिका रूपमा राष्ट्रियता पर्दछ ।

उपन्यासकार धनप्रसाद सुवेदीले पनि आफ्नो उपन्यास "सानो स्वार्थ भयङकर अपराध" उपन्यासमा प्रतीकात्मक रूपमा राष्ट्रियता प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासमा रोजगारीका सिलसिलामा विदेश गएका पात्रहरू प्रस्तुत गरिएको छ । ती पात्रहरूले साह्रै दु:ख पाएको अवस्था देखाइएको छ । त्यसैले हामी नेपाली विदेश जाँदा दु:ख हुन्छ स्वदेशमा नै रोजगारीको अवसर प्राप्त गरी अफ्नो देशको विकास गर्नु पर्छ भन्ने प्रतीकात्मक सन्देश आएको देखिन्छ । सबै पक्षहरूको आसय त्यही नै रही अएको पाइन्छ ।

## ३.४. निष्कर्ष :

साहित्यकार धनप्रसाद सुवेदीले विद्यार्थी काल देखि नै लेखन कार्य सुरू गरी हालसम्म पनि लेखिरहेका छन् । केही रचना पत्रिकामा प्रकाशित भए पनि अप्राप्त छन् भने उनलाई गीतकार र उपन्यासकारका रूपमा चिनाउने कृति एउटा 'वेनाम' नेपाली गीत गजल तथा कविता संग्रह र "सानो स्वार्थ भयङ्कार अपराध" उपन्यास महत्वपूर्ण र अमूल्य कृतिहरू हुन । हाल उनका अन्य कृतिहरू पनि प्रकाशोन्मुख अवस्थामा छन् । हाल प्रकाशित कृतिका आधारमा उनका समग्र रूपमा रचनाको अध्ययनमा राष्टियता, यथार्थवादी जीवन दृष्टि, मानवतावादी स्वर, सन्देशात्मक, व्यङ्यात्मकता आदि जस्ता मूलभूत प्रवृत्तिहरू भटिन्छन् ।

# चौथो परिच्छेद

# साहित्यकार धनप्रसाद सुवेदीको कृतिको अध्ययन

## ४.१. परिचय

साहित्यकार धनप्रसाद सुवेदी वि.सं. २०५२ साल देखि नै नेपाली साहित्य क्षेत्रमा प्रवेश गरी अनवरत रूपमा लागेका व्यक्ति हुन् । उनले फुटकर कविता, गीत, उपन्यास, आन्चलिक उपन्यास, जस्ता अन्य विविध विद्यामा कलम चलाएको तथ्यको चर्चा अघिल्लो परिच्छेदमा गरिसकिएको छ । धनप्रसाद सुवेदीलाई गीतकार, कवि र उपन्यासकारका रूपमा चिनाउने 'वेनाम' गीत, गजल तथा कविता सङ्ग्रह (वि.सं. २०५८), र 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यास (वि.सं. २०५२),"नेपाली उपन्यासमा आन्चलिकता" समालोचनाका रूपमा चिनाउने -वि.सं. २०५६), "खोटाङ जिल्ला विगत र वर्तमान" भौगोलिक सामाजिकको सँगालोको रूपमा (वि.सं. २०६६) "सरल भाषा विज्ञान" (वि.सं. २०६६), "भाषा विज्ञानका सम्प्रदाय र सिद्धान्त" (वि.सं. २०७०) पुस्तक सामाग्री सहलेख आदि कृतिहरू हुन् ।

उनका माथिका कृतिहरू मध्ये दुई कृतिहरू 'वेनाम' गीत, गजल तथा कविता सङ्ग्रह र 'सानो स्वार्थ भयङकर अपराध' दुई कृतिहरूको यहाँ गीत, गजल, कविता तत्व र औपन्याचासिक तहका आधारमा अध्ययन गरिएको छ ।

## ४.२. गीत, गजल, तथा कविताको सैद्धान्तिक परिचय

गीत अत्यन्त प्राचीन र अत्यन्त लोकप्रिय विधा हो । साहित्यमा अन्य कतिपय विधाहरूको महत्व समयका क्रममा कहिले बढ्ने घट्ने र कहिले घट्ने गरेता पनि गीतको महत्व चाँहि प्रारम्भा देखि अहिलेसम्म पनि खुम्चिएको छैन बरू झन् झन् झ्याङ्गिदै, फैलिँदै र लोकप्रिय हुँदै गइरहेको देखिन्छ । विकसित भएर एकातिर यसले महत्वपूर्ण भूमिका वहन गरेको पाईन्छ,(बराल,२०६०:५) ।

संस्कृत साहित्यमा गीतको उद्गमका कुरा गर्दा विद्वानहरू ऋग्वेदबाट सुरू भएको र सामवेदमा पुग्दा यसको निकै विकास भई सकेको कुरा बताउछन् । संस्कृत भाषामा मुक्त गीतको लेखन पनि भएको देखिन्छ भने प्रवन्धात्मक काव्यका रूपमा गीतिकाव्यको रचना पनि गरिएको पाइन्छ,( बराल,२०६०:७) ।

पश्चिमा दुःखान्त तथा सुखान्त नाटकको उत्पति गीत तथा नृत्यकै गर्भबाट भएको हो । दुःखान्त नाटकको उत्पति ग्रिसमा डायोनिसस देवीको सम्मानका लागि एड्स्टस नामक ग्राम देवता त्यस्तै अन्य देव देवीका मन्दिरमा धार्मिक उत्सवमा गरिने गीत र नृत्यबाट भएको र सुखान्त नाटकको उत्पति चाँहि रियाण्डो भन्ने ठाउँमा एमत्रित भएर सैनिकहरूको प्रसहनमत्मक रूपमा गीत गाउँदै गरेको नृत्यबाट भएको स्विकारिन्छ,(
बराल,२०६०:५) ।

अंग्रेजीमा गीतलाई बुझाउन लिरिंक अनि लिरिक्स शब्दको प्रयोग गरिन्छ । लिरिक्स शब्द ग्रीसेली लरिकोसबाट विकसित भएको हो । प्राचीन ग्रीसेली वाद्ययन्त्र लायर वीणासँग गाइने भएको हुनाले गीतलाई लिरिक्स भनिएको हो । लरिकोसबाटै विकसित भएपनि लिरिक लिरिक्समा सानो भिन्नता पनि देखिन्छ । लिरिक्स शब्दले गाउन तयार पारिएको रचनालाई बुझाउने गर्दछ भने लिरिक्सले चाँहि गाइसकेएको रचनालाई बुझाउँछ । प्रारम्भमा लायर सँग गाइएको रचनालाई मात्र लिरिक्स भनिएता पनि हिजो आज चने जुनसुकै वाद्य यन्त्रसँग गाइएको वा गाउनका लागि भनेर लेखिएको रचनाका लागि पनि यो शब्द पैयोग हुन थालेको छ । ( वराल, २०६०:१३ ) ।

## ४.३ गीतको परिभाषा

प्राचीन समय देखि अहिलेसम्म उस्तै गीतका साथसाथै चल्दै आएको गीत साहित्यमासर्वाधिक प्रिय विधा हो । यसको महत्वलाई प्राचीन आचार्यहरूले पनि स्वीकार गरेको देखिन्छ भने गीतकाहरूले मात्र होइन प्राचीन आचार्यले पनि गीतको रचना गरेको पाइनाले यसको महत्वलाई प्रमाणित गर्दछ तर पनि पन्ध्रौ तथा सोह्रौ शताब्दी देखि मात्र युरोपमा गीतका बारेमा नयाँ दृष्टिकोणको थालनी प्रारम्भ भयो । सोह्रौ शताब्दीका इटालीका ह्युगो रेम्यानले गीतको परिभाषा दिने पहिलो प्रयास गरेको पाइन्छ ( वराल, २०६७:५५ ) । "सङ्गीतसँग स्वरको सामाञ्जस्य भएको वा गरिने शब्दहरूको लयवद्ध अभिव्यक्तिलाई गीत भनिन्छ" (इन्साइक्लोपेडिया अमेरिका, भोलम २५)

"गाउनका लागि रचना गरिएको छन्दमा रचित कविता विशेषलाई गीत भनिन्छ"(जोसेफ सी सिप्ले)

"गीत गायन योग्य रचना हो । यसमा तीब् साङ्गीतिकता पाइन्छ र यसलाई सुन्दर लयमा ढालेर गाउन सकिन्छ । गीतमा अभिव्यक्तिका अनुभूति र विचारहरू हुन्छन् र यो सङ्क्षिप्त र आख्यान रहित कविताकारूपमा प्रस्तुत भएको हुन्छ भनेर अब्राहम्सले भनेका छन् "।

गीत लयात्मक र गाउन योग्य रचना हो । यसमा सङ्गीतको तीब्र आल्हाद र श्रोताको र पाठको हृदयलाई तान्न सक्ने क्षमता हुन्छ । गीतमा वैयक्तिकताको छाप हुन्छ त। या व्यक्तिवैचित्र्यमा मात्र सीमित नरही व्यापक मानवीय भावना र अनुभूतिसँग तादात्मय स्थापित गर्न सक्छ भनेर हट्सनले भनेका छन् । गीत यस्ता रचना । जहाँ सूक्ष्म अनुभूति अभिव्यक्त हुन्छ अर्थात् त्यस्तो व्यक्तिगत अनुभूतिका प्रतिक्रियाकृ त्यो रूप हो जुन एकान्त आनन्दमा जागृत हुन्छ भनेर खरेलले भनेका छन् ।

जीवन र जीवनसँग सम्बन्धित घतलाग्दो क्षणको आख्यान रहित तर भावपूर्ण अनि पद्यात्मक प्रस्तुति नै गीत हो भनेर कृष्णहरि वरालले भनेका छन् ।

गीत भावुक हृदयले गर्ने आख्यान रहित छोटो रचना हो जसको माध्यमबाट मानिसको हृदयमा कोमल अनुभूतिहरू भवनामा सङ्लिएर झरनाको कञ्चन पानी झैं सुसाउदै अरूको हृदयमा पुग्छन् । झरनाको श्रोत

पोखरी भए झै गीतको श्रोत रचनाकारहरूको हृदय हुन्छ । (वराल, २०६०:१८)।

निष्कर्षमा गीत गायन योग्य रचना हो भन्न सकिन्छ जसमा तीव्र साङ्गीतिकता र लयात्मकता हुन्छ । गीत आख्यान रहित रचना हो । जसमा असङ्ख्य मानिसको भावना र अनुभूतिसँग सम्बन्धित हुन्छ । गीतमा भाव र छन्दको संयोग हुन्छ त्यस्तैगरी कथ्य र शैलीको संश्लिष्ठ रूप नै गीत हो भनेर भन्न सकिन्छ ।

'गीत' तत्सम शब्द हो । यो शब्द 'गै' धातुमा 'क्त' प्रत्यक्ष लागेर बनेको छ र यसले गाइएको कुनै रचना विशेषलाई सङ्केत गर्दछ भने अंग्रेजीमा गीतलाई बुझाउन सङ् (song) तथा लिरिक (Lyric) अनि लिरिक्स (Lyrics) शब्दहरू प्रयोग गरिन्छन् सङ् शब्दले सामान्यतया गाइएको रचना विशेषलाई बुझाउने गर्दछ तापनि गाउने उद्देश्यले लेखिएका रचनालाई पनि यस अर्थमा लिइएको पाइन्छ, यस अर्थमा गीत वाधा यन्त्र सहित वा वाध्यन्त्रबाहेक र एक्लै वा समूह रूपमा पनि गाउने रचना विशेष हो । (वराल : २०६० :१३) ।

एउटै वक्ताको भावना तथा विचार अभिव्यक्त गर्ने सीमित प्रकारको लम्बाई भएको कवितालाई गीत भनिन्छ । (व्याम्सोन एण्ड अथुर : १९९९ : ४०) ।

गीत पद्यको त्यस छोटो र आख्यान रहित गेय संरचनालाई भनिन्छ, जसमा कुनै भाव वा विचारका प्रक्रियाको अथवा मानसिक अवस्थाको तिव्र अभिव्यक्ति हुन्छ । (शर्मा : २०५५ : २०) ।

यिनै विभिन्न विद्वान्का भनाईका आधारमा गीतलाई यसरी चिनाउन सकिन्छ :

एउटै वक्ताको भाव तथा मनस्थिति सरलताका साथ अभिव्यक्त भएको अनुभूति प्रधान त्यस्तो अख्यानात्मक तथा अनाटकीय आत्मपरक रचनालाई गीत भनिन्छ, जुन संक्षिप्त हुनका साथै खास प्रकारको लय तथा सङ्गीत व्यवस्थामा आबद्ध हुन्छ (वराल, २०६० : १८)

## ४.४ नेपाली गीतको इतिहासको सङ्क्षिप्त परम्परा

नेपाली भाषामा लेख्य गीतको रचना थालनीपूर्व लोकगीत समाजमा निकै प्रचलित थियो र यद्यपी छदैछ । परापूवकालमा लोकगीत मनोरञ्जनको प्रमुख साधन थियो । लोकगीत गाउन उमेरको कुनै पाबन्दी थिएन बालबच्चाहरू खेल्दा हर हर महादेव पानी देऊ भन्दै गीत गाउथे । त्यस्तै बूढापाकाहरू परलोक सुधार्ने चाहनाले हरे राम हरे राम जस्ता भजन गीतहरू गाउँथे । यस प्रकार लोकगीत हर्ष विस्मात आक्रोश सबै पोख्ने एउटा माध्यम थियो -वराल, २०६०:६३) ।

लोकगीतबाट अनुप्राणित गीति परम्परालाई लेख्य निम्न चरणहरूमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

४.४.१(क) प्रथम चरण (प्रारम्भ देखि १९४०) पृष्ठभूमिकाल

४.४.२(ख)　　दोस्रो चरण (१९४१ देखि २०१७) अनुभूति प्रधान गीतको प्रारम्भ र विकास
४.४.३(ग)　　तेस्रो चरण (२००७ देखि हालसम्म) विस्तारकाल

## ४.४.१ नेपाली गीतको पहिलो चरण ( पृष्ठभूमिकाल ):

सुवानन्द दासको 'पृथ्वीनारायण' शीर्षकको कविता नेपाली कविताको इतिहासमा पहिलो कविता मानिाछ । यस कवितामा केही मात्रामा लोक विशेषताको प्रयोग पाइन्छ । अत्यन्त वस्तुपरक वर्णनमा आधारितभएपनि यस कवितामा कतिपय अंश गाउन मिल्ने प्रकारको देखिन्छ । किनकी यसमा पद्यको छनक पनि आँउछ भने उठाउ, लुटाव र टुटाव जस्ता अनुप्रास र निपातका रूपमा प्रयुक्त थेगोले गेयतालाई बढाएको छ ।

सुवानन्ददासको कविताको तुलनामा यदुनाथ पोखेलको कविता गेयताको दृष्टिले अझबढी सफल देखिन्छन् । वर्णनकै बोझ भए पनि छोटो शास्त्रीय छन्दको प्रयोग गरिसकेको र सरल भएकाले यिनका कवितामा गेयगुण अधिक देखाएको हो (वराल, २०६०:६४)।

गुमानी पन्तद्वारा रचित दिनदिन खजानाका धभारीको वोकनादे भन्ने कवितामा पनि गीति प्रवाह देख्न सकिन्छ भने हिनव्याकरणी विद्यमपतिले गीत गोविन्दमा भक्तिभावको प्रस्तुति मूलरूपमा गरेका छन् साथै श्रङ्गारको पनि प्रयोग भएको पाइन्छ । वसन्त शर्माको समुन्द्रलहरी कथ्यगत रूपमा आध्यात्मिक चेतना प्रदान गर्ने लक्ष्य राखेको छ तापनि यसमा लोकलयको प्रयोग गरिएको छ ।

तपञ्जली गजुऱ्यालद्वारा लेखिएको 'वालगोपाल वाणी' भन्ने कविता गीति गुणको नजिक छ । गीति चेतना दृष्टिले कृष्णभक्ति तथा रामभक्ति धाराका कविहरूमध्ये भानुभक्त आचार्य अझ विशिष्ट मानिन्छन् (न्यौपाने, २०६७:२३) ।

निर्गुण भक्तिधाराका कवि ज्ञानदिलदासका कविता वर्णन प्रधान भएपनि लोकलयलाई आधार बनाएर रचना गरिएकाले गीतबाट उनी धेरै नजिक देखिन्छन् ।

गीतको विकासमा लालबहादुर भोटेको सवाइ र नरबहादुर रानाको वि.सं. १९३३ को जङ्ग बहादुरको सवाइ तथा रहजल दिल विश्वकर्माको वि.सं. १९३६ को मख्तियार सवाइ ले पनि केही मात्रामा भूमिका खेलेको पाइन्छ । वि.संस १९५० मा कलकत्तामा थिएटर देखेर आएका जर्नेल डम्बर शम्शेर राणाले काठमाण्डौ फर्किएपछि आफ्नै निवासमा सर्वप्रथम नाचघर बनाएको र तालिमेहरूको व्यवस्था गरेको तथ्य यस सन्दर्भमा महत्वपूर्ण देखिन्छ । देवशम्शेरको प्रेरणाबाट मोतीराम भट्टद्वारा लिखित नेपाल नाटकले पनि प्रर्दशित हुने मौका पायो । त्याहाँ प्रर्दशन भएको उर्दु नाटकमै पनि एक दुइवटा नेपाली गीत तथा भजन राखिएको जानकारी पाइन्छ ।

श्री ३ वीर शम्शेर सङ्गीतका अत्यन्तै सौखिन भएको ऐतिहासिक वर्णन पाइन्छ । उनले नै लखनाउको नवाबकहाँ पहिले काम गरेका भारतका विख्यात वस्ताद खाँ र वस्ताद दण्डी खाँ जस्तालाई

काठमाण्डौ ल्याए भने उनीहरूले श्री ३ वीरका पाँच जना तालिमे मगाइ नानी इश्क पडी, नानी हसन, नानी हरिमाया नानी तथा
हसिना नानीलाई शास्त्रीय संगीत सिकाए । यसप्रकार दरबारले संगितमा रूचि लिन पनि नेपनलीमा गीतको लेखनका लागि प्रेरणा बन्न पुग्यो । (वराल, २०६७:२३)

यस समयमा रचित गीतहरूमा निम्न विशेषताहरू पाइन्छ :

- सामाजिकता
- वर्णनात्मक
- वस्तुपरकता
- अनुभूति प्रधानता
- भक्तिप्रधानता आदि ।

## ४.४.२ नेपाली गीतको दोस्रो चरण (१९४१-२००७) अनुभूति प्रधानता गीतको प्रारम्भ र विकासः-

नेपाली गीतको दोस्रो चरण मोतीराम भट्टका गीतहरूबाट प्रारम्भ भएको हो । यसै समयदेखि रेडियो नेपालको स्थापना सम्मको अवधिलाई अर्थात वि.सं. १९४१ देखि वि.सं. २००७ सम्मलाई यसै कालमा राखेर अध्ययन गरिन्छ ।

मोतीराम भट्ट (१९३३-१९५३) को महत्वपूर्ण योगदान चाँहि नेपाली गजल लेखनको थालनी गर्नु हो । उनका पिकदूत प्रियदर्शिका नाटक सङ्गीत चन्द्रोदय गजल आदि कृतिमा मौलिकता र शृङ्गारिक भावको प्रस्तुति पाइन्छ ।

लक्ष्मीदत्त पन्त इन्दु (१९२२-१९६२) मोतीमण्डलीका सदस्य पनि प्रसस्तै शृङ्गारिक कविता पनि लेखेका लक्ष्मीदत्त पन्तले २८ वटा गजलको रचनामा शृङ्गारिक भावको प्रयोग गरेका छन् ।

शम्भु प्रसाद ढुङ्गेल (१९४६-१९८६) गीत रचना सन्दर्भमा शम्भु प्रसाद ढुङ्गेलका गीत गजलमा शृङ्गार, ईश्वर भक्ति र राष्ट्रप्रेम स्तुति जीवनमा आइपर्ने विरह व्यथा प्रकृति र कतिपय गजलमा सामाजिक विकृति पनि व्यङ्ग्य पनि गरेका छन् ।

बहादुर सिंह वराल (१८९१-१९६२) उनको 'वरालको आँशु' (१९९५) गीत सङ्ग्रह प्रकाशित गरी राष्ट्रभक्ति, विधवाको दुःख कष्ट अनि कलियुगमा मानिसहरूले गर्नुपर्ने वदमासी जुवाडेका क्रियाकलाप रक्सी खानेको चरित्र प्रस्तुत गरेका छन् ।

लेखनाथ पौड्याल (१९४१-२०२२) मूलतः यिनी कवि हुन् तापनि उनले केही गीत तथा गजलहरूको पनि रचना गरेका छन् । उनको 'भृर्तहरि निर्वेद' नाटक मै पनि १२ वटा गीत र एउटा गजल तथा थुप्रै श्लोकहरू परेका छन् ।

बालकृष्ण सम(१९५९-२०३८) समले स्वतन्त्र रूपमा पनि थुप्रै गीत रचना गरेको पाइन्छ भने नाटक भित्र पनि प्रसस्त गीत गजलको प्रयोग गरेको देखिन्छ । उनका गीतहरू मेरो कविताको आराधना उपासना १ र २ मा पनि पाइन्छन् उनका गीतमा पाइने महत्वपूर्ण विशेषता नवीनता हो ।

लक्ष्मी प्रसाद देवकोटा (१९६६-२०१६) लक्ष्मी प्रसाद देवकोटाको गीति लेखनको प्रारम्भ वि.सं. १९८६ साल बाट भएको हो र उनको पहिलो गीत 'फूल्यो आलु वखडा' भन्ने शीर्षक हो । आफूलाई विशिष्ट ठान्ने समाजले नाक खुम्चाउदै भ्याउरे भन्ने गरेको लोक लयलाई प्रयोग गरेर देवकोटाले मुनामदन (१९९२) जस्तो महत्वपूर्ण गीतिकाव्य नै रचना गरिदिए । उनका अन्य गीतहरूमा गाइने गीत (लेखन २००२/२००३) प्रकाशन २०५४ तथा लक्ष्मी गीति सङ्ग्रह महाकाव्य भित्रै पनि उनले ठाउँ ठाउँमा गीतको प्रयोग गरेको पाइन्छ ।

अलिमियाँ (१९७०) अलिमियाँ १० १२ वर्षको उमेर देखि नै गीत गायन तर्फ आर्कषित भइसकेका हुन् भने उनले पश्चिमाञ्चल क्षेत्रको लोक लयलाई समातेका छन् । अलिमियाँका विरक्त लहरी, महेन्द्र लहरी सेतीका सुस्केरा न्याउलीको प्रकार पहाडको उद्‌गार उज्यालो भइसक्यो आदि प्रकाशित भइसकेका देखिन्छन् (वराल, २०६७:२५) । उनका गीतहरूले लोकमा प्रचलित भाषा र शैलीमा मिसाएर आख्यानमा उनकै जीवनको प्रतिविम्ब व्यक्त गरेका छन् ।

भीमनिधि तिवारी (१९६८-२०३०) हरीसँग सम्बन्धित भक्ति गीतहरूको सङ्ग्रह वयासी भजन ( १९६८-२०३०) र २००२ मा वीसवटा गजल थपेर वयासी र वीस गजल मेरी शीर्षक दिए । उनका दिलको शान्ति कहाँ गयो नि चर्किएको घाउँले र म महुरी हुँ राधा तिमी आँप मञ्जरी हो भन्ने गीत प्रसिद्ध छन् । शृङगारिकता जीवनका आशा निराशा अध्यात्म प्रतिको आशक्ति उनका गीतका विशेषताहरू छन् ।

ठाकुरनाथ रिमाल (१९७१) अंग्रेज लेखकहरूबाट अनुप्राणित भइ गीति लेखनमा सक्रिय भएका ठाकुरनाथ रिमालका गीथ सिर्जना (२०४६) मा सङ्कलित उनका गीतहरूमा ईश्वर भक्तिका भाव बढी झल्किन्छ भने देश भक्ति प्रकृति प्रेम शृङ्गार प्रजातन्त्र प्रम जीवनका क्षणिकता तथा गरिवका लागि सहयोग गर्नुपर्ने सल्लाह मुख्य रूपमा व्यक्त भएको पाइन्छ ।

केवलपुरे किसान (१९८३) आफ्नो नाम केवलपुरे किसान राखेका देवी प्रसाद पौड्यालले बाघ आयो नेपाल नछो, समातेर पछार छि छि एवम् सङ्घर्षको ठीक गर जस्ता पाँचवटा सङ्ग्रहमा भएका गीतहरू समेटेर तिनमा २०१६ साल पछि लेखिएका ११ वटा गीत समेत थपेपछि केवलपुरे किसानका गीत र कविताहरू (२०४५) प्रकाशित गरिएको छ । यसमा सङ्घर्षमय लामीडाँडा केवलपुरमा रहदा वस्ता आफैले भोगेका र देखेका नेपालीहरूको दुःख र गरिवी तथा किसानका कथा व्यथाहरू मार्मिक ढङ्गले व्यक्त गरेका छन् ।

गोकुल प्रसाद जोशी (१९८७-२०१८) गोकुल प्रसाद जोशी अशिक्षा अन्याय र अन्धविश्वासबाट थल्थिलिएका नेपाली जनताहरूलाई ब्युझाउने उद्देश्यले गीत गाइ हिड्ने गीतकार हुन् । उनका नेपालको भविष्य डा. के. आइ. सिंहलाई स्वदेश आउन देउ, नव प्रभाव, एसियाको फूलवारी, बाँच र बाँच्न देऊ, सिमानाको दीप गीतहरू हुन् । उनका गीतहरूमा देशमा व्याप्त अन्याय र अत्याचारलाई फ्याक्नका लागि जनताहरूलाई नै
क्रान्ति गर्नुपर्ने विचार प्रकट गरेका छन् ।

माधव प्रसाद घिमिरे (१९७६) राष्ट्रकवि माधव प्रसाद घिमिरेले वि.सं. २००२ सालबाट गीतको प्रकाशन प्रारम्भ गरेका हुन् । देशभक्ति शृङ्गार मानवता भक्ति प्रकृति प्रेमलाई कथ्य विषय बनाएका छन् । उनका २००२ साल देखि २०२९ सालसम्म लेखिएका गीतहरू पछि किन्नर किन्नरी (२०३३) मा सङ्कलन गरिएको छ । यसमा काव्यात्मक उजा प्रदान गायन योग्य गीतहरूको सङ्ग्रह गरिएको छ । यो किन्नर र किन्नर गरी दुई खण्डमा विभाजन गरिएको देखिन्छ । सुकमोल भावना किशोर किशोरीको कलकलाउँदो तरलता तरूनी तन्नेरीको प्रेमाकल मनोदशा विरह चेतना करूणा भाव माया प्रीतिका समेत गीतहरू यसमा सङ्कलन गरिएको छ ।

सुरेन्द्र बहादुर शाह (१९७६-२०३०) 'आँखामा झल्केको सवनम्' शीर्षकको गीत संग्रह प्रकाशित गर्ने शाहका गीतहरूमा कतै शृङ्गारका मिलन अनि कतै विछोड दुवै प्रकारका भाव यिनका गीतमा फेला पर्दछन् ।

म वि वि शाह (१९८४-२०२८) 'हे वीर हिड अघि सरी' भन्ने राष्ट्रिय गीत नै शाहको पहिलो प्रकाशित गीत हो । उनका उसैका लागि (२०१५) फेरि उसैका लागि (२०२१), अझैउसैको लागि (२०४५) तीनवटा गीत संग्रह प्रकाशित छन् ।

वि.सं २००७ सालमा गीतलेख्ने अन्य प्रतिभाहरूमा हाजिरमान राई, मातृका प्रसाद कोइराला, नीर विक्रम प्यासी आदि प्रसिद्ध छन् । वि.स. २००७ साल पूर्व गीत लेख्ने अन्य प्रतिभाहरू मध्ये मायाको कोशेली (२००६) लेख्ने आशा सिंहको नाम उल्लेख छ। गीत लेखनमा नारीहरूको सक्रियतामा सवाइ तथा लहरी साहित्य सिर्जनमा वृद्धि राष्ट्रिय गानको रचना तथा ग्रामाफोन रेर्कडको प्रारम्भ यस समयका अन्य उपलब्धिहरू हुन् (वराल, २०६७:२९० ।

## ४.४.३ नेपाली गीतका तेस्रो चरण विस्तारकाल (वि.स. २००७ देखि हालसम्म)

वि.सं. २००७ सालमा रेडियो नेपालको स्थापना पछि नेपाली गीतले झ्याङ्गिने मौका प्राप्त गर्‍यो । गीतका कथ्यगत विषयमा झर्ने व्यापकता आयो र नयाँ नयाँ लयको निर्माणमा पनि गीतकारहरू लागि परे । यस प्रकार नेपाली गीतको तेस्रो चरण यसै समय देखि आरम्भ हुन्छ र यसैलाई नै नेपाली गीतको विस्तारकाल वा आधुनिक काल मानिन्छ (वराल,२०६७:२९) । नेपाली गीतको आधुनिक काललाई पनि तीन उपचरणमा राखेर अध्ययन गर्न सकिन्छ ।

### ४.४.३.१ पहिलो मोड (वि.सं. २००७-२०१६)

रेडियो नेपालको स्थापना प्रारम्भमा २००७ सालभन्दा अघिदेखि कलम चलाइ सकेका साहित्यकारका कै गीतहरू रेडियो नेपालबाट प्रसारित भए । चैत २० गते रेडियो नेपालको सञ्चालन प्रारम्भ भएपछि गीत सङ्गीतको कार्यक्रममा सर्वप्रथम शङ्कर लामिछाने (१९८४-२०३२) द्वारा रचित 'मेरो दिल टुक्रा बनेर' शीर्षकको गीति कविता हरिप्रसाद रिमालले गाएका र गद्य शैलीमा रचिएको यो गीत हो

शङ्कर लामिछानेको हरिप्रसाद रमिालले गाएको वेदनाले भरिपूर्ण गीतपछि तुरून्तै रेडियो नेपालका समर बहादुर मल्लले सिद्धिचरण श्रेष्ठद्वारा रचित 'हिमगिरी मण्डित सुगन्ध शोभित जय जय आमा नेपाल' शीर्षकको गीत गाए । यसमा देश भक्तिको भाव छचल्किएको छ । 'कुहिरो र घाम' गीतिकविता सङ्ग्रहीत उनका गीतहरूले राष्ट्रका निम्ति जीवन अर्पन गर्नुपर्ने तथा अरूको देश बचाउन जीवन बलिदान गर्नेहरूलाई आफ्नो देशको सुख्खा माटोमा पसिना पोख्न आग्रह गरेका छन् ।

रेडियो नेपालको स्थापना पश्चात २००८ साल आश्विन १ गतेबाट सर्वप्रथम प्रकाशित 'झङ्कार' को पहिलो अङ्कमा पनि केही गीतहरू प्रकाशित भए । मास्टर रत्नदास प्रकाशको सङ्गीत पद्मावतीले गाएको तारिणीप्रसाद कोइरालाको यो नयनमा एकदिन गङ्गा वहेथ्यो भन्ने वेदनाले भरिएको गति पनि यसमा प्रकाशित भयो । वि.सं. २०२१ साल तिर पुष्प नेपालीद्वारा रचित 'पहाड बसी वनमा खेली हुर्केकी अकेली' जस्तो ग्रामीण जीवनको झल्को दिने गीत नातिकाजीको स्वरमा गाइएको थियो । माधव प्रसाद धिमिरेको 'गाउँछ गीत नेपाल नेपाली ज्योतिको पङ्ख उचाली' भन्ने राष्ट्रिय गीत अनि म वि वि शाहको हे वीर  हिड अघि सरी  पनि गाइए । नेपाली  सङ्गीतमा धेरै  लोकप्रिया भएका

त्यस्ता वेदनापूर्ण र देशभक्तिपूर्ण गीतको पङ्ति वालकृष्ण समद्धारा रचित "एकफेर बोलीदेऊ सोझो मुखले माइली" भन्ने शृङ्गारिक गीत पनि २०1० सालतिर र माधव प्रसाद घिमिरेको २ वटा गीत "बाटै र मनी बाटै र माथि" तथा "झमझम पानी पप्यो असारको रात"

रत्नदास प्रकाशले गाए (वराल,२०६७:३०) । लक्ष्मी प्रसाद देवकोट, माधव प्रसाद घिमिरे, म वि वि शाह, गोपाल प्रसाद रिमाल, धर्मराज थापा, आदि रेडियो नेपालको स्थापना पूर्व नै गीत रचना गर्न थालेका प्रतिभा हुन् भने जनार्दन सम, डा राममान तृषित, किरण खरेल, छिन्नलता, कोइलीदेवी आदि गीतकारहरू यसै समयावधि तथा यसपछि लेख्न थालेर चर्चित पनि भइसकेका थिए । पुष्प नेपाली, लक्ष्मण लोहनी, यादव खरेल, अम्वर गुरूङ आदिले पनि रेडियो नेपालको स्थापना पछि गीतियात्रा प्रारम्भ गरेका हुन् ।

जनार्दन सम (१९८४-२०३९) उनले लेखेको गीत 'म सबको माया मार्न सकुँ' हो । लक्ष्मण लोहोनी (१९९०) ले २००६ सालमा पिताको जन्मोत्सबमा 'नरोऊ नराऊ सान्नानी' गीत गाएर गायन क्षेत्रमा प्रवेश गरी गाँउछ गीत, हिमालको प्रथम रचना र हिमालको शान गीति सङ्ग्रह प्रकाशित छ ।

कोइली देवी माथेमा (१९८३) कोइली देवीका सङ्गीत तथा गायनको क्षेत्रबाट साङ्गीतिक यात्रामा पहिलो प्रसारित गीत २००७ सालमा रेडियो नेपालमा प्रत्यक्ष प्रसारणका रूपमा उनले गाएको 'संसारको झमेला लाग्दो छ क्या यो मेला' भन्ने हो । कोइली देवीका अहिले सम्म सेवा पुस्तिका ( २०१९) र समर्पण (२०२५) गीत सङ्गहहरू प्रकाशित छन् ।

कूलचन्द्र कोइराला (१९८५-२०५०) इतिहास संस्कृति तथा साहित्यका विविध विधामा कलम चलाएका कोइरालाले गीतहरू पनि रचना गरेका छन् ।

भूपी शेरचन (१९९२-२०४६) उनको गीत सर्वप्रथम २००७ सालमा प्राप्त भएको प्रजातन्त्रका विकृतिहरू देखापरेपछि राम्ररी व्युँउझिएको हो र त्यसतका उनले राजनैतिक उद्धेश्यबाट पूर्ण रूपले प्रेरित भएर नेपालमा समाजवादी व्यवस्था स्थापना गर्न चाहनाले थूप्रै गीतहरू लेखे जुन गीतहरू नयाँ झ्याउरेमा पूरै र यसपछि निर्झरमा पनि केही मात्रामा सङ्कलन गरिएका छन् ।

छिन्नलता (१९८०-२०५७) उनको वास्तविक नाम रमोला देवी शाह हो । वि. सं. २०११ सालदेखि गीत लेख्न थालेकी हुन् । छिन्नलताको 'यो आत्महत्या द्वारा सबको गरूँ भलाइ' भन्ने प्रथम गीत हो । उनका अन्तर भावना (२०२८), अन्तर तरङ्ग (२०३०), अन्तर स्पन्दन (२०३०), अन्तर स्पन्दन (२०४३), अन्तर्वदन (२०५१), अन्तर्यात्रा (२०२८) गरी पाँचवटा गीत सङ्गह प्रकाशित छन् ।

डा राममान तृषित (१९९७) वि.सं. २०१३ सालमा 'तारा गाँसी वन्ला नवन्ला जीवनको झुलौना, धर्तीको धुलो कहिले बन्ला चन्द्रको खेलौना लेखेर' नेपाली गीतको आकाशमा उदाएका राममान तृषितको पहिलो पहिलो रेकर्ड भएको गीत जय जन्मभूमि, जय पुण्यभूमि, जय वीरभूमि नेपाल, हो र

यसको रेकडिङ वि.सं. २०१६ सालमा थालनी गरेका राममान तृषितका अहिले सम्मका तिनवटा गीती सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् र ती हुन फूल थरिथरिका, एक मान्छेको अनेक मृत्यु र शोरा । उनको प्रेयसीको आँखासित पिरतीका कूरा शीर्षकको गजल सङ्ग्रह पनि प्रकाशित छ।

कृष्ण प्रसाद पराजुली (१९९२) वि. सं. २००७ सालको राजनीतिक परिवर्तनको पृष्ठभूमिमा लेखनकार्य प्रारम्भ गरेका पराजुलीका रचनाहरू २०११ सालदेखि प्रकाशन हुन थालेका हुन भने उनले लेखेका पहिलो प्रकाशित गीत चाँहि परोपकार पत्रिकामा प्रकाशित 'आमाको पुकार सुनीदेउ' शीर्षकको पुकार सुन्देउ ए आमा नेपाल भन्ने हो । उनका आखाँभरी सपना मटभरी सपना गीत (२०२४) र म सुनाउदै छु (२०२२) गरी दुईवटा गीती सङ्ग्रह प्रकाशित छन् । उनले रमाइला नानी भाग १(२०२२) रमाइला नानी (भाग २ (२०२३) तथा जुनतारा (२०४४) मा सङ्कलित देखिन्छन् ।

किरण खरेल (१९९७) रेडियो नेपालको स्थापनापछि वि.सं. २०१४ सालमा स्व बालकृष्ण ज्यालाले गाएको 'ए दूरका सितारा तेरो चाँदनी कहाँ छ भन्ने गीतबाट गीतियात्र प्रारम्भ गर्ने खरेल अहिले सम्म पनि गीत लेखन कार्यमा सक्रिय छन् । उनका के हो तिम्रो नाउ, मेरी घारू, प्रियतम गरी तिनवाट गीत सङ्गहहरू प्रकाशित भएका छन् ।

माथि चर्चा गरिएका गीतकारहरू बाहेक वि.सं. २०१६ साल भित्र गीत लेख्ने पारम्भ गर्ने तथा यस समयभित्र चर्चित हनेहरूमा श्यामदास वैष्णव, हरिभक्त कटवाल , रूत्नशमसेर थापा, प्रकाशमान सिह, देवेन्दराज उपाध्याय उमानाथ शात्री, सागर श्रेष्ठ, केशवराज रपडाली, यधीर थापा, वेदनधि शर्मा, भैरव बहादुर थापा, राममान प्रधान, श्यामप्रसाद शर्मा , गोपलसिुह नेपभल, दौलतविक्रम विष्ट आदि महत्वपर्ण रहेका छन् ।

वि.सं. २००७ सालदेखि वि.सं.२०१६ सालसम्म रचना गरिएका गीतहरूमा प्रमुख रूपमा प्रेमका
विविध भावहरूको अभिव्यक्ति पाइन्छ भने देश भित्रको अस्तव्यस्त अवस्थालाई आधार बनाएर पनि यस समयमा धेरै गीतहरू रचना गरिएका छन् । भर्खरै प्रजातन्त्रको आगमन भएको र यस अवस्थामा पनि नेपालीहरूको न्युनतम् आवश्यकता पुरा हुन नसकेको अनि गरिब र धनी बिचको दुरी बढदै गएको सन्दर्भमा यस्तो असमानता घटाउनका लागि पनि यस समयमा गीतले विशेष आग्रह गरेको पाइन्छ । धेरै गीतहरूले देशमा विद्यमान जातिवाद र हैकमवाद विरूद्ध गतिहरूले देशमा विद्यमान जातिवाद र हैकमवादको विरूद्ध गीतहरूले यस समयमा आवाज उठाएका छन् र राजनीतिक दलहरूको विकृति औल्याउने तभर्प पनि धेरै गीतहरू लागिपरेका छन् । प्रकृतिको विशेष प्रयोग तथा आध्यात्मिक प्रेमको बाहुल्य यस समयमा रचिएका गीतहरूका मुख्य विशेषता हुन् भने देशभक्तिको भाव अभिव्यक्त भएका निकै राम्रा राम्रा गीतहरूको रचना पनि यस समयावधिमा भएको छ ।

यस समयमा गीतमा पहिलो अर्थात् वि. सं. २००७ साल अघि रचिएका गीतका तुलनामा सङ्गीतका चापका कारण भाषिक  विचलन पनि केही मात्रामा बढेको छ भने आख्यानतत्वको प्रयोगमा कमी आए पनि धेरै जसो गीतहरू यसको प्रभावबाट मुक्त भइसकेका देखिँदैन । यस समयावधिमा एक पङ्क्ति अधुरा पनि देखिन्छन । लोकलयको प्रयोगका साथै स्वस्फूर्त लय विधान अँगालेर लेखिएका गीतहरूको रचना पनि यस समयमा भएको छ । जतिलताको यात्रातिर यस समयका गीतहरूमा पनि यस्ता विशेषता देखिन्छ ।

## ४.४.३.२ **दोस्रो मोड** (२०१७-२०४६)

राजनैतिक हिसाबले हेर्दा वि.सं. २००७ साल देखि वि.सं. २०१७ साल मङ्सिर महिनासम्मको समयावधि प्रजातान्त्रिक अभ्यासका हिसाबले महत्वपूर्ण रह्यो भने यस समयमा जनजागरणका गीतहरू खूलेआम रूपमा लेखिए र गाइए पनि । वि.सं. २०१७ साल पौष १ गते पञयती व्यवस्थको प्रारम्भ भए पश्चात यस्तो स्वतन्त्रता राष्ट्रमा रहेन । दलहरूमा प्रसतबन्ध लागेकाले र जनता सबैले पञ्चायती व्यवस्थालाई नै समर्थन गर्नुपर्छ भन्ने दृष्टिकोण राखिएकाले पञ्चायत इतर राजैतिक दृष्टिकोणबाट प्रेरित भएर लेखिएका गीतहरू रेडियो नेपाल र अन्य सरकारै सञ्चारका माध्यमले प्रसार र प्रकाशन गर्न नापउने भए यस्तो अवस्थामा प्रेमका विविध भावका गीतहरूको रचना धेरै भयो भने पञ्चायती व्यवस्थाको गुण गाउँदै यस व्यवस्थाले लिएका कार्यनीतिहरूलाई समर्थन गर्न प्रकारका गीतहरू लेखेका पईन्छ । यस समयमा एक प्रकारले पञ्चायती व्यवस्थाको समर्थन र विरोधमा प्रत्यक्ष /अप्रत्यक्ष रूपमा

जुहारी चलिपरेको अवस्थाबाट पनि गुज्रियो । वि.सं. २००७ सालदेखि वि.सं. २०१६ सालसम्म देखापरेको प्रवृतिमा यस्तो किसिमको कथ्यगत पविर्तनहरू देखिएकाले र गीतको संरचना तथा शिल्पको पनि नवीनता आएकाले २०१७ देखि २०४६ सम्मको समयावधिलाई तेस्रो चरण अन्तर्गतको दोस्रो मोडमा राखिएको हो । यस समयभित्र गीत लेखन प्रारम्भ गर्ने प्रमुख गतिकारहरू निम्न लिखित छन् ।

प्रेमप्रकाश मल्ल 'मधुकर'(१९९६) गीत गायनको क्षेत्रमा वि.सं. २०१७ को छेउछाउदेखि गीतको प्रकाशनतिर लागेका मल्लका गीतहरू रेडियो नेपालमा रेकर्ड भएर प्रसार पनि भइरहेका छन् । उनका पञ्चगान (२०४५) र अनुभतिका स्वरहरू (२०५४) गीति सङ्ग्रह प्रकाशित छन् ।

यादव खरेल (२०००) यादव खरेलका गीतहरू वि.सं. २०१७ सालदेखि प्रसारण हुन थालेका छन् । उनको पहिलो टेप भएको गीत ज्ञानबहादुरद्वारा गाइएको आर्यघाटको शून्य चितामा भन्ने हो । उनका 'यस्तो पनि हुँदो रहेछ यहाँको चलन' गीत सङ्ग्रह प्रकाशित देखिन्छन् ।

अम्वर गुरूङ्ग (१९९५) वि.सं. २०१० सालतिरै प्रारम्भ गरेको भएतापनि अम्वर गुरूङ्गद्वारा रचित पहिलो गीत वि.सं. २०१७ सालमा रेकर्ड भएको हो र त्यस गीतको शीर्षक हो 'तिमी आऊ बहार पर्खिरहेको छ' । उनको ५१ वटा गीतहरू सङकलन गरिएको 'सम्हालेर राख' गीत सङ्ग्रह प्रकाशित भएको छ ।

बैरागी काइँला शैलीको नौलो प्रयोग गरेर गीत लेख्ने गीतकारका रूपमा वैरागी काइँला गीतको इतिहासमा बिर्सन नहुने नाम हो । अम्बर गुरूङ्गले सङ्गीत गरेको देउरालीमा भन्ने गीतबाट वि.सं. २०१८ सालदेखि गीतियात्रा प्रारम्भ गरेको बैरागी काइँलाका पाँचवटा गीतहरू सम्हालेर राख प्रकाशित भएका छन् ।

क्षेत्रप्रताप अधिकारी (१९९१) वि.सं. २०१६ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको निधन भएका सन्दर्भमा जानुभयो देवकोटा कवि नेपालीलाई टुहुरो पारेर शीर्षकको पम्प्लेटमा छापेर गीतियात्रा प्रारम्भ गर्ने क्षेत्रप्रताप अधिकारीको सर्वप्रथम वि.सं. २०१८ सालमा गोरखापत्रमा गीत प्रकाशित भएको देखिन्छ भने वि.सं. २०२४ सालमा प्रकाशित रहर लागेर भन्ने सङ्ग्रहमा देशभक्तिका भावमा उनका पाँचवटा गीत प्रारम्भिक चरणको प्रतिनिधित्व गर्ने खालको देखिन्छ । यसपछि प्रकाशित उनका गामबेसीका गीत पहाडदेखि पहाडसम्म म त लालीगुँरास भएछु, नफुलेका फुलहरू, फेरी एउटा परिवर्तन, तर देश हारिरहेछ तथा अकविता सङ्ग्रहहरूमा कविताका साथै गीतहरू पनि सङ्गलन गरिएका देखिन्छन् ।

भीम विराग भीम विराग श्रेष्ठले वि.सं. २०१७ साल पश्चात् गीत लेखनको थालनी गरेका हुन् । उनको पहिलो प्रसारित गीत वि.सं. २०१८ साल तिरको मेरो चिहानमा आउन भन्ने हो भने उनको अहिलेसम्म तीनवटा गीत तथा गजलसङ्ग्रहहरू प्रकाशित भएका छन् । ती हुन दुखेको इन्देणी अतृत्त स्पर्श भीम विरागका गीत गजल हुन ।

यसैगरी नेपाली गीतको दोस्रो मोडमा देखिएका प्रमुख गीतकारहरूमा ईश्वर वल्लभ, रविन्द्र शाह, नगेन्द्र थापा, हिरण्य भोजपुरे, शरण प्रधान, मेघराज मञ्जुल (नेपाल), दैवज्ञराज न्यौपाने, नारायण भक्त श्रेष्ठ(रायन), गणेश रसिक, गोपाल योन्जन, चेतन कार्की, विश्व वललभ, राजेन्द्र थापा, बासुदेव त्रिपाठी, चाँदनी शाह, नीर शाह, रामेश, जी शाह, कालिप्रसाद रिजाल, अविनाश श्रेष्ठ, कृष्णहरि वराल, श्रीपुरूष ढकाल, दिनेश अधिकारी, तारानाथ शर्मा, नारायणकुमार आचार्य, नरेन्द्रराज प्रसाई, रमन घिमिरे, श्रवण मुकारूङ, यद्धप्रसाद मिश्र, दमनानाथ ढङ्गाना, विश्ववन्धु थापा, पासाङ, कञ्चन पुडासैनी, कृष्ण जोशी, रामबिक्रम सिजापति, प्रदीप रिमाल, उत्तम श्रेष्ठ, दीप श्रेष्ठ, मदन दिपबिम, विश्वम्भर प्याकरेल, विजय श्रेष्ठ, वसन्त थापा, राजेन्द्र रिमाल, शम्भुजित बाँस्कोट, शिव अधिकारी, दीर्घसिह बम, बमबहादुर थापा, शिलाबहादुर मोक्तान, धनेन्द्र बिमल, गगन विरही, दिव्य खालिङ्ग, बुलु मुकारूङ सुभासचन्द्र ढुङ्गेल, भूपाल राई, बुद्धवीर लामा, मुकुन्दराज शर्मा, ज्ञानेन्द्र गदाल, रमेश क्षितिज, दीपक जङ्गम, रमेश पौडेल, भारती खरेल आदि ।

यी उल्लेखित गीतकारहरूको मूल प्रवृति स्वच्छन्तावाद, जातिप्रेम, शृङ्गारिक भाव, ईश्वर भक्ति, सँस्कृतिको भाव, स्थानीय रङ्गको चित्रण, व्यङ्ग्य, जीवनप्रतिको निराशा, विकृति र विसङ्गति, सामाजिक असमानताको भाव विविध बिम्ब, अङ्कार, तथा प्रवाह अनुकूल लयको प्रयोग नै प्रमुख छन्

यस समयावधिमा गीत लेख्ने अन्य गीतकारहरूमा अग्नि शिखा, अतीत मुखिया, अनामिका, अनिल पौडल, अमृत श्रेष्ठ, अरूण सायमी, अशोक देवान, इन्द थपलिया, ईश्वरलाल श्रेष्ठ, उत्तम श्रेष्ठ, उदय शर्मा उर्वशी बस्नेत, ओम थपलिया, किरण शाह, कृष्ण प्रसाद दहाल, कृष्ण सिटौला, केशव विष्ट, चन्द्र प्रधान, चन्द्र सापकोटा, खगेन्द्र नेपाली, गङ्गा निर्धा, दबसु क्षेत्री, दुर्गालाल श्रेष्ठ, घनशयाम कँडेल, धिरेन्द्र प्रेमर्षि, ध्रवकृष्ण दीप, देव वज्राचार्य, माधवलाल कर्माचार्य, पद्यामती सिह, डा. ध्रुवचन्द्र गौतम, प्रविण गिरी, प्रभा आचार्य, पोषण पाण्डे, भरत भारद्वाज, पाण्डव सुनुवार, नोर्देन रूम्बा, बाबा न्यौपाने, भुप्रेन्द रायमाभी, रञ्जना शर्मा, यज्ञनिधि दाहाल, रमेश धिताल, रमेश खकुरेल, राज वैद्य, विमल थापा, विनोद गौतम, विमल थापा, राममणि रिसाल, मोहन सिटौला, श्रीविक्रम राणा, विष्णु प्रभात, शारदाबिक्रम बस्नेत, शङ्कर थपलिया, शैलेन्दु प्रकाश नेपाल, सञ्जय थापा, हरिभक्त पोखरेल, राम थापा, प्रदीप नेपाल, सुमन खरेल, सुवी शाह आदि ।

यस समयमा रचिएका गीतहरूलाई हेर्दा मूलत चार वटा धार स्पष्ट रूपमा देखापर्दछन् । ती हुन् :-

- राजनीतिक सन्दर्भ, समर्थन र राजमुकुटप्रतिको आस्था ।
- पञ्चायती व्यवस्थाको विरोध र समानताको स्वर ।
- देशभक्तिको प्रयोग ।
- मायाप्रेमका संयोग र वियोग भावको प्रस्तुती तथा जीवनको दुःखद् अनि सुखद् पक्षको अभिव्यक्ति ।

### ४.४.३.३ तेस्रो मोड (वि.सं. २०४७ सालदेखि हाल सम्म)

पञ्चायती व्यवस्थाको समाप्ति र प्रजातान्त्रिक व्यवस्थाको पुनः प्रारम्भ भएको परिप्रेक्ष्यमा नेपाली गीतको विस्तार पनि वि.सं. २०४७ सालपछि झनै तीब्र किसिमले हुन थालेको छ । यस समयमा पञ्चायती व्यवस्था विरूद्धका गीतहरू र समाज खल्ला भएका सन्दर्भमा प्रजातान्त्रिक व्यवस्थाकै विरूद्धमा रचिएका गीतहरू पनि खुलेआम लेखिन र गाइन थालेका छन् । प्रमको संयोग र वियोग भावका गीतहरू पनि रचिए । विद्युतीय सञ्चार माध्यमको विकास पनि भएको सनदर्भमा प्रतिभा सम्पन्न गीतकारहरू पनि थुप्रै देखापरिरहेका छन् । यसका पनि पप सङ्गीतको प्राधन्य भएका अनि चलचित्रहरूमा प्रयोग गरिएका गीतहरू त झनै कमजोर देखिएका छन् ।

वि.सं. २०४७ सालको समयावधि पछि गीत लेखन प्ररम्भ गर्ने तथा गीत सङ्ग्रह प्रकाशित गर्ने व्यक्तिहरू यस प्रकार छन् :-

आनन्द अधिकारी :- आनन्द अधिकारीले 'तिमी हाँसिदेऊ' शीर्षकको गीत रेडियो नेपालमा वि.सं. २०४७ सालमा रेकर्ड गरेर औपचारिक रूपमा गीतियात्रा सुरू गरेका हुन् ।

आलोकश्री :- पूर्ण परियार वि.सं. २०४७ सालमा गाएको 'वर्षातसँगै चट्याङ परिरहेछ' भन्ने गीतबाट गीतकारका रूपमा सर्वप्रथम स्रोतासामु प्रस्तुत भएका आलोकश्रीका गीतहरू विद्युतीय सञ्चार माध्यमबाट प्रसारित भइरहेका छन् ।

भावेश भुमरी (जुद्धवहादुर श्रेष्ठ): वि.स. २०४८ सालमा गीत लेखन प्रारम्भ गरेपनि वि.स. २०४९ मा नव कविता (पूर्णाङ्क २३) मा 'तिम्रो पाइला कुनै मन फेरि साँझ पर्‍यो' भन्ने गीत प्रकाशित गरेर यात्रा प्रारम्भ गर्ने भावेश भुमरीका दुइवटा गीत सङ्ग्रह भीर फूलको छाया र भिजेको चिठ्ठी प्रकाशित छन् ।

नवराज लम्साल: वि.सं. २०५० सालमा सुर्खेतमा स्थानीय कलाकारहरूले गाएको विकाशको सन्देश बोकी गाउँ वेशी उठ्नुपर्छ भन्ने गीतबाट स्रोतासामु गीतकारका रूपमा परिचित भएका नवराज लम्सालका थुप्रै गीतहरू रेकर्ड भएका छन् ।

सरी नेपाली गीतको विकासमा तेस्रो चरण अन्तर्गतको तेस्रो मोडमा देखिएका अन्य गीतकारहरूमा दीपक लोहोनी, विष्णु राई, नेत्र एटम, इन्दिरा प्रसाइँ, चन्द्रा शर्मा, कृष्ण अविरल, रञ्जु शर्मा, गोवर्द्धन पूजा, मणि लोहोनी, पुष्पलता आचार्य, पद्मराज जोशी, तीर्थराज शर्मा, अनमोलमणि पौडेल, साबु गदाल, गणेश श्रेष्ठ 'अपेक्षा', एस.पी. कोइराला, स्वंगत नेपाल, हरिदेवि कोइराला, रमेशजङ् सिजापति, राजकुमार वगर, महेश प्रसाई, गङ्गाप्रसाद भेटवाल,  रामेश्वर राउत 'मातृदास' वीरवल विकल, उज्वल जी.सी., उषा शेरचन, शान्तिनारायण श्रेष्ठ, हरिमाया भेटवाल, भुपेन्द्र खड्का, विन्दु शर्मा, विष्णुबहादुर सिंह, लक्ष्मण सिटौला, सुनिल गिरी, कविराज वन्तवा, उषा भट्ट, घमराज लुइँटेल, प्रमिला महत, तेजप्रसाद पाण्डे, रमेश अधिकारी, मणि थापा, हरिकृष्ण सिलवाल, श्याम रिमाल, सरोज

कार्थक, सरू बराल, राजीवनन्दन कर्माचार्य, शाश्वत पराजुली, मधुसुदन गिरी, विमल कोइराला, हेम सुवेदी, नारायण श्रेष्ठ, गोवर्द्धन श्रेष्ठ आदि रहेका देखिन्छन् ।

यसै समय अवधिमा प्रकाशित अन्य गीत सङ्ग्रहहरू हुन् नीर सम्सेर ज.ब.रा. को मरेर बाँच्छु देशका निम्ति (२०५६), बैशाखको वनैमा (२०५६), के वी नेपालीको अनुराग, कुन्दन खनालको पुष्पाञ्जली (२०४८), कृष्णदास भट्टराईको सत्सङ्ग भजन वाटिका, चन्द्रलाल उपाध्यायको चन्द्र भजन सङ्ग्रह, नरेश्वर स्वामीको भजन, बद्रीदास थापाको भक्ति भजनावली, शोभाचन्द्र खनालको गोपी गीतम, श्यामदास प्रसाइँको श्रीकृष्ण प्रणामी भजनलहरी, मेघराज शर्माको देवस्तुति, सङ्गीता लामाको किनार

भेटन खोज्दा (२०४८), रमेश श्रेष्ठको नपोतिएका रङ्गहरू (२०५२), विमल सुवेदीको देशभक्तिका गीतहरू, शङ्कर शाहको आवाज आउँछ कहाँको कहाँ (२०५२), लक्ष्मी देवी घिमिरेको अनुराग, घनश्याम गिरीको यात्राको ससेली (२०५३), टङ्क के.सी. को गीतै गीत (२०५६), मदनदेव भट्टराईको मदनवाटिका (२०५१), आर सी विरहीको चर्किएको घाउँ (२०५९), वीरेन्द्र राईको डोल्माको देश (२०५९), समन पोखरेलको हजार आँखा यी आँखामा (२०५९) आदि रहेका छन् ।

यस समयावधिभित्र गीत लेखन प्रारम्भ गर्ने तथा यस समयावधिभन्दा अघि नै गीत लेखन प्रारम्भ गरेपनि यस समयबाट स्पष्ट सँग गीतकारका रूपमा आफ्नो पहिचान बनाउने अन्य केही गीतकारहरू हुन् :

अनिता पाण्डे, अनुक्रमराज शर्मा, अर्जन सापकोटा, अस्मिता भण्डारी, ईश्वर थापा, उन्नति बोहोरा, उपमा सिंह, कमल काफ्ले, कमला खनाल, करून थापा, कलेन्द्रविक्रम शाही, कविता उपाध्याय, कुन्दन रायमाझी, कुमार भट्टराई, कुसुमदेवी, कृष्णराज डी.सी., कृसु क्षेत्री, के. एस गहतराज, के राज सुब्बा, कोमल वली, खेम नेपाली, गङ्गा सुवेदी, गणेश घिमिरे, गणेश राई, गणेश ज्ञवाली, गीता कार्की, गीता स्वाँर, गोपीकृष्ण ढुङ्गाना, पार्थिव गोवर्द्धन कार्की, गोविन्द आचार्य, गौतम तिमिला, घनश्याम खतिवडा, चन्द्रप्रसाद अधिकारी, चहल सयपत्री, जीवन मुकारूङ्ग, जे. वी. राई, टीका उप्रेती, तारा महर्जन, त्रिलोचन विहीन, तुलसी पराजुली, राम प्रसाद चौलागाइँ, दयाराम दाहाल, दिवस ढकाल, पवन चम्लिङ्ग, प्रतीक ढकाल, प्रमिला श्रेष्ठ, पुरूषोत्तम लामिछाने, नारायण खरेल , पासाङ्ग शेर्पा, प्रेम बानियाँ, बी बी थापा, भरत बमजन, भाष्करराज कर्णिकार, भीम राना, मदन ओली, मदनकृष्ण श्रेष्ठ, मनिष रिजाल, मनोज आचार्य, मनोज न्यौपाने, माइला लामा, मायामित न्यौपाने, मुरारी अधिकारी, रमेशचन्द्र घिमिरे, मित्रलाल पँज्ञानी, रविन पिया, राजेन्द्र दीप, रमाकान्त शर्मा, रमेश कोइराला, राजेन्द्र शलभ, रेशम चौधरी, रोशन थापा नीरव, रोहित कँडेल, लक्ष्मीप्रसाद अधिकारी, लय सङ्ग्रौला, ललिजन रावल, ब्रजेश खनाल, व्याकुल माइला, वसन्त ढकाल, शुभ मुकारूङ्ग, श्रीराम खनाल, सीताराम पोखेल, सन्तोष चालिसे, सरूभक्त, स्वप्निल बराल, साधना प्रतीक्षा, सुवर्ण विष्ट, सुजन घिमिरे, सोमनाथ मुखिया, हरिवँश आचार्य, हरिशरण थापा, हीरा आकाश, हीराकाजी थापा, हीरा महर्जन, हेमराज अधिकारी, हेमन्त रिजाल, हेमराज ज्ञवाली आदि ।

देशमा राजनीतिक स्थिरता नभएको र राष्ट राजनीतिक चपेटामा नराम्ररी फँसेको सन्दर्भमा शान्तिको आवश्यकता झन बढेको महसुस गरी त्यस्ता गीतहरूको रचनामा पनि गीतकारहरू लागि परेका छन् । एउटा नेपालीले अर्को नेपाली मार्न नहुने र जो मरेपनि आखिर राष्ट्रकै क्षति हुने विचार व्यक्त गर्ने प्रकारका गीतहरू पनि प्रशस्त लेखिरहेका छन् ।

## ४.५. धनप्रसाद सुवेदीको गीतहरूको गीतित्वका आधारमा अध्ययन

साहित्यकार धनप्रसाद सुवेदीलाई गीतकारका रूपमा चिनाउने गीत संग्रह ‘वेनाम’ गीत, गजल तथा कविता संग्रह हो । यो वि.सं. २०५८ सालमा प्रकाशित भएको हो । यहाँ यिनै गीत, गजल तथा कविताहरूलाई गीत, कविता तत्वहरूका आधारमा अध्ययन गरिएको छ । हुन त गीत, कविताका तत्वहरू पनि धेरै नै छन् तर यहाँ मुख्य मुख्य तत्वहरूका आधारमा “वेनाम” गीत र कविता संग्रहलाई अध्ययन गरिएको छ :

### ४.५.१. भाव

भाव (feeling) गीत तथा गीति कविताका लागि अनिवार्य तत्व हो । भावको अभावमा कुनै पनि
गीत तथा कविताले उत्कृष्टता प्राप्त गर्ने सक्दैन । पूर्व तथा पश्चिमका प्राचीन समयदेखि हालसम्मका आचार्यहरूले गीत तथा कवितामा भावको आवश्यकतालाई स्वीकार गरेका छन् । आचार्य भरतले नाटकको सबैभन्दा महत्वपूर्ण तत्वका रूपमा रसको व्याख्या गर्दा भावको बारेमा पनि प्रकाश पारेका छन् भने उनले विभिन्न प्रकारको भावको संयोगबाट रसको निष्पत्ति हुने कुरा बताएको पाइन्छ (बराल : २०६०: २८) । पाश्चात्य विद्वान एरिष्टोटलले आफ्नो “काव्यशास्त्र” मा दुःखान्तको चर्चा विशेष किसिमले गरेका छन् र दुःखान्तको तत्वहरू वर्णन गर्दा भाषाशास्त्रको विचार प्रसङ्गमा मनोवेगको पनि उल्लेख गरेको छन् जहां भावको पनि चर्चा गरेका छन् :

गीतमा भाव मूलत : भाषाका माध्यमबाट प्रकट हुन्छ र यो दुःख सुखात्मक जस्तो भए पनि हृदयमा अवास्थित उथार्थमूलक सत्य वा मानासिक सत्यको अभिव्यक्ति हो । बाध्य वस्तुहरू र विचार पनि कवितामा भावभय भएर व्यक्त हुनुपर्छ । विषय वस्तुका प्रयोले दृष्टिले भाव सवदेशीभ, सर्वकालिका तथा देशीप वा एक देशीय वा एक कालीक जे पनि हुन सक्छ र यसको प्रकाशनमा परम्परा र वर्तमान दुबैले उर्जा प्रदान गरेको हुन्छ (बराल : २०६०: ३०) । भावको प्रयोग वीना गीत घत लाग्दो र हृदय स्पर्शी हुन सक्दैन । यस्तो शक्ति भएकाले नै भावनालाई प्राचीन समयदेखि आजसम्म पनि गीत तथा कविताका लागि त्यतिकै महत्वपूर्ण आवश्यक तत्वका रूपमा मानिएको छ । गीतमा भावको मात्रामा शिथिलता आउना साथ बाह्य बिषयको प्रवेश आरम्भ हुन्छ र यो वस्तुपरक बन्न सुरू गर्छ । गीतकार धनप्रसाद सुवेदीका भावका विशेष प्रयोग भएका गीतहरू निम्न छन् :

"ए हजुर ! किन ?" भन्ने शीर्षक भएको गीतमा देश भक्तिको पूर्णरूपमा भाव व्यक्त भएको देखिन्छ केही नमुनाहरू तल दिइएको छ :

"विदेशबाट मान्छे आउँछन् हाम्रो हिमाल हेर्न

हामीलाई चाहिँ फुर्सद छैन केही बेर आराम गर्न

धेरै हामी काम-माम नपाई विदेशतिर धाउँछौ

मान्छे भए पनि हजुर पशु झैँ बाच्छौँ ।"

(सुवेदी, २०५०:६)

त्यसरी नै "अस्तित्व के ?" भन्ने शीर्षकको गीतमा पनि मातृभूमि नेपालको वर्णन गर्दै देश भक्तिको भाव गाइएको छ । नेपाली आफ्नो समस्याबाट पार पाउनु पर्छ । उनीहरूमा चेतनाको भाव जगाउनु पर्छ । उनीहरूले आफ्नो अस्तित्त्व आफैले खोज्नु पर्दछ । उदाहरणको लागि उक्त शीर्षकको कविताका पङक्तिहरू तल दिइएको छ :

"नेपाली हो सोच्नु पर्ला कि ?

अस्तित्व के खोज्नु पर्ला कि ?

सगरमाथा नुहे झैँ लाग्छ

जनक वुद्ध लुके झैँ लाग्छ

वीरभद्र अमरसिँह

कतै अन्त भागे झैँ लाग्छ

नेपालको सिमाना मिच्चियो रे

सार्वभौम, स्वतन्त्रता के ?

शोषण दमन सधैँ उस्तै

विकृति र कुरीति बढ्दै

भ्रष्टाचार र अत्याचारले

यो देशमा बाँच्नै गाह्रो भो ।"

(सुवेदी, २०४८:७) ।

"अस्तित्व के ?" भन्ने शीर्षकको गीतमा भौतिकवादी जीवनशैली प्रति व्यङ्गा गर्दै मानिसको विकृति र विसङ्गतिको विरोधमा वा सुधारको चाँहनाको भाव आएको देखिन्छ । एक्काइसौ शताब्दी आधुनिक युग हो । विश्वले भौतिक क्षेत्रमा प्रगति गरेको छ । नयाँ नयाँ औजारको प्रयोग भएको छ । नेपालीहरू उकाली ओरालीबाट भारी बोक्छन् । यो ठूलो असमानता भएको छ । निम्न अंशहरूबाट थाहा पाउन सकिन्छ :

"कम्प्युटरको युगमा पनि

भारी बोकी हिड्नु छ हामी

एक्काईसौँ शताव्दी अरे

खान नपाई रूनु छ हरे

नेपालीको हो सोच्नु पर्ला कि ?

अस्तित्व के खोज्नु पर्ला कि ?"

(सुवेदी, २०४८:७) ।

"वसन्त डाकौ न" कविताको शीर्षकमा दुई दिनको जीवनमा रमाइलो हराभराले भरिपूर्ण हुनु पर्छ भन्ने सन्देशनात्मक भाव व्यक्त भएको छ । वसन्त ऋतुमा वनमा काफल पाकेको हुन्छ । समाजमा खुसि, उमङ्ग र

हाँसो देखा पर्छ । मानिसहरूले नयाँ नयाँ वातावरणको अनुभव गर्दछन् । उदाहरणको लागि तलका पङ्क्ति प्रस्तुत गरिएको छ :

"काफल पाक्यो गाउँदै गीत नाचने रहर

उन्मुक्त हाँसो हाँसेर यहाँ बाँचने रहर

त्यसैले यहाँ शिशिर खेप्यौ बसन्त डाँकेर

यो नयाँ वर्ष आउँछ भनी बसियो पर्खेर ।"

(सुवेदी, २०५१:१०)

"उपदेश" भन्ने शीर्षकको कवितामा प्रत्येक प्राणीले आफ्नो अस्तित्वको नेतृत्व गर्छ भन्ने उपदेशको भाव व्यक्त भएको पाइन्छ । बाँदरले न आफ्नो घर बनाउँछ न अरूको घर बन्न दिन्छ । उसले विगार्ने काम गर्छ । त्यस्तै सर्पको डस्नु काम हो । मांसाहारी वाघ कुनै हालमा घाँस खाँदैन । केही उदाहरणलाई तल प्रस्तुत गरिएको छ :

"वाँदरको काम बिगार्ने हो धुत्ने हो-बिगार्छ, धुत्छ

सर्पको काम डस्ने हो-डस्छ

चिलले चल्ला माथि कहिल्यै दया गर्दैन

मांसाहारी हो बाघ-कहिल्यै घाँस खाँदैन ।

बानी सुधार्न सकिन्न बाँदरको-चनाखो हुनु पर्छ

पुराण सुनाएर हुन्न भालुलाई-पासो थाप्नु पर्छ ।"

(सुवेदी,२०५३:४२)

"ए हजुर ! किन ?" भन्ने गीतमा कृषि प्रधान देशमा कृषकहरूको दयनीय भाव चित्रण गरिएको देखिन्छ । नेपालीको जीवन कष्ट पूर्वक वितेको छ । उनीहरूलाई यातायातको सुविधा छैन । उनीहरूले राम्रो लगाउन र मिठो खान पाएका छैनन् । तलका अंशहरूलाई यहाँ प्रस्तुत गरिएकोल छ :

"लेक-बेसी हलो बोकी गोरू खेरी-खेरी

भीर-पाखा मधेस-पहाड ढाकर बोकी-बोकी

दु:खसाथ साग-सिस्नो, खोले-फाँडो खाँद

बाँचेका छौ, हामी हजुर झुपडो-झाम्रो लगाई ।"

(सुवेदी,२०५०:६)

"गाइनी/गायिका" कविता शीर्षकमा संस्कारको भाव व्यक्त गरिएको छ । पुरूषप्रधान समाजमा नेपाली चेलीको अवस्थाको जीवन्त चित्रण गर्दै लैङ्गिक विभेदको अन्त्य हुनु पर्छ भन्ने भाव रहेको छ । निम्न अंशहरूबाट थाहा पाउन सकिन्छ :

"हातमा सारङ्गी लिएकी सारङ्गी जस्ती

मैलो झुत्रो लगाएकी मानौ रछ्यानकी कसिङ्गर

नुहाउनसम्म नपाएकी

पढ्न लेख्न कहाँ पाओस् बरा-बिचार ।

ऊ जन्मै टुहुरी, अनाथ

उमेर मस्त जवानीको हो

तर होची दृष्टी ख्याउटे र जीलिगान्टी छे ।"

(सुवेदी,२०५३:४४)

त्यस्तै गरी श्रमिकहरूप्रति माया, सहानुभूतिका भाव रहेका गजल गीतहरूको अंशहरूलाई तल दिइन्छ । "गजल" शीर्षक अंशमा सो भाव पाइन्छ :

"एउटा नयाँ शुभ-सन्देश सुनाऊ जस्तो लाग्छ
एउटा नयाँ नौलो गीत गाँऊ जस्तो लाग्छ
खन्छु जोत्छु, गोड्छु अनि भित्रयाउँछु पनि
अघाउन्जेल मिठो खाना खाऊँ जस्तो लाग्छ
उन काट्छु धागो बुन्छु, कपडा म सिउँछु
तातो नयाँ लुगा लगाऊँ जस्तो लाग्छ ।"

(सुवेदी,२०५३:१३)

"गजल" भन्ने शीर्षकको गीतमा अंशहरू :
"सच्चाइ" हो यही भनी चिन्नु कसरी हो ?
बिना बादल पनि यहाँ पानी हुँदोरहेछ ! ?
अचम्म यहाँ-श्रमिकले भिख माग्नु पर्छ ! ?
बादल भित्र गुम्सिएर रवि रूँदोरैछ ! ?"

(सुवेदी,२०५३:१२)

सोही शीर्षकको अर्को अंशहरू :
"मेशिनको जेठो दाजु को हो त-मै हुँ
पशु झै किन बाँच्नु पर्छ यहाँ
डल्ला सबै दाँदै लगाई साऊँ जस्तो लाग्छ
पक्कै पनि बदलिन्छ, परिवर्तन हुन्छ ।"

(सुवेदी,२०५३:१३)

### ४.५.२. कल्पना

कल्पना गीतको प्रमुख तत्वको रूपमा पर्दछ । 'स्मृति पटमा उत्पन्न नयाँ कुरा' भन्ने हुन्छ । यसलाई बुझाउन अङ्ग्रेजीमा परिकल्पना (Fancy, Imagination) तथा कल्पना (

Imagination) शब्दहरू प्रयोग गरिन्छन् । यी दुबै शब्दलाई पर्यायका रूपमा प्रयोग पाइन्छ । (बराल:२०६०:३१) ।

प्रारम्भिक काल देखि नै आजसम्म काव्यमा कल्पनाले खेल्ने भुमिका बारे सामन्यत मतमतन्तर देखिए पनि उसको धेरै वा थोरै महत्व भने सबैले स्वीकार गरेको अवस्था छ । कल्पनाले भुमिका खेलेका कवि धनप्रसाद सुवेदीका कविताको अंश तल शीर्षकको कविता, गीतका अंशहरू :

कल्पना भएको"अस्तित्व के ?" भन्ने शीर्षकको गीतका अंशहरू :

"सगरमाथा नुहे झैँ लाग्छ

जनक वुद्ध लुके झैँ लाग्छ"

(धनप्रसाद सुवेदी:२०४८:७)

"गजल" भन्ने शीर्षकको गीतका कल्पनाका भाव भएको अंश :

"पक्कै पनि बदालिन्छ, परिवर्तन हुन्छ

यहि नौलो शुभ-सन्देश सुनाऊँ जस्तो लाग्छ ।"

(धनप्रसाद सुवेदी :२०५३:१३)

"गजल" भन्ने शीर्षकको गीतमा कल्पनाका भाव भएको अंश :

"हात्ति आयो हात्ति आयो फुस्सा जताततै

महासागर पनि आजकाल खहरे झै लाग्यो ।"

(सुवेदी,२०५२:१६)

"गजल" शीर्षकको गीतमा कल्पना भएको अर्को अंश :

"आस्था विश्वास भन्ने सारा, मरे झैँ लाग्यो

पालुवा ति वसन्त मै झरे झैँ लाग्यो ।"

(सुवेदी:२०५२:१६)

### ४.५.३. सङ्गीत

सङ्गीत गीतको लागि चााहने अनिवार्य तत्व हो । सङ्गीतको अभावमा गीतको कल्पना गर्न सकिँदैन । गीतकारहरू आनन्ददापक ध्वनिको ढाँचा सिर्जना गर्न तथा अर्थलाई अझ प्रभावकारी

बनाउका लागि सङ्गीतको प्रयोग गर्छन प्राचीन समयदेखि अहिलेसम्म पनि गीतमा सङ्गीतको महत्व रहिआएको छ । प्राचीन समयमा गीत तथा कवितामा भाषालाई सङ्गीतले मिचेको प्रस्सतै उदाहरण पाइन्छ भने कविता जस्ता साहित्य विधा सङ्गीतकै लयमा हुर्किएकोबाट पनि सङ्गीतको महत्वको अनुमान लगाउन सकिन्छ । (बराल,२०६०:३४)

सङगीत अभाषिकः (Non-verbal) हुने भएकाले गीतमा यस तत्वको व्याख्या तुलनात्मक रूपमा अफ्ठ्यारो हुन्छ तर यसको विवेचना असम्भव भने छैन । विश्लेषणका सजिलोका लागि यसलाई भाषाका माध्यमद्वारा अभिव्यक्ति हुने सङ्गीत र मौखिक तथा वाद्ययन्त्रको प्रयोगबाट अभिव्यक्त हुने सङ्गीत गरी भागमा छुट्याई हेर्न सकिन्छ । पहिलोलाई शब्द सङगीत र दोस्रोलाई भनिएको हो । भाषा कै माध्यमद्वारा अभिव्यक्ति हुने शब्द सङ्गीतलाई पनि दुई भागमा बाँडेर अध्ययमा गरिएको छ :

## ४.५.३.१. लय

पङ्क्ति पङ्क्ति बीच प्रयुक्त बराबर वा घटिबढी अक्षरहरूको वितरणका कारण उत्पन्न हुने लय हो । लयको सम्वन्ध समय (Time) र गति (Motion) सँग हुन्छ । बराबरी वा उही समयमा पढ्न वा गाउन सकिने गरी पङ्क्ति-पङ्क्ति बीच भाषा स्वर तथा व्यन्जन वर्णहरूको सही व्यवस्थापन वर्णहरूको सङ्ख्या, बलाघात तथा सुरले महत्वपूर्ण भूमिका निर्वाह गर्छ र यसल गेय नै गीतलाई गेम पनि मनिन्छ बनाउँछ (बराल,२०६०:३५) लयहरू :

मुख्यतमा तीन खालका हुन्छन् ती तीनै प्रकारका लयहरूको यहाँ अध्ययन गरी धनप्रसाद सुवेदीको गीतको अध्ययन र विश्लेषण गरिएको छ ।

### (क) एउटै नियमित लय व्यवस्थामा आधारित गीतहरूः

यस्तो प्रकारको लयमा आधारित गीतहरूमा लयको निर्माण पंक्ति नै पिच्छे उच्चारणका सन्दर्भमा पूरै वितरण व्यवस्थाबाट हुने गर्दछ (बराल,२०६०:३६) यस लय अर्न्तगत गीतका उदाहरण ( अंश) लाई यहाँ प्रस्तुत गरिएको छ :

"गजल" शीर्षकको गीतको अंश :

"आस्था विश्वास भन्ने सारा मरे झैँ लाग्यो

पालुवा ती वसन्चभै झैँ लाग्यो ।

मुटु पनि आजकल त ढुँगाको पो हो की ?

मनुषत्व हामीहरू सरे झैँ लाग्यो ।"

(सुवेदी,२०५२:१६)

"वसन्त डाकौं न" भन्ने शीर्षकक कविताको अंश :

"काफल पाक्यो गाउँदै गीत नाचने रहर
उन्मुक्त हाँसो हाँसेर यहाँ बाँचने रहर
त्यसैले यहाँ शिशिर खेप्यौ बसन्त डाँकेर।"

(सुवेदी, २०५१:१०)

## (ख) मिश्रित नियमित लय व्यवस्थामा आधारित गीतहरू :

यहाँ मिश्रितको तात्पय लय दुई वा दुई भन्दा बढी प्रकारका लयहरूको मिश्रण भन्ने हो । यसरी लेखिएका गीतहरूमा एउटै गीत भित्र पनि दुई वा दुई भन्दा लय प्रयोग भएको पाईन्छ । सामन्यता गीतको स्थायी भागमा आउने पङ्क्तिरूमा एक प्रकारको र अन्तरा वा स्थायी भन्दा भिन्न अनुच्छेदहरूमा अर्कै प्रकारको र अन्तरा लय प्रयोग भएको देखिन्छ (वराल:२०६०:३७) यस लय अर्न्तगतका गीतहरूका अंशलाई यहाँ प्रस्तुत गरिएको छ :

"आस्था विश्वास भन्ने सारा मरे झैं लाग्यो
पालुवा ती वसन्ताभै झरे झैं लाग्यो ।
मुटु पनि आजकल त ढुँगाको पो हो की ?
मनुषत्व हामीबाटसरे झैं लाग्यो ।"

(सुवेदी,२०५२:१६)

"नाम रे ?
कसको नाम सोधेको ? महाशय !
मेरो देशको नाम ?
उहिले मनौ पहिले मेरो देशको नाम थियो
हो, जनक र बुद्धको ज्ञान थलो थियो
सगरमाथा र अरनिको देश थियो

बलवद्र र भीमसेन थापाको जन्म थलो थियो”

(सुवेदी,२०५२:१८)

“भन्नेस त महाशय,
यस बेला म मेरा देशको नाम के बताऊँ ?
के बताऊँ महाशय मेरो नाम तपाईलाई
जनक बुद्धको सन्तान कसरी भन्ने खै मलाई ।”

(सुवेदी,२०५२:१८)

“छुरी, चुप्पी, साङलो कपट बलको शासन यहाँ
लुकी बिच्छी सर्पै चिलन डसने तम्तयारमा
गलामा पासो भो नयन मुखमा पट्टि कसिला

यही स्वर्गै मानी सहिदिनु ओ बन्धन किलो ।”

(सुवेदी,२०५:३२)

“कम्प्युटरको युगमा पनि
भरी बोकी हिड्नु छ हामी
एक्काईसौं शताव्दी अरे
खान नपाई रून्नु छ हरे
नेपालीको हो सोच्नु पर्ला कि ?
अस्तित्व के खोड्नु पर्ला कि ?”

(सुवेदी, २०४८:७)

“गजब मनोरञ्जन दिईरहेछौ
जसरी नाच्नु छ नाच धुट छ
मनोरञ्जन सानो पजेरो तिर्दै छौं

बाँकी सारा ब्रम्हलुट छ ।"

(सुवेदी, २०५३:११)

### (ग) अनियमित वा मुक्त लय व्यवस्थामा आधारित कविताहरू:

पङ्क्ति-पङ्क्ति बीच वर्ण मात्रा अक्षरगत समानतालाई नभई भावको प्रवाह अनुसार अक्षरहरू घटिबढी किसिमले विपरीत भएको लय व्यवस्था मनिन्छ (बराल:२०४६:३८) । यस लय अर्न्तगतका अंशलाई यहाँ प्रस्तुत गरिएको छ :

"चोईं एक गाँस जुठो भात देखाउँदा

राल काट्दै जान्छौ र

भार लात खाएर फर्कन्छौ ।"

(सुवेदी, २०५०:२८)

## ४.५.३.२. ध्वनि सङ्गीत

शब्द सङ्गीत अर्न्तगत पर्न दोस्रो सङगीत ध्वनि सङ्गीत हो । यसलाई अनुप्रयासका रूपमा चिनाउन सकिन्छ । गीतमा सङ्गीतको सृष्टि लपका साथै पङ्क्ति पङ्क्ति बीच दोहोरिएर आउने एउटै वा एकै प्रकारको वर्ण पद पदावलीहरूले पनि गर्ने गर्छन् । गीतमा धेरै जसो अनुप्रासका कारण सङ्गीतको सृष्टि हुन्छ भने एउटै स्वर वर्ण र व्यन्जनवर्णको आवृत्ति अनि पद तथा पदावलीको आवृत्तिका कारणले पनि सङ्गीतको सिर्जना हुने गर्छ, (बराल,२०६०:४०) ।

अनुप्रास शब्दालङ्कार भित्र पर्ने एउटा चर्चित अलङकार वा अनेक पटक हुने आवृत्तिलाई अनुप्रास भनिन्छ (बराल,२०६०:४०) यो अनुप्रास तीन किसिमका हुन्छन् तिनै आधारमा गीतकार कवि धनप्रसाद सुवेदीका गीतका अंश यहाँ अध्ययन गरिएको छ :

### (क) अन्त्यानुप्रास

अन्त्यको शब्द वा वर्णहरू दोहीरिएको कविताहरू अन्त्यानुप्रास भएका कविता हुन्छन्:

"अरूहरूले गरे अरे विकास कति

हाम्रो यादि हेर्नुस हजुर यस्तै दुर्गति ।"

(सुवेदी, २०५०:६)

"लेक-बेसी हलो बोकी गोरू खेरी-खेरी

भीर-पाखा मधेस-पहाड ढाकर बोकी-बोकी
दुःखसाथ साग-सिस्नो, खोले-फाँडो खाँद
बाँचेका छौ, हामी हजुर झुपडो-झाम्रो लगाई ।"

(सुवेदी,२०५०:६)

"विदेशबाट मान्छे आउँछन् हाम्रो हिमाल हेर्न
हामीलाई चाँही फुर्सद छैन केही बेर आराम गर्न"

(सुवेदी,२०५०:६)

"कम्प्युटरको युगमा पनि
भरी बोकी हिड्नु छ हामी
एक्काईसौं शताव्दी अरे
खान नपाई रूनु छ हरे"

(सुवेदी, २०४८:७)

## (ख) मध्यानुप्रास

मध्यानुप्रास माझको वर्ण वा शब्दै दोहोरिएको अवस्था हो । यस्तो गीत र कविताको अंश निम्न छ:

"हृदयलाई ढाँट्ने पनि कवि हुँदो रै छ ! ?
उज्यालोलाई छेके पनि रवि हुँदो रै छ ! ?"

(सुवेदी,२०५३:१२)

### (ग) आद्यानुप्रास

सूरूको वर्ण वा शब्द दोहोरिएको अवस्था आद्यानुप्रास हो । यस्तो गीत र कविताको अंश निम्न छ :

"कति रूझुँ यो रिमझिम वर्षादमा
कति सुकुँ यो चैतको खडेरीमा ।"

(सुवेदीः२०५१:३१)

"यहां हाम्रा राम्रा सत र गहना चोर्छ जसले
यहां हाम्रा सारा श्रम र पसिना खोस्छ जसले ।"

(सुवेदीः२०५३:३२)

## ४.५.४ बिम्ब

बिम्ब तत्सम शब्द हो । स.स्कृतमा "प्रतिच्छाया" अर्थमा यस शव्दलाई प्रयोग गरिएको पाइन्छ । यसलाई अङग्रेजीमा "इमेज" (Image) भनिन्छ । सामान्य अर्थमा कुनै वस्तु, कार्य, भाव विचार तथा सयोगमय मानसिक तस्बिरलाइ प्रतिनिधित्व गर्ने भाषिक एकाइलाई बिम्ब भनिन्छ । यसको जन्म भाषिक ध्वनिको सहयोगले अमूर्त अनुभूति प्रक्रियाबाट हुन्छ र यसको मूल उपकरण इन्द्रिय जन्य अनुभव हो (वरालः२०६०:४४) । वस्तुतः बिम्ब अमूर्त वस्तु तथा कुनै वस्तुको मानवीकरण भएर पनि बन्ने गर्छ । गीतकार धनप्रसाद सुवेदीका गीत र कविताहरूमा भएका बिम्बहरूलाई यहां देखाइएको छ :

दृश्यात्मक बिम्ब भएको गीतको अंशलाई यहाँ दिइएको छ :

"प्रकृतिले पारेको छ नेपाल हराभरा
पाखुरीछन् नेपालीका साह्रै दह्रा-दह्रा ।"

(सुवेदीः२०५०:६)

" लेक-बेसी हलो बोकी गोरू खेदी-खेदी

भीर-पाखा, मधेश-पहाड ढाकर बोकी-बोकी ।"

(सुवेदी:२०५०:६)

### ४.५.५. प्रतीक

प्रतीक बिम्बकै विशिष्ट रूप हो किनभने खास धारणा व्यक्त गर्ने बिम्बलाई नै प्रतिक भनिन्छ । प्रतीकले आफनो वास्तविक अर्थलाई अको वस्तुमा आरोपित गरी गीतको कुनै पङ्क्ति , अनुच्छेद, वा पुरै गीतलाई नै पनि ध्वन्यात्मक बनाइदिन्छ )वराल:२०६०:४८(

कुनै पनि मूर्त वस्तुको प्रयोगद्वारा अमूर्त गुण वा भावको उल्लेख गर्न सकिन्छ । यसरी प्रयोग गरिने वस्तु वा घटना जसले सामान्य वा सोझो अर्थ नवुझाएर त्यस भन्दा निकै परको अर्थ बुझाउंछ भने त्यस्तो वस्तु वा घटनालाई प्रतीक भनिन्छ । प्रतीक एकातिर अमृत र अव्यक्त भागलाई भिन्न ढांचाले मूर्तता र अभिव्यक्ति दिने काम गर्दछ भने अर्कातिर धेरै शव्द खर्च गरेर भन्नु पर्ने धेरै शव्द खर्च गरेर भन्न पर्ने कुरालाई थौरै शव्दमा मीठोसंग भन्दछ (वराल:२०६०:४०) । धनप्रसाद सुवेदीका कवितामा भएका प्रतीक अंशलाई तल दिइएको छ :

"कुन सुल्टो ? कुन उल्टो ? छुट्याउन गाह्रो

पानी पनि हवनीय हवि हुंदोरै'छ !?"

(सुवेदी:२०५३:१२)

### ४.५.६. अलङ्कार

पूर्वीय साहित्यमा अलङ्कार सिद्धान्त एक साहित्यिक काब्यिक सिद्धान्तका रूपमा प्रतिष्ठित छ । अलङ्कार सिद्धान्तको पृष्टभूमि पहिल्याउदै जांदा वेदसम्म पुग्न सकिन्छ तापनि अलङ्कारको चर्चाको शुरूवात आचार्य भरतको नाट्य शास्त्रबाट हुन्छ । जसमा उनले उपमा,यमक र दीपक जस्ता चार अलङ्कारको उल्लेख गरेका छन् । भरतपछि भामहले अलङ्कारको परिभाषा, प्रकार, गुण दोष, स्वरूपमा आदिको चर्चा गरेका छन् । उलने आफ्नो परिभाषामा वास्तवमा वक्रोक्ति नै त्यो मूल शक्ति हो जसबाट सबै प्रकारका अलङ्कार प्रवर्तित एवम् रूपायित हुन्छन् भनेर भनेका छन् । अलङ्कारलाई काव्यको अङ्गीतत्वको रूपमा लिदै आत्माको रूपमा प्रतिस्थापित गरेका छन् (वराल:२०६७:११४) । त्यसपछि अलङ्कारवादी आचार्यहरूमा दण्डी, उदभट, वामन, महिम भट्ट, कुन्तक र भोज आदि आउंछन् । रस भएपनि सामान्य रूपमा अलङ्कारको चर्चा गर्न अरू आचार्यहरूमा आनन्दवर्धन, विश्वनाथ, मम्मटहरू हुन् (न्यौपाने:२०६७:११४)

यसरी अलङ्कारको परिभाषा हेर्दै जांदा के देखिन्छ भने अलङ्कारलाई एकथरी विद्वान काव्यको सौन्दर्य तत्व स्वीकार्छन भने अर्काथरी विद्वान काव्यलाई शोभा बढाउने तत्व भन्दछन् । यसरी अलङ्कार

शुरूमा सौन्दर्य कारक आत्मतत्व थियो भने विस्तारै पछि गएर काव्यको वाह्य आभुषणका रूपमा मात्र प्रतिष्ठापित हुन पुग्यो ।

अलङ्कार २ प्रकारका हुन्छन् ती हुन्:

(क) शव्दालङ्कार (ख) अर्थालङ्कार

**(क) शव्दालङ्कारः**

शव्दमा देखिने चमत्कार हो । गीतमा वर्ण पद पदावलीहरू दोहोरिएर आएमा शव्दमा चमत्कार देखिने गर्दछ । शव्दालङ्कार धेरै छन् (वराल:२०६७:११५) 'वेनाम' कविता सङ्ग्रहमा शव्दालङ्कार भएको एउटा अंश तल प्रस्तुत गरिएको छ ।

"आष्था विश्वास भन्ने सारा मरे झै. लाग्यो
पालुवा ती वसन्त मै झरे झै लाग्यो ।"

(सुवेदी:२०५२:१६)

**(ख) अर्थालङ्कारः**

गीतहरूमा रहेको अर्थमा विशिष्टता आएमा वा चमत्कार देखिएमा अर्थालङ्कार हुन्छ । अर्थको चमत्कारका कारण सौन्दर्भ प्रकट गर्ने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ (वराल:२०६७:११५) ।

अर्थालङ्कारको उदाहरण निम्नानुसार छः

दृष्टान्त अलङ्कार :

"प्रकृतिले पारेको छ नेपाल हराभरा
पाखरी छन् नेपालीका साह्रै दह्रा(दह्रा
तर किन हामी हजुर पछि पर्या होला
सांचो कुरा बुझ्ने चासो आजै राखौं होला ।"

(सुवेदी: २०४५:३०)

**४.५.७. मानवीकरण**

गीतमा सौन्दर्य सिर्जना गर्नमा वस्तुको पनि प्रमुख भूमिका रहन्छ । मानवीकरणको तात्पर्य कुनै वस्तु वा जनावर आदिलाई मान्छेको रूपमा व्यवहार गर्न भन्ने हुन्छ । यसमा यौन, माया जस्तो अमूर्त

कुरालाई चित्रात्मक ढङ्ले मानवीय रूपमा प्रयोग पनि गरिन्छ (वराल,२०६०:१५) । 'वेनाम' कविता सङ्ग्रहको मानवीकरण भएको उदाहरण तल प्रस्तुत गरिएको छ :

"कलम ।

तिमीमा काँडा उम्रेछन्

दाह्रा नङ्ग्रा पलाएछन्

अचेल

तिमी घोच्दा रहेछौ

विज्दा रहेछौ, चिथोर्था रहेछौ

बिज्दा रहेछौ नि तिमी ।"

(सुवेदी:२०४५:३०)

### ४.५.८: भाषा

गीत भाषाका माध्यमद्वारा अभिव्यक्त हुने कला विशेष हो । गीतले आफ्नो अस्तित्व भाषाकै सहयोगबाट प्राप्त गर्छ भने श्रोता तथा पाठकहरू गीतको अर्थ भाषा नै सुनेर लगाउँछन् । समालोचनकहरूले पनि गीतको व्याख्या तथा विश्लेषण गर्दा भाषाको नै सहयोग लिनु पर्छ । भनाइको तात्पर्य के हो भने गीतमा काव्य विषयको अभिव्यक्त भाषाकै माध्यमद्वारा हुन्छ र गीतलाई सङ्गीतात्मक बनाउन पनि भाषाकै स्वर तथा व्यन्जन वर्णहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । गीतमा बिम्ब तथा प्रतीकहरूको अस्तित्वका सन्दर्भमा होस् वा शैलीका प्रयोगका सन्दर्भमा, सबैमा भाषाले बहन गर्ने भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ (बराल,२०६०:५२) । जे होस भाषा जुनसुकै साहित्यिक कृतिका निमित्त आवश्यक पर्ने तत्त्व हो । त्यसैले गीतलाई पनि अभिव्यक्ति गर्न भाषाको जरूरी छ । धनप्रसाद सुवेदीले गीत, कविताहरूमा सरल, सहज र साधारण भाषाको प्रयोग गरेका छन् । उनका कविताहरूमा स्थानीय भाषाका शव्दहरू समेत प्रयोग गरिएको छ । साथै तत्सम, तद्भव र आगन्तुक तीनै किसिमका शव्दहरूको पनि प्रयोग गरिएको छ । निम्न प्रकारका स्थानीय भाषाको शव्दहरूको प्रयोग गरिएको छ :

ढाकर, पाखरी, साग सिस्नो, खोले फाँडो, खेदीखेदी, भारी, एक गाँस, जुठो भात, सिनित्त आदि ।

## ४.६. औपन्यासिक तत्त्वका आधारमा 'सानो स्वार्थ भयङ्०कर अपराध' उपन्यासको अध्ययन

### ४.६.१ उपन्यासको परिचय

साहित्यका विविध विधामध्ये उपन्यास पनि एउटा विधा हो । उपन्यास गद्यमा रचिने एक साहित्यिक विधा हो । उपन्यासको इतिहास साहित्यका अन्य विधाहरू जति पुरानो नभए पनि विश्वसाहित्यमा मात्र होइन आज आएर यो विधा नेपाली साहित्यमा पनि स्थापित लोकप्रिय विधाको रूपमा चिनिएको छ । नेपाली साहित्यको प्रचलित उपन्यास शब्द तत्सम शब्द हो ।

"उप" र "नि" उपसर्ग लागेर "अस" धातुमा "घञ्" प्रत्यय लागेर उपन्यास शव्द निष्पन्न हुन्छ । यसको व्युत्पत्ति मूलक अर्थ कुनै पनि वस्तुलाई कसैको नजिक राख्नु हो । (उपाध्याय,२०४०:१५२) ।

संस्कृतमा उपन्यासको अर्थ कुनै वस्तु कसैको नजिकमा राख्नु भन्ने हुन्छ । स.स्कृत साहित्यमा कुशलतापूर्वक कुनै विशेष अर्थ प्रकट गर्ने प्रक्रिया विशेष नै उपन्यास हो भनेर उपन्यास शव्दको अर्थ लगाइएको छ । जीवन जगत्का यथार्थ पक्षलाई समेटेर समाजका सामु प्रस्तुत गर्नु नै उपन्यास हो भन्ने सिद्ध हुन्छ । संस्कृत साहित्यमा उपन्यासलाई आनन्द गराउने अर्थमा हेरिएको भए पनि आधुनिक नेपाली साहित्यमा उपन्यासलाई छुट्टै पहिचान गराउन सफल विधाको रूपमा पाश्चात्य साहित्यको उपज हो

भन्ने कुरामा सवै विद्वान्हरू सहमत छन् र इटालियन साहित्यको "नोबेला" शव्दको पर्यायको रपमा उपन्यास शव्दको प्रयोग भएको देखिन्छ ।

अङ्ग्रेजीको "नोबेल" शव्द इटालियन भाषाको "नोबेला" शव्दबाट आएको देखिन्छ । जसको अर्थ नयाँ कुरा भन्नु हुन्छ । मानव समाजको उत्थान र पतनको प्रतिबिम्ब झल्काउने विधाको रूपमा उपन्यासले विकास गर्दै आएको देखिन्छ । यसरी उपन्यासका परिभाषाका सन्दर्भमा पूर्वीय तथा पाश्चात्य साहित्यका विद्वानहरूले आआफ्नै किसिमको मत प्रकट गरेको पाइन्छ ।

पाश्चात्य विद्वान राल्फ फक्सले उपन्यासलाई यसरी परिभाषित गरेका छन्: "उपन्यास कला नै त्यो पहिलो साहित्यिक कला हो जसले मानव जीवनको सम्पूर्ण अङ्गको अभिव्यक्ति गर्ने प्रयास गर्दछ " (राल्फ फक्स, १९४४:२०) ।

अर्का विद्वान हेनरी फिल्डिङ उपन्यासको परिभाषा यसरी गर्दछन् "उपन्यास सुखान्त गद्य महाकाब्य हो" (होरी फिल्डिङ, १९३९:२०) ।

त्यस्तै नेपाली साहित्यका विद्वानहरूले पनि उपन्यासलाई आफ्नै किसिमले परिभाषित गरेको पाइन्छ । कृष्ण चन्द्र सिंह प्रधानका अनुसार "सामाजिक जीवनमा भएको क्रान्ति र नयां पुंजीबादी व्यवस्थामा हुर्केको नौलो विधा नै उपन्यास हो" (प्रधान, २०५२:३९८) ।

बहु संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधि भरिको समय र स्थान भित्र विस्तारित भएको कला सौन्दर्य युक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ, (शर्मा र श्रेष्ठ, २०४९:९७) ।

त्यसैगरी राजेन्द्र सुवेदीका अनुसार उपन्यासको परिभाषा यस्तो रहेको छ "पूर्वाधार तारतम्यमा सम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ " (सुवेदी, २०५३:२३) ।

उपन्यास विधालाई पाश्चात्य साहित्यको देन मानिन्छ । कथा तथा उपन्यास दुबैलाई पाश्चात्य जगतमा फिक्सन शब्दले उपन्यासको स्थान ओगट्न पुग्यो, (श्रेष्ठ, २०४९: ९७) । उपन्यासको अनेकौं स्वरूप र विषयगत विभिन्नता रहे पनि विद्वानहरूले गरेका परिभाषामा एकमत नदेखिए पनि कुनै तत्त्वहरूको घटीबढी हुनु नहुनु जस्ता असमानता भित्रै केही समान वस्तुको अपेक्षा गरिएको हुन्छ । देख्दा विशृङ्खल लाग्ने अनियमिततामा पनि यस्तो एक संयोजन हुन्छ जसको पूर्णतया जीवनको समृद्ध चित्र वा कुनै प्रति कृति अवभारित हुन्छ (प्रधान, २०५२:७) ।

यसरी विभिन्न विद्वानहरूका परिभाषालाई हेर्दा उपन्यास जीवनको वाह्य संरचनाको वास्तविक तर कलात्मक अभिव्यक्ति हो अरू कलाकृति जस्तै उपन्यास पनि रूप, आकृति र संरचना आदिको अपेक्षा राख्ने कृति हो जीवनको कलात्मक चित्रण गर्ने र मानव सभ्यताको अन्वेषण गर्ने साहित्यिक

कृतिको रूपमा उपन्यासलाई लिने गरिन्छ । उपन्यास जीवनको ऐना हो र यसको सेरोफेरोमा मान्छेको जीवन छरिएको हुन्छ । पुस्तौंपुस्ताको सभ्यता संस्कृतिको मोलतोललाई औपन्यासीकरण गर्ने प्रवृति उपन्यासमा प्रयोग भएको पाइन्छ । अर्को प्रकारले भन्नुपर्दा उपन्यासले जीवनको व्यापकतालाई प्रस्तुत गर्दछ ।

साहित्यिक रचनालाई विधागत स्वरूप प्रदान गर्न विभिन्न अवयवहरू तथा उपकरणहरूको आवश्यकता पर्दछ । नाटक, कथा, काव्य सबैका आफ्नै विधागत अवयवहरू हुन्छन् । तिनै अवयवहरूका सयोजन एवं पूर्णताबाट कुनै पनि साहित्यिक रचना उत्कृष्ट ठहरिन्छन् र त्यसले विधागत स्वरूप प्राप्त गर्दछ । कुनै पनि कुराको निर्माण वा वनावटका निमित्त त्यसलाई बनाउने वा निर्माण गर्ने उपयुक्त तत्त्वहरूको आवश्यकता पर्दछ (पाण्डेय, २०५३:५०) ।

त्यस्तै उपन्यास विधाको निर्माणका लागि पनि आवश्यक पर्ने तिनै अवयव तथा यसमा प्रयुक्त उपकरणलाई नै उपन्यासका तत्त्व भनिन्छ । उपन्यासका तत्त्वहरूका बारेमा पनि विद्वानहरू बीच एकरूपता पाइँदैन तर उनीहरूका बीच एउटा सहमति भने देखिन्छ त्यो के हो भने उपन्यासका तत्त्वहरू थपघट भए पनि तत्त्व शून्य उपन्यास भने हुन सक्दैन । वास्तवमा उपन्यास विधाको आरम्भ

पश्चिमी साहित्यबाट नोबेल नामक विधाको रूपमा सुरूवात भएको पाइन्छ । पूर्वीय साहित्यमा भने पछि मात्र प्रबन्धात्मक रूपमा विकास भएको पाइन्छ । पूर्वीय साहित्यमा नै पछि मात्र प्रवन्धात्मक रूपमा विकास भएको पाइन्छ  पाश्चात्य साहित्यमा कथावस्तु, पात्र र सार तत्त्वलाई उपन्यासको मूल तत्त्वको रूपमा लिएको पाइन्छ । पूर्वीय साहित्यमा वस्तु, नेता र रसलाई नै यसको मूल तत्त्वका रूपमा स्वीकार गरिएको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने पाश्चात्य र पूर्वीय साहित्यका विद्वानहरूले उक्त तीन तत्त्वहरूलाई उपन्यासको मूल तत्त्व ठानेका छन् ।

यसैगरी नेपाली साहित्यका विद्वानहरूले पनि तत्त्वहरूका बारेमा आ-आफ्नो धारणा राखेका छन् । यसै सन्दर्भमा कृष्णचन्द्र सिंह प्रधानले भनेका छन् 'कुनै पनि वस्तु तयार गर्नका लागि विभिन्न उपकरणहरूको आवश्यकता पर्दछ । यसैगरी उपन्यासका तत्त्वलाई निश्चित आधारमा बाड्न नसके पनि सामान्यतया यसमा पाइने आवश्यक वस्तुका आधारमा उपन्यासको मूलभूत तत्त्व भन्नाले कथानक, चरित्र कथोपथन, भाषाशैली, वातावरण उद्देश्य, संवादलाई उपन्यासका तत्त्वका रूपमा प्रस्तुत गरेका छन् ।

यसैगरी साहित्यका विद्वान तथा विश्लेषकहरूले उपर्युत लिखित मूलभूत तत्त्वहरू सहित दृष्टिविन्दु, प्रतीक बिम्ब तथा गति र लयलाई पनि औपन्यासिक तत्त्वका रूपमा मानेका छन् । औपन्यासिक तत्वका सन्दर्भमा भएका चर्चा परिचर्चालाई हेर्दा उपन्यासका तत्त्वहरूलाई शब्दगत भिन्नता देखिएता पनि अर्थमा भने फरक पाइँदैन । मुख्य तत्त्वहरू बाहेकका अरू तत्त्वहरूलाई समावेश गरी उपन्यासलाई नौलो स्वरूप पनि दिएको पाइन्छ । यस परिप्रेक्ष्यमा सबै विद्वानहरूले स्वीकार गरेका तथा उपन्यासका तत्त्व मान्नु पर्ने देखिन्छ ।

उपन्यासका विविध स्वरूप र विकासशील प्रकृत्तिले गर्दा यसलाई निश्चित सीमामा वाध्न नसकिए पनि कथावस्तु चरित्रचित्रण, देशकाल परिवेश, उद्देश्य, कथोपकथन, दृष्टिविन्दू र भाषाशैली आदिलाई विद्वानहरूले उपन्यास रचना तत्त्वका आधार स्विकारेका छन् । यहाँ यिनै तत्त्वका आधारमा उपन्यासकार धनप्रसाद सूवेदीको 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यासको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## ४.६.२.	'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यासको अध्ययन

साहित्यकार धनप्रसाद सुवेदी वि०स.० २०५२ सालमा "सानो स्वार्थ भयङ्कर अपराध" उपन्यास लेखेका हुन् । उनलाई उन्यासकारका रूपमा चिनाउने प्रकाशित एक मात्र उपन्यास "सानो स्वार्थ भयङ्कर अपराध" उपन्यास हो । औपन्यासिक कृति 'सानो स्वार्थ भयङ्कर अपराध' को औपन्यासिक तत्त्वहरूका आधारमा निम्न प्रकार अध्ययन गरिएको छ ।

### (क) कथा वस्तु

उपन्यासका आधारभूत तत्त्वहरूमध्ये कथावस्तु प्रमुख तत्त्वका रूपमा रहेको छ । उपन्यासमा उपन्यासकारले प्रस्तुत गरेको विषयवस्तु नै कथावस्तु हो । उपन्यासकारले आफ्ना धारणा अनुभूति र विचारलाई मूर्त रूपमा उतार्ने प्रयास कथावस्तुमा गरेका हुन्छन् । कथानक उपन्यासको आधारवस्तु

भएकाले घटनाहरूलाई एक अर्कासित उनेर सम्बन्ध जोड्ने र सङ्गठित गर्ने काम कथानकले गर्छ र यसलाई घटनाको सङ्गठन पनि भन्न सकिन्छ (प्रधानः २०५२) ।' जसको सम्पूर्णतामा उपन्यासको आकृति खडा हुन्छ । सामान्य वस्तुलाई पनि कलात्मक ढङ्गले प्रस्तुत गरेर पाठकका दिमागमा विशेष प्रकारको छाप बसाल्ने तत्त्व कथावस्तु हो ।घटना प्रधान उपन्यासका लागि त कथानक मुटु नै सिद्ध हुन्छ तर आधुनिक उपन्यासमा भने कथानक क्षीण हुँदै गएको देखिन्छ । कथावस्तुको आधारमा उपन्यासको वर्गीकरण गर्न सकिन्छ । यस अर्थमा पनि कथानक महत्त्वपूर्ण तत्त्व हो भन्ने टहरिन्छ । निरन्तरता प्रदान गर्ने र औचित्य विन्यास गर्ने कार्य कारण सम्बन्ध देखाउने र क्रमद्धता प्रस्तुत गर्ने तत्त्वको नाम कथानक हो । (सुवेदी:२०५२:१३) । उपन्यासकारले कुनै विषयमा उपन्यास लेख्ने भन्ने कुराको निश्चय गरिसकेपछि त्यस विषयलाई नवीन शैलीगत अनुशीलनबाट घटना चरित्र तथा द्वन्द्वको कलात्मक प्रयोग गरेर प्रभावकारी कथानक बनाउने कोसिस गरेको हुन्छ । त्यस क्रममा चरित्र प्रधान, द्वन्द्व प्रधान काल्पनिक आदि जस्तो पनि उपन्यास बनाउन सकिन्छ तर तिनको परिपूर्तिका लागि कथावस्तु तथा कथानकको चाँहि अनिवार्य आवश्यकता पर्दछ । मनोवैज्ञानिक उपन्यासमा मनोविश्लेषणको परिवेशले ठाउँ लिएको हुन्छ भने चरित्र प्रधान घटना प्रधान, द्वन्द्व प्रधान र विचार प्रधान उपन्यासमा सोही अनुरूपको तत्व बढी भएको कथावस्तुको विकास आरम्भ, सङघर्ष, विकास चरमोत्कर्ष उपसंहार र उपकर्ष गरी पाँच अवस्थामा हुन्छ ।

पुराण, इतिहास र दन्त्यकथा आदि लोक प्रचलित हुने भएकाले तिनलाई प्रख्यात भनिन्छ । रचनाकारको मौलिक कल्पनालाई उत्पाद्य भनिन्छ भने प्रख्यात र उत्पाद्यको मिश्रणलाई मिश्रित कथावस्तु भनिन्छ । कथावस्तुको स्रोत सम्वन्धी पूर्वीय र पाश्चात्य मान्यता बीच खासै भिन्नता देखिँदैन । आजका आधुनिक उपन्यासहरू प्रख्यात कथावस्तुभन्दा युगीन प्रवृत्ति, समसामयिक कथावस्तुलाई आधार बनाएर वर्तमान सन्दर्भलाई उद्घाटन गर्ने लक्ष्य राखिएको हुन्छ । प्रस्तुत "सानो स्वार्थ भयङ्कर अपराध" उपन्यास पुराण, इतिहास अथवा दन्त्यकथा जस्ता प्रख्यात विषयवस्तुमा आधारित नभएर विशुद्ध रूपमा उपन्यासकारको मौलिक कल्पनामा आधारित उत्पाद्य विषय वस्तुमा आधारित छ । अर्को शब्दमा भन्नु पर्दा यसको कथावस्तुको स्रोत प्रख्यात नभएर उत्पाद्य हो उपन्यासमा रहने आदिदेखि अन्त्यसम्मका घटनावलीको संयोजनको अवस्था नै

कथावस्तुको ढांचा हो । उही घटनावलीलाई पनि उपन्यासकारले आफ्नो रूचि, प्रभावकारीता तथा कौशल प्रर्दशन गर्नका लागि विभिन्न ढांचा अवलम्वन गरेर कथानकको निर्माण गर्दछ । यस्ता मूलतः दुई किसिमका हुन्छन् - रैखिक र वृत्ताकारीय । रैखिकले कथावस्तुका अङ्गहरूलाई क्रमबद्ध गरी सिधा अगाडि बढाउंदा त्यसले रेखाका रूपमा आदि मध्य र अन्त्यलाई जोड्दछ । त्यसमा कथानक पछाडि फर्कदैन जसले गर्दा उपन्यासले वर्तमानबाट भविष्यतिर यात्रा गर्दछ, (वराल र एटम,२०६६:२५) अर्को ढाँचा वृत्ताकारीय हो कथावस्तुका अङ्गलाई सरल रेखामा अगाडि नबढाएर पूर्वदीप्तिका माध्यमबाट उपन्यासमा राख्दा क्रमबद्धता विचलन हुने गर्दछ र कथानक भुमरीझैं घुमेको अवस्थामा प्रकट हुन्छ । जुन विन्दुमा कथानक समाप्त भएको छ लगभग त्यही विन्दुबाट कथानकको प्रारम्भ हुने हुँदा त्यस ढाँचाले विशिष्टिता प्राप्त गरेको हुन्छ । पूर्व दीप्तिको प्रयोग नै विशेषता हो जसले रोचकता र कुतुहलको सम्मिश्रण गरेर सम्पूर्ण उपन्यासलाई नै नवीन संरचना प्रदान गर्दछ, (बराल र एटम,

२०६६:२६) । प्रस्तुत 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यास कथा वस्तुका अङ्गलाई कम बद्धगरी सिधा अगाडि बढाएर आदि मध्य र अन्त्यलाई जोडेको छ आदि भन्नाले जहाँबाट कथावस्तुको उठान हुन्छ त्यो भन्ने बुझिन्छ भने जहाँ कथावस्तुको विस्तार हुन्छ त्यो मध्य र जहाँ कथावस्तु टुङ्गिन्छ त्यो अन्त्य हो । यस उपन्यासमा कथावस्तु आदि मध्य र अन्त्य गरी क्रमशः चलेको छ अर्को शव्दमा यस उपन्यासमा रैखिकभन्दा बृत्ताकारीय कथावस्तु नभई रैखिक कथावस्तु कथावस्तुको ढाँचा छ ।

धनप्रसाद सुवेदीको 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यास यथार्थ र मानव समस्यालाई लिएर लेखिएको हो । विश्लेष्य उपन्यास वि.स.२०५२ सालमा प्रकाशित भएको हो । नेपाली आर्थिक दुरवस्थाको साथै सामाजिक विकृति तथा विसङ्गतिलाई लिएर लेखिएको छ । भाग, अङ्क तथा परिच्छेदहरू छुट्याइएको छ । नेपाली रोजगारी समस्याको विन्दुबाट प्रारम्भ भएको यस उपन्यासको प्रमुख पात्र हर्के आर्थिक दुरवस्थाको कारण रोजगारको सिलसिलामा भारत जान्छ त्यो नै प्रारम्भ आदि भाग हो उसले भारतमा कुनै सफलता फेला नपारेपछि ऊ घरमा समयमा आउन पाउँदैन ऊ आउँदा आफ्नो घरबार विल्लिबाठ भएका कारणले उसको र उसका परिवारको विचल्ली हुन्छ । उसकी श्रीमती रामप्यारीलाई श्रीकान्ते जिम्वालले यौन शोषण गरेको हुन्छ र पेट वोकाएको हुन्छ । उसले आफ्नी प्यारी रामप्यारीलाई घरबाट निकालिदिन्छ । रामप्यारी दीदीको घरमा गएर वस्छे । रामप्यारीको दोस्रो विवाह श्रीमती मरेको हिते विष्टसँग हुन्छ । अर्का मुख्य पात्र मैया र रमेश केटाकेटीका साथी भएका र उनीहरूको पनि विवाह भई दाम्पत्य जीवनमा गा.सिन्छन् । समयको कुरा हो मैयाका पिताले रामप्यारीसँग विवाह गरेकाले मैयालाई उसको कर्मथलोबाट निकालिन्छ । यसको केही दिनपछि मैयाको पनि दोस्रो विवाह हुन्छ । त्यो उसलाई सह्य हुँदैन र विवाहको रात कसैले थाहा नपाउने गरी ऊ भाग्दछे र काठमाडौँ आएर गलैंचा कारखानामा काम गर्दछे । यो कथावस्तुको मध्य भाग वा विस्तार खण्ड मान्न सकिन्छ भने अन्ततः रमेश र मैयाको उसकी सौतेनी आमाको छोराछोरीको भेट गराएर कथावस्तु टुङ्गिएको छ यही नै कथा वस्तुको अन्त्य मान्न सकिन्छ । यस्ता प्रकारले प्रस्तुत उपन्यासको कथावस्तु रैखिक भन्न सकिन्छ ।

## (ख) चरित्र चित्रण

साहित्यिक कृतिमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले निर्धारण गरिने भएकाले पात्रले फरक विचारलाई सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछ । स्रष्टाले आफ्नो अनुभूति एवं सन्देशहरू पात्रकै मार्फत
सार्वजनिक गर्दछ ।

उपन्यास तत्वहरूमध्ये प्रमुख तत्त्वका रूपमा पात्र वा चरित्रलाई लिन सकिन्छ । उपन्यासमा चरित्रको भूमिका देखाउने ढङ्गलाई चरित्रचित्रण भनिन्छ । अर्को अर्थमा पात्रको संवाद तथा कार्यव्यापारलाई चरित्रचित्रण भनिन्छ । आधुनिक उपन्यासमा कथावस्तुको भन्दा चरित्रको महत्त्व सर्वोपरि मानिन्छ । चरित्र व्यक्ति तथा समाजको आन्तरिक तथा वाह्य प्रवृत्तिहरूको प्रस्तुति हो । चरित्रको चित्रण मार्फत व्यक्ति तथा वृद्ध समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । व्यक्तिको

जीवन भन्नु नै स्वयम् मनुष्य र उसको बृहत्तर सत्य हो जसको अध्ययन गर्नु उपन्यासको अभीष्ट ठहरिन्छ (प्रधान, २०५२:८) । उपन्यासलाई जीवन्त बनाएर कथानकलाई निश्चित गतितर्फ उन्मुख गराउने कार्य पात्रको हुन्छ । उपन्यासमा प्रयुक्त व्यक्ति वा प्राणीको चरित्र बाह्य रूपमा प्रकट हुँदा सामाजिक तत्वका आधारमा परिवर्तित हुन्छ र व्यक्तिको अन्तरपक्षमा गुम्सिन पुग्दा मनोवैज्ञानिकतामा रूपान्तरित हुन्छ र यसरी पात्रको चरित्रमा अन्य तत्त्वले पनि प्रभाव पारेको हुन्छ । उपन्यासको आयतन भित्र सिङ्गो मानव सभ्यता चरित्र चित्रणकै आधारमा परिभाषित हुने हुँदा विगतलाई र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हुन्छ र यसरी उपन्यासमा तानेर ल्याउने वस्तुलाई पाठक समक्ष सम्प्रेषण गर्ने जांगर देखाउने वस्तुका रूपमा उपन्यास भित्र चरित्र नै प्रमुख भएर रहेको हुन्छ । ( सुवेदी, २०५३:१७) । चरित्रहरू उपन्यासको सारतत्त्व तथा विचारलाई संवहन गर्ने माध्यम हुन् । उपन्यासकार उपन्यासमा के अभिव्यक्त गर्न चाहान्छ ? उसको जीवन जगत् सम्बन्धी कस्तो धारणा र दृष्टिकोण छ भन्ने कथावस्तुसित सम्बद्ध विविध कथानक तथा तन्तुहरूलाई गति दिने माध्यम चरित्र हुन्छ (बराल,२०५६:३२) । उपन्यासको स्थापत्यकलामा चरित्रहरूले त्यस्तो स्तम्भका रूपमा भूमिका खेल्दछन् जसबाट उपन्यासको संरचना तयार हुन्छ ।

चरित्रलाई पात्र भनिन्छ । चरित्र उपन्यासको प्रमुख तत्त्व हो । कथानकलाई अगाडि बढाउँदै लैजाने काम चरित्रबाट नै भएको हुन्छ । चरित्र मानव वा मानवेतर जे पनि हुन सक्दछ । यी विषेश परिस्थितिमा अल्झेको पात्र कति खेर कुन भावनाद्वारा प्रेरित हुन्छ र त्यस प्रेरणाको फलस्वरूप ऊ के कस्तो प्रतिक्रिया अभिव्यक्ति गर्दछ त्यसको सजीव प्रस्तुति नै चित्रण हो, (शर्मा,२०५०:)।

उपन्यासमा प्रसस्तै पात्रहरू हुन्छन् । यथार्थ परिवेशमा घट्ने घटनाहरूलाई उपन्यासका यिनै पात्रहरूले प्रस्तुत गर्दछन् । उपन्यासमा निर्वाह गरेको भूमिका अनुसार पात्र अर्थात् चरित्रलाई विभिन्नवर्गमा वर्गीकरण गर्न सकिन्छ ।

उपन्यासमा विभिन्न आधारमा पात्रहरूको वर्गीकरण गरिएको हुन्छ । भूमिकाका आधारमा पात्रहरू मुख्य र गौण गरी दुई प्रकारका हुन्छन् । लिङ्गका आधारमा पात्रहरू पुरूष र स्त्री गरी दुई प्रकारका हुन्छन् । जीवन चेतनाका आधारमा पात्रहरू वर्गगत र व्यक्तिगत दुई प्रकारका हुन्छन् । आसन्नताको आधारमा मञ्चीय, नेपथ्य पात्र र आवद्धको आधारमा पनि वद्ध र मुक्त गरी २-२ प्रकारका हुन्छन् (न्यौपाने, २०५४:६४) ।

उपन्यासमा पात्रहरू जे जसरी आएनि तिनीहरू मूलतः उपन्यासकारको आफ्नै विचार पूरा गर्ने

परिप्रेक्ष्यमा नै आएका हुन्छन् । पात्रहरूलाई उपन्यासमा प्रयोग गरेर नै उपन्यासकारले आफ्ना विचार तथा धारणा पाठक समक्ष राखेको हुन्छ । कथामा भन्दा उपन्यासमा थुप्रै चरित्र रहेका हुन्छन् तर पनि पात्र त्यति नै हुन्छन् भनेर किटान गर्न चाहि सकिँदैन यसकारण उपन्यास बहुपात्रीय आख्यान विधा ठहरिन्छ ।

## चरित्रहरूको वर्गीकरण

औपन्यासिक पात्रको चरित्रगत वर्गीकरण र विश्लेषणका विविध आधारहरू छन् । शैलीवैज्ञानिक दृष्टिले गरिने चरित्र विभाजनका मूलतः सातवटा आधार छन् ती हुन्: लिङ्गको आधार, कार्यको आधार, स्वभावको आधार, आसन्नताको आधार, आवद्धताको आधार र जीवनचेतनाको आधार (शर्मा, २०५०) । "सानो स्वार्थ भयङ्कर अपराध" उपन्यास आकारले सानो भइकन पनि बहु पात्रीय उपन्यास मान्न सकिन्छ । यसमा आएका हर्के, रमेश, मैया, रामप्यारी, हितवहादुर विष्ट, श्रीकान्त, लम्वोदर, प्रतिरोध आदि मुख्य पात्रहरू हुन् भने सार्की, दम्की कान्छी, जगते, जङ्गध्वज, गलैंचा कारखानाका मजदुर, डेरावाला, घरपट्टी, , गाउंका पञ्च भलाद्मीहरू, गाउँलेहरू आदि गौण पात्रहरू हुन् । यहाँ यी पात्रहरूलाई चरित्र चित्रणका विभिन्न आधारमा वर्गीकरण गरी अध्ययन गर्ने प्रयास गरिएको छ।

## (अ) लिङ्गको आधार

लिङ्गको आधारमा "सानो स्वार्थ भयङ्कर अपराध" उपन्यासमा पुरूष र स्त्री दुई थरी पात्रहरू छन् । लिङ्ग उपन्यासका प्रयुक्त पात्रको शारीरिक जगत छुट्याउने आधार हो । पुलिङ्ग वा स्त्रीलिङ्गीका आधारमा पात्रको सजिलै विभाजन गर्न सकिन्छ ।

यस विवेच्य उपन्यासका पात्रहरूमध्ये लिङ्गका आधारमा वर्गीकरण गर्दा ठाहिँला, माइलो, वेहुला, छोरा, फलामे साकी, जेठाजु, वकिल, रमेश, हर्के, श्रीकान्त, लम्वोदर, पन्च भलाद्मी, जगतते आदि पुलिङ्ग पात्रहरू हुन् भने आमा, ठाहिँली, जेठानी, छोरी, कान्छी, मैया, दम्की कान्छी, होटल्नी, साहुनी, रामप्यारी जस्ता स्त्री पात्र हुन् । त्यस्तै रमेश, हर्के, श्रीकान्त लम्वोदर, हितवहादुर, फलामेसार्की, जेठाजु  पुरूष पात्र हुन् । त्यस्तै जिम्वाल्नी, होटल्नी, सौतेनीआामा, दिदी, स्त्री पात्र हुन् । त्यसै गरी प्रसङ्गवश आएका गाउँलेहरू, पञ्च भलाद्मीहरू, छोरा, हर्के, रमेश, श्रीकान्त, लम्वोदर पुरूष पात्र हुन् ।

## (आ) कार्यका आधार

औपन्यासिक वा आख्यानात्मक कृतिमा आएका सबै पात्रहरूले उत्तिकै कार्य नगरी कम बेसी गरेका हुन्छन् । औपन्यासिक भूमिका वा कार्यका आधारमा घटीबढी भूमिका हेर्दा प्रमुख, सहायक तथा गौण गरी तीन थरी भूमिकाका पात्रहरू रहेका हुन्छन् । उपन्यासमा सुरूदेखि अन्त्यसम्म रही सवैभन्दा बढी भूमिका निर्वाह गर्ने वा सबैभन्दा बढी नामको पुनरावृत्ति हुने पात्र मुख्य पात्र हो र मूल पात्रकोभन्दा कम भूमिका हुने र तिनकै कथा मूल कथाका पात्रहरूको भूमिकासँग जोडिएको हुन्छ भने त्यो सहायक पात्रको रूपमा रहेको हुन्छ । उपन्यासमा एकछिन आउने र हराउने पात्रलाई औपन्यासिक कार्यगत दृष्टिले गौण पात्रका रूपमा लिनुपर्ने हुन्छ र
औपन्यासिक कथानकको मूल प्रवाहमा नै यस्ता पात्रको प्रमुख भूमिका रहन्छ । तिनलाई सहयोग गर्ने सहायक पात्र हुन् भने प्रसङ्गवश आएका पात्र गौण हुन्छन् ।

यस दृष्टिकोणले विवेच्य उपन्यास  'सानो स्वार्थ भयङ्कर अपराध' मा हर्के, रमेश, रामप्यारी, मैयाँ मुख्य पात्र हुन् भने श्रीकान्त लम्बोदर, हितवहादुर सहायक पात्रहरू हुन् भने फलामे सार्की,

होटल्नी, गाउँका पञ्च भलाद्मी, वकिल, आमा, सौतेनी आमा, दिदी, जिम्दारनी वजै आदि गौण पात्रहरू हुन् ।

## (इ) प्रवृत्तिको आधारः-

उपन्यासका पात्रहरूको चरित्रमा सकारात्मक गुण र नकारात्मक गुण दुबै पाइन्छ । गुणलाई चरित्रगत प्रवृत्ति भनिन्छ । प्रवृत्तिका आधारमा औपन्यासिक पात्रहरू अनुकूल पात्रको लागि सकारात्मक शब्द र भाव भएका शब्दको बढी प्रयोग गरिएको हुन्छ भने नकारात्मक भाषिक एकाइ अनुसार प्रतिकूल पात्रको उपयोग गरिएको हुन्छ ।

प्रस्तुत 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यासमा दुबै किसिमका पात्रको प्रयोग गरिएको देखिन्छ । रमेश, हर्के भन्ने पात्रलाई उपन्यासको प्रमुख चरित्रका रूपमा उतारी परिस्थिति र समयको दास बनाई उनीहरूकै चरित्रगत परिवेशमा सम्पूर्ण उपन्यास गतिशील वनाइएको छ । रमेश, मैया,रामप्यारी सकारात्मक प्रवृत्ति भएका अनुकूल पात्र देखिन्छन् । त्यसै गरी छोरा, छोरी (रामप्यारी र हर्केका) रामप्यारीको दिदी, मैयाकी आमा, हितबहादुर, बुलबुले, वकिल, बटुवा, गाउंको पञ्च भलाद्मीहरू अनुकूल पात्र देखिन्छन् । त्यसैगरी घरपट्टि, कोठामा वस्नेहरू, गलैंचा बुन्ने वुनकर, रमेशका भाइ जस्ता पात्रहरू पनि अनुकूल पात्रकै रूपमा चिनिन्छन् । त्यसै गरी श्रीकान्त बाहुन, लम्बोदर, सार्की, मैयाँकी सासु, रमेशकी वहिनी, होटल्लनी जस्ता पात्रहरू प्रतिकूल पात्रका रूपमा देखा परेका छन्।

## (ई) स्वभावका आधार

स्वभावका आधारमा परिस्थितिअनुसार नबदलिई उपन्यासको सुरूदेखि अन्तसम्म उनी र उस्तै जीवनशैली अपनाएर एउटै विचार धारामा बस्ने जस्तै जीवन शैली अपनाएर एउटै विचार धारामा बस्ने जस्तै परिस्थितिमा पनि परिवर्तन नदेखिने स्वभाव भएका पात्रहरूलाई स्थिर वा गतिहीन पात्र र बदलिँदो परिस्थिति अनुसार बदलिने गतिशील गरी दुई प्रकारका पात्रहरू हुन्छन् ।

विवेच्य उपन्यास 'सानो स्वार्थ भयङ्कर अपराध' मा गतिहीन र गतिशील दुवै पात्रको प्रयोग गरिएको पाइन्छ । रमेश, मैया, लम्बोदर, रामप्यारीका छोरा, छोरी, रामप्यारीकी दिदी, हितबहादुर आदि गतिहीन पात्रहरू हुन् भने श्रीकान्त जिम्मावाल, रामप्यारी, फलामेसार्की, होटल्नी आदि पात्रहरू गतिशील हुन् ।

## (उ) आसन्नताको आधार

उपन्यासका अधिकांश पात्रहरू उपस्थित र चित्रित हुन्छन् भने कतिपय पात्रहरू चर्चित र वर्णित मात्र

हुन्छन् । औपन्यासिक कथानकमा हुने पात्रको उपस्थितिलाई नै आसन्नता भनिन्छ । यस आसन्नतालाई पनि नेपथ्य र मञ्चीय पात्रका रूपमा दुई भागमा बांड्न सकिन्छ । मञ्चीय पात्रहरू स्वय. उपस्थित हुन्छन् र औपन्यासिक भूमिकामा वर्तमान समयको प्रतिनिधित्व गर्दछन् । नेपथ्यीय पात्रहरू चाहिँ संस्मरणमा आएका हुन्छन् र उपन्यासमा तिनको उपस्थिति नभएर केवल वर्णित र चर्चामात्र भएको हुन्छ यस्ता पात्रले अतीतको सङ्केत गर्दछन् ।

प्रस्तुत 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यासका सबै पात्रहरू मञ्चीय मात्र देखिन्छन् ।

## (ऊ) जीवन चेतनाको आधार

उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये केही निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने बर्गगत पात्रहरू हुन्छन् । कुनै पात्रहरू आफै निजी स्वभाव वा वैयक्तिकताको मात्र प्रतिनिधित्व गर्ने व्यक्तिगत पात्रहरू हुन्छन् । कृतिमा प्रयुक्त विशेषक र अन्य शव्दावलीका आधारमा यी दुई वर्ग छुटिटन्छन् (राई,२०६३:४५) ।

प्रस्तुत 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यासमा रमेश र हर्के पात्रको भूमिका मुख्य देखिन्छ । उनीहरू यस उपन्यासका नेपाली जातिको प्रतिनिधित्व गर्ने वर्गगत पात्र हुन् । त्यसैगरी मैया, रामप्यारी, हितवहादुर, श्रीकान्त, लम्बोदर, फलामे सार्की, आमा, छोरा, छोरी, अजय खत्री, च्यान्टे, प्रतिरोध जस्ता सबै पात्रहरू वर्गगत पात्रकै रूपमा चित्रित छन् ।

## (ए) आवद्धताको आधारः

उपन्यासमा पात्रहरूको मूल औपन्यासिक कार्य ब्यापारसँग के कस्तो सम्बन्ध रहेको छ ? औपन्यासिक कथाको बनोट पात्रहरूको के कस्तो भूमिका रहन्छ भनी देखाउन पात्रगत आवद्धताको उल्लेख आवश्यक छ । वद्धता र मुक्तता दुई प्रकारको भेद यस अनुसार देखाउन सकिन्छ । वद्ध पात्रलाई उपन्यासबाट झिक्न मिल्दैन, यदि त्यस्तालाई झिकियो भने उपन्यासको मूल संरचना नै खलबलिन आउँछ तर मुक्त पात्रलाई झिक्दा वा राख्दा भने कुनै फरक पर्दैन ।

'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यासमा दुई खाले पात्रको प्रयोग गरिएको देखिन्छ । रमेश, हर्के मैया, रामप्यारी, च्यान्टे, प्रतिरोध, अजय खत्री, हितबहादुर, मैयाको बुबा, रामप्यारीकी दिदी आदि पात्रहरू बद्ध हुन् भने अन्य सबै पात्रहरू मुक्त रहेका छन् ।

## मुख्य पात्र

### हर्के

हर्के यस उपन्यासको नायक तथा प्रमुख पात्र हो सम्पूर्ण जसो उपन्यास उसकै चरित्रकै सेरोफेरोमा अगाडि बढेको छ । सामान्य गरिबी किसानी, स्वाभिमानी, देशभक्त र नैतिकवान् चेतनाले ओतप्रोत पुरूष मात्र हो । हर्के यस उपन्यासको स्थिर पात्र हो । यस उपन्यासको सुरूमा सत् पात्रको रूपमा काम गर्ने ऊ आर्थिक दुरावस्थाको कारणले विदेश (भारत) जान वाध्य हुन्छ । रूपैया पैसा कमाउने ध्ययले भारत, सिलांग गएको हर्के त्यहाँ विरामी परी समयमा घर फर्कन पाउँदैन । समयमा घर फर्कन नसकेर उसको घरवारी, जग्गा जमीन सबै साहुले कब्जा जमाई सकेको हुन्छ । उसकी श्रीमती र छोराछोरीको विचल्ली हुन्छ । उसकी श्रीमतीको यौन शोषण साहुले गर्दछ र अन्तमा गर्भिणी भएको कुरा हर्के गाउँबाट फर्केर आउँदा बाटोमा जानकारी पाउँदछ र ऊ मरेतुल्य हुँदै लास झै भई घर पुग्छ । श्रीमतीको यताउता केही पनि कुरा नसुनी उसलाई तथानाम गाली गरी अन्तमा घरबाट निकालीदिन्छ । यतिसम्म यस उपन्यासको कथा आधा भागमा पुगेको हुन्छ । हर्के मुख्य पात्रको दसैं मान्न ऋण काढ्नु पर्ने छोरा, छोरी र श्रीमतीलाई खुवाउन लाउन १५०० ऋण लिइसकेको हुन्छ । श्रीकान्त जिमदार कहाँ हर्के ऋण काढ्न जान्छ तर साहुले ५०० लैजा अनि ३००० पुग्छ भन्छन् र हर्केले त्यै पनि वाध्यतावश कवूल गदर्छ । तर उसले १००० लिएको हुन्छ साहुले बढाइ चढाइ ३००० पुर्याउँछ । फेरी त्यही साहु कहाँ पाउना मान्नको लागि समेत ५० को दुई दिनको व्याज १०० तिरी ऋण मागेर पाउना मान्ने वाध्यतामा पर्दछ ।

ऋणकै कारणले गर्दा हर्के आफ्नो परिवारबाट रोजगारको लागि विदेश लाग्नु पर्ने वाध्यतामा पर्दछ । उसले विदेशमा पनि राम्रो काम पाउँदैन र ४ वर्षपछि मात्र घर फर्कन सफल हुन्छ । समयमा कमाउन सक्दैन फलस्वरूप उसको जीवन दुःखमय हुन्छ । उसले आफ्नी श्रीमतीलाई त्यागी दिन्छ । उसका छोराछोरी मातृत्त्वबाट अलग्याइन्छन् । ती केटाकेटीहरूले मातृत्त्व पाउन सक्तैनन् ।

### रामप्यारी

रामप्यारी हर्केकी विवाहित श्रीमती हो । उसले छोराछोरी पाइसकेकी हुन्छे र अति दुःखसाथ आफ्नो घरपरिवारको जीवन चलाइरहेकी हुन्छे । उसको जीवन आर्थिक कमजोरी र सङ्घर्षमय व्यतीत हुन्छ ।

उसको लोग्ने आर्थिक राहतको लागि भारत (परदेश) लागेको हुन्छ, समयमा ऊ फर्किन पाउँदैन । यता साहु श्रीकान्तले रामप्यारी र उसका छोराछोरीलाई घरबाट निकाल्न खोज्दछ । रामप्यारीको जवानीदेखि श्रीकान्त प्रलोभित भै उसलाई र उसको परिवारलाई घरमा भने वस्न दिन्छ । तर उसलाई यौन शोषण गर्दछ । एक दिन उसलाई श्रीकान्तको घरमा काम गर्न वोलाइन्छ । उसलाई दासी वनाइन्छ । पटक पटक यौन सम्पर्क राख्न श्रीकान्त सफल हुन्छ ।उसले श्रीकान्तको गर्भ वोकेकी हुन्छे । यतिमात्रै नभएर उसलाई फलामे सार्कीको बात समेत लगाइन्छ र उसको गर्भ श्रीकान्तेको होइन सार्कीको हो

भन्ने हल्ला फि.जाइन्छ । यही कुराले गर्दा उसलाई घरबाट पनि उसको लाग्नेले निकालिदिन्छ । ऊ अव दिदीको घरमा गर्भमा बच्चा लिएर हिनताकासाथ वस्न वाध्य हुन्छे ।

रामप्यारी आफूलाई श्रीकान्तले गर्भ बोकाएको तर गर्भ नस्वीकारेको, उल्टो फालामे सार्कीको वात

लगाइ वेइज्जत गरेकोले यसको प्रतिशोध तथा न्याय पाउने प्रयत्नमा लाग्दछे । सोही सिलसिलामा न्यासको लागि लम्वोदरले सहयोग गर्ने आशामा उसले पुनः आफ्नो शरीर वेच्दछे, जिल्ला अदालतमा मुद्दा दर्ता गर्ने शिलसिलामा होटलमा वास वस्दछे । त्यो वास वसेको समयमा पनि लम्वोदरले अनेक वहाना बनाई यौन शोषण गर्दछ । लम्वोदरले रामप्यारीलाई उचालेर मुद्दा दर्ता गराएको खवरले श्रीकान्त चिन्तित हुन्छ अनि उसले अनेक तवरबाट यसलाई हिते विष्ट जसकी श्रीमती मरेको हुन्छ उसँग रामप्यारीको  दोस्रो पटक घरजम वसाउँछ ।

## रमेश

रमेश उपन्यास 'सानो स्वार्थ भयङ्कर अपराधका' अर्का मुख्य पात्र हुन् । मैयाँसँग हिमचीम बढ्छ। उनीहरू केटाकेटीदेखि बेहुला वेहुली खेल खेल्ने वेलादेखिका साथी हुन्छन् । रमेशका आर्थिक अवस्था सम्पन्न देखिन्छ । रमेश अन्तरजातीय आमाको सन्तान हुन्छ । उसका वाजे पौडेल थरका थिए । त्यसैले उसलाई सामाजिक कार्यमा ठिम्से भनी उसलाई छेड हान्थे । रमेशको र मैयाको बैसको भावना जागृत भएपछि उनीहरूको प्रेमको गा.ठो कसिदै जान्छ । गाउंघरमा यिनीहरूको बारेमा गाइगुई हल्ला चल्छ । त्यसैले उनीहरूको चिना साइत जुराई एक सुत्रमा वा.धिन्छन् । उनीहरूको मेला पातसँगै हिड्ने आदि रमाइलो जीवन वितिरहेको हुन्छ । रमेश अलि आफ्नो लागि सोच्न नसक्ने लाचार किसिमको पात्रको रूपमा देखा परेको छ । त्यसैले उसको प्रेम विछोड हुन्छ । अन्तमा रमेश र मैयाको काठमाडौंमा भेट हुन्छ ।

## मैया

मैया "सानो स्वार्थ भयङ्कर अपराध" उपन्यासकी प्रमुख पात्रको रूपमा चित्रित भएकी छन् । उनी र रमेश बारेको बालक कालदेखि वेहुला र वेहुलीको रूपमा खेल खेल्दै आइरहेका हुन्छन् । दाम्पत्य जीवनमा पनि उनीहरूको वालककालको खेल दाम्पत्य जीवनमा परिणत हुन्छ । उनीहरूको अगाध माया

र प्रेम देखिन्छ । मैया बारे माथि पनि केही कुराहरूको चर्चा भईसकेको छ । मैयाकी आमाको मृत्यु भएको र मैयाका पिताले पनि रामप्यारी जसलाई घरबाट निकालिएको हुन्छ, ऊ दुई जिउकी भएकी छ, जसलाई सार्कीको वात लागेको छ । तैपनि उसलाई उसका पिताले स्विकार्दछन् । उसका पिताले रामप्यारीसँग विवाह गरेका हुनाले मैयालाई पनि उसको परिवारले उसको कर्म घरबाट निकाल्छन् । ऊ माइत आएर वस्दछे । अन्तमा रमेशसँग उसको छोडपत्र हुन्छ । ४० वर्षको जंगध्वजसँग मैयाको दोस्रो

विवाह हुन्छ । विवाह गरेको दिनमा राति सवै निदाएका हुन्छन् । सोही मौका छोपी मैया रातीनै भागेर काठमाडौं आई उतै गलैंचा कारखानामा गलैचा बुनेर आफ्नो गुजारा गरिरहेकी हुन्छिन् । उनले मेहनत र परिश्रमले केही रकम बैंकमा जम्मा गर्दै गरेकी हुन्छिन् । रामप्यारीको अर्कोपट्टिको छोरालाई पढाइ लेखाइ समेत गर्दै सघाउँदै गरेकी हुन्छिन् । उनी एउटा सामाजिक भावना भएकी पात्र हुन् । अन्तमा रमेशस.ग पूनः उनको काठमाडौंमा भेट हुन्छ । उनीहरू पुनः सँगै जीवन विताउने वाचा गर्दै लगन गाँठोमा उनिन्छन् ।

## सहायक पात्र

### श्रीकान्त जिम्मावालः

श्रीकान्त यस उपन्यासको खल नायक पात्र हो । हर्केको घर परिवार विगार्नमा उसको ठूलो हात हुन्छ । उसले ऋण असुल गर्नको लागि हर्केको घर जग्गा सवै हडप्छ । उसकी श्रीमती रामप्यारीलाई घरमा बोलाई अनेक पटक बलात्कार गर्दै रहन्छ र गर्भ समेत बोकाइदिन्छ । त्यो कुकृतव्यबाट बच्न श्रीकान्तले उसमाथि अन्यायपूर्ण हरकतहरू गर्दछ । रामप्यारीको बारेमा नराम्रा हल्ला फैलाउदै हिँड्छ, उनलाई सार्कीको बात लगाउँछ । ऊ एउटा खल पात्र र स्थिर पात्र हो ।

### लम्बोदरः

लम्बोदर यस उपन्यासको वकिल, फटाहा अरूको सम्पत्ति र जोवनमाथि आँखा  गाढ्ने खलपात्र हो । उसले पनि रामप्यारीलाई यौन शोषण गर्छ । राम प्यारीलाई जिम्मावालको सम्पत्ति अंश भाग दिलाउने भनेर उचालेर अदालतमा मुद्दा हाल्न जिल्लातिर लैजान्छ । उनीहरू जिल्ला जाँदा होटलमा बास बस्दछन् । त्यहां रामप्यारीसँग यौन सम्वन्ध राख्दछ । उसको कानमा लगाएको गहना पनि हात लगाउँछ ।

### प्रतिरोध :

प्रतिरोध रामप्यारीको छोरो हो । उनीहरूकी आमालाई वावु हर्केले घरबाट श्रीकान्तेको कारणले गर्दा निकालिदिएपछि उनीहरूको विजोग हुन्छ । ऊ काठमाडौंमा ज्याला मजदुरी गर्न गएको हुन्छ । उसको मैयासँग भेट हुन्छ । मैयाले गलैंचा बुनेर उसलाई पढाउँछिन् । उसले एस०एल०सी० पास गर्छ । ऊ समाजको अत्याचार कुरीतिको प्रतिरोधको निम्ति पुरूषार्थ गर्ने पात्र हो । प्रतिरोधले समाजको कुरीति र विसङ्गतिहरूलाई जरैदेखि उखेलेर फाल्न सकोस् र त्यसको ठाउँमा सुखी, स्वस्थ, स्वच्छ र शोषणरहित समाजको जग बसाल्ने प्रयास गरेको छ ।

### हिते जिष्ट :

हिते बिष्ट 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यासको सहायक सकारात्मक भाव भएको पुरूष पात्र हो । ऊ ४० वर्षको उमेरमा उसकी श्रीमतीको मृत्यु हुन्छ । दम्की कान्छी , जगते लामिछाने र श्रीकान्तेको मद्दतले पतिले बात लगाएर घरदेखि निकालिएकी आइमाई रामप्यारीलाई उसले आफ्नो जीवन साथीको रूपमा घर भित्र्याउँछ । ऊ एउटा सत् चरित्रवान् पात्र हो । ऊ मुक्त तथा स्थिर पात्र

पनि हो । यसरी उपन्यासमा मुख्य पात्र तथा गौण वा सहायक गरी थुप्रै पात्रहरूको उपस्थिति देखिन्छ । यि बाहेक उपन्यासमा मञ्चगरी थुप्रै पात्रहरू आएका छन् । होटलवाली, वकिल, रमेशका साथीहरू, हर्केका साथीहरू, मुखेयानी, गलैंचा कारखानामा गलैंचा वुन्ने बुनकरहरू, घरपट्टि, डेरावालाहरू, रमेशका मामाको छोरो, पल्टनका सिपाहीहरू, पञ्च भलाद्मीहरू, जिल्ला अदालतका कर्मचारी, फलामे सार्की, हर्केका छोरी आदि पात्रहरूले उपन्यासको उद्देश्यलाई पुरा गर्न निकै सहयोग पुऱ्याएका छन् ।

### (ग) कथोपकथन (संवाद)

संवाद भनेको दुई वा सोभन्दा बढी पात्रहरू बिच भएको कुराकानी हो । उपन्यासका तत्त्वहरूमध्ये कथोपकथन वा संवाद पनि उपन्यासको महत्त्वपूर्ण तत्त्व मानिन्छ । कथोपकथन वा संवाद भन्नाले उपन्यासमा प्रयोग भएका पात्रहरू बीचको कुराकानीलाई बुझाउँछ । उपन्यासमा कथ्य र चरित्रको समुचित प्रस्तुति कथोपकथनको माध्यमबाट नै हुन्छ र उनीहरूको संलापबाट वस्तु परिवेश र परिस्थिति अनावृत हुँदै जान्छ (सुवेदीः२०५३।१७) ।

उपन्यासमा कथा पक्षलाई आगाडि बढाउन र पात्रहरूको स्वाभाविक चरित्र चित्रण गर्न संवादको निकै ठूलो भूमिका हुन्छ । संवादले रोचक त बनाउँछ नै अझ विश्वासिलो र स्वादिलो तुल्याउंछ । पात्रको सोचाइ धारणा व्यवहार मानसिकता आदिलाई संवहन गर्नका साथै घटनालाई अघि बढाउनका लागि उपन्यासमा प्रयुक्त संवादहरू अत्यन्त उपयोगी बनेका छन् । उपन्यासकारको वर्णन विवरण र टिप्पणीका बीचमा आएका संवादहरूले उपन्यासलाई नाटकीय, स्वाभाविक, कलात्मक र जीवन्त बनाउन सहयोग गर्दछन् ।

पात्र–पात्रहरूका बीचमा विचार, भावना, हर्ष-विषाद, उल्लास, विस्मय, करूणा, क्रोध आदि मनोरागहरूलाई व्यक्त गर्नका लागि हुने पारस्परिक वार्तालापलाई संवाद वा कथपोकथन भनिन्छ ( उपाध्याय, २०४९:१६२-१६३)। कथोपकथन उपन्यासको कथाको विकास चरित्र चित्रण र लेखकको आशय गर्न संवादको महत्वपूर्ण भूमिका रहन्छ । संवादकै मद्दतले उपन्यासकारले पात्रहरूको वाह्य र आन्तरिक जगत्का जटिलता, सङ्घर्ष, कुण्ठा आदि भावहरूको प्रत्यक्ष बोध गराउँछ । उपन्यासमा पात्र सुहाउंदा कुराकानी र भाषाको प्रयोगले निकै रोचकता थपिन जाने हुनाले कथपोकथनको भूमिको महत्त्व रहन्छ (प्रधानः२०५२:११)।

पात्रको सामाजिक धरातल संस्कार आनीबानी र बौद्धिक स्तर अनुसारको संवाद प्रयोगले कथावस्तु सहज र प्रभावकारी बन्ने कुरामा दुईमत छैन तर संवादमा लेखकीय नाङ०गो हस्तक्षेप भइदियो भने उपन्यासलाई असुन्दर मात्र होइन अस्वाभाविक नै बनाउँछ ।

उपन्यासमा संवाद वा कथोपकथनले नै कथानकमा आउने घटना तथा कार्यव्यपारलाई सङ्गठित गर्ने कार्य गर्दछ । उपन्यासमा प्रयुक्त संवाद हुनुपर्छ जसले पात्रको चरित्र चित्रणलाई प्राकृतिक समुचित र नाटकीय प्रभाव पार्न सक्दछ । यस्तो संवादले मात्र पात्रको व्यक्तित्वलाई अक्षुण रूपमा प्रस्तुत गर्न सक्दछ र परिस्थितिको उपयुक्ततामा पनि वृद्धि गर्दछ (बराल र एटम,२०५६:३५)।

यसबाट के बुभ्न सकिन्छ भने संवाद पाठकको मनमा एक किसिमको रोचकता र हलचल मच्चाउने खालको हुनुपर्छ । साथै संवाद र पात्रको स्तर परिवेश तथा मनोविश्लेषण अनुरूपको हुनुपर्छ । कथानकलाई लक्ष्य तर्फ डोऱ्याउने ढङ्गले नै उपन्यासमा संवादको प्रयोग गरिन्छ ।यसैगरी संवादले उपन्यासको स्वरूप निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

जे होस् उपन्यासमा संवादको भूमिका रहन्छ । यसले कथानकमा आउने घटना र कार्य व्यपारलाई सुसङ्गठित गर्दछ । प्रस्तुत 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यासमा रामप्यारी र हर्के बीच, रमेश र मैयाबीच, श्रीकान्त र मैया बीच, लम्बोदर र मैयाबीच, हर्के र श्रीकान्त बीच, भम्की कान्छी र रामप्यारी बीच,
होटल्लनी र लम्बोदर बीच आदिको संवादले उपन्यासलाई निकै रोचकता थपिएको छ । एउटा संवादको उदाहरण तल दिइएका छन् ।

हर्के र मैया बीचको संवाद हर्के भन्छ :

"जा जा तँ यहाँबाट" (सुबेदीः२०५२)। यसको जवाफमा मैया भन्छ-

मैया- "मेरो कुरा त सुन्नुस" । कुनैकुरा नसुनी हर्के भन्छः

हर्के- भुत्रो सुन्नु, मेरो सम्पत्तिमा म नहुँदा । मेरो घरमा आगो लगाइस् तैँले, (सुवेदीः२०५२) भन्दै जाइ लाग्छ ।

## (घ) परिवेश (देश,काल र वातावरण)

उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व परिवेश हो । यसलाई देश, काल, वातावरण पनि भनिन्छ । उपन्यास देश काल वातावरणमा केन्द्रित भएर लक्ष्योन्मुख हुन्छ । उपन्यासमय अभिब्यक्त घटना घटित भएको ठाउं देश हो । घटना घटेको समयावधि काल र घटनागत सामाजिक सांस्कृतिक र भौगोलिक अवस्था वातावरण हो । उपन्यासमा पात्रहरूको क्रियाकलाप हुने वा घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो। जसले पाठकलाई बाध्ने काम गर्दछ )बराल र एटम, २०६६ः ३२-३३(। देशकाल परिवेश उपन्यासको अनिवार्य तत्त्व हो । देशकाल परिवेशले कथानक र चरित्र चित्रणलाई वास्तविक र सहज देखाउन सक्दछ । सामाजिक उपन्यासमा त भन् उपन्यासकारले समाजकै घटनालाई देखाउने हुनाले काल र परिवेश प्रस्टै रूपमा आएको हुन्छ । ( न्यौपाने,२०५४ः ६७) । उपन्यासलाई प्रभावकारी र तीव्र बनाउनमा सङ्घर्ष क्रियाकलाप र कथोपकथन जस्तै परिवेशको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । पात्रको कार्य व्यापारको निर्माणमा परिवेशले गहन जिम्मेवारी बहन गर्दछ (सुवेदी, २०५३ः१८।१९)। परिवेशलाई उपन्यास रचनाका क्रममा पात्र र कथानकका लागि सिर्जना गरिने आधार भूमिका रूपमा लिन सकिन्छ ।

उपन्यासकारहरूले उपन्यासमा कथावस्तु र चरित्रको संयोजन गर्दा खास समय, खास स्थान, खास परिस्थितिको निर्माण गर्दछन् (बराल,२०५६ः५४)। यसरी उपन्यासकारले समय, स्थान र

परिस्थितिको भूमिकालाई उपयुक्त ढङ्गले औपन्यासिक संरचनामा समायोजन गर्ने परिवेश हो । परिवेशलाई आन्तरिक र वाहय गरी दुई भागमा वर्गीकरण पनि गर्न सकिन्छ । बाह्य परिवेशमा सामाजिक राजनीतिक तथा प्राकृतिक स्थितिहरू पर्दछन् र आन्तरिक परिवेशमा व्यक्तिको वैयक्तिक मनोजगत् पर्दछ । परिवेश चित्रणले उपन्यासको लोकप्रियता तथा विश्वसनीयतालाई बढाएको पाइन्छ । देशकालको वातावरण विना उपन्यासकारले कथानकलाई विश्वसनीयता पात्रलाई यथार्थता र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्न सक्दैन । जीवनप्रतिको लेखकको दृष्टिकोण उसको विचार यसै तत्त्वको सापेक्षतामा प्रभावपूर्ण ढङ्गले प्रस्तुत गर्दछ (प्रधान, २०५२:११)।

परिवेशको सफल प्रस्तुतिले उपन्यासमा सहजता, स्वाभाविकता र यथार्थताको सन्निवेश हुन्छ । साथै परिवेशको उचित निर्माणले कुनै उपन्यास विश्वसनीय तथा जीवन्त बन्दछ । यस कारण परिवेश उपन्यासका लागि महत्त्वपूर्ण तत्त्व हो भन्न सकिन्छ ।

प्रस्तुत 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यासमा स्थानका रूपमा नेपाल भूमि र भारत देशको सेरोफेरोमा कथानक घुमेको हुन्छ । समयका रूपमा रमेश र मैया मुख्य पात्रको सुरू वच्चापन देखि ( केटाकेटी) युवासम्मको समय अवस्थाको चित्रण गरिएको छ । त्यसै गरी वातावरणका रूपमा नेपाली समाजको आर्थिक अवस्थाका कारण उव्जेको परिस्थितिको वर्णन गरिएको छ । त्यसै गरी वातावरणका रूपमा नेपाली समाजको आर्थिक अवस्थाका कारण उव्जेका परिस्थितिको वर्णन गरिएको छ । यथार्थ घटनामा आधारित प्रस्तुत उपन्यासमा हर्के र साहिली जस्ता नेपालीहरूको दुःखी जीवनको सेरोफेरोमा कथानक घुमेको हुन्छ । नेपालको गाउंका साथै काठमाडौं समेत परिवेशलाई चित्रण गरिएको छ । लेखकले यस उपन्यासमा प्रतीकात्मक रूपमा नेपालमै विकास गर्नुपर्छ र युवाहरूले नेपालमै रोजगारी पाउनु पर्दछ भन्ने देखिन्छ ।

## (ङ) द्वन्द्व

उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्व द्वन्द्व पनि हो । द्वन्द्वलाई सङ्घर्ष पनि भन्न सकिन्छ। कथावस्तु र पात्रलाई क्रियाकलापसँग आवद्ध गराएर अभिव्यक्ति दिने तत्त्वको रूपमा पनि द्वन्द्वलाई लिन सकिन्छ ( सुवेदीः२०५३।१८)। उपन्यास अगाडि बढ्दै जाँदा कथाले मोड लिन थाल्दछ । नायक नायिका माथि अफ्ठ्यारो परिस्थिति आउँछ र तिनीहरू सङ्घर्षका लागि तयार हुन्छन् र प्रतिनायकहरू नायक र

नायिकाहरू प्रति विरोधी कार्यमा संलग्न हुन्छन् । यसरी उपन्यासमा सत र असत्का बीचमा द्वन्द्व हुन्छ । यस्तै परम्परा संस्कार सामाजिक परिवेश र आफ्नै पारिवारिक परिस्थितिले पनि नायक नायिकामा द्वन्द्व जन्मन्छ । पात्रका क्रियाकलापमा के गरौं के नगरौं भन्ने अन्तर जटिलताको सूचक नै द्वन्द्व हो (सुवेदीः२०५३:१८) हरेक व्यक्तिको मनमा आउने एक सिसिमको द्विविधा वा यो होकि त्यो भनी आउने एक किसिमको तनावको स्थितिलाई द्वन्द्व भनिन्छ । मान्छेका वाह्य जीवनमा आइपर्ने विसङ्गतिका कारण एक खालको द्वन्द्व सिर्जना हुन्छ । मान्छेको चाहना, इच्छा र आकाङ्क्षा अनि रहर एकातिर हुन्छन् तर भोगाइ अर्कै खालको भइदिन्छ अति मान्छेको जीवनमा द्वन्द्व सिर्जना हुन्छ । मान्छेस.गको विषमताका कारणले दुबैमा बेमनस्य जन्माउने द्वन्द्व र मान्छेको आफैभित्र देखा पर्ने

तनावमुलक द्वन्द्व गरी द्वन्द्वलाई तीन भागमा छुट्याउन सकिन्छ (सुवेदी:२०५३।१८) यसबाट द्वन्द्वमा पनि विभिन्न स्वरूप रहेको देखिन्छ । उपन्यासमा पात्रहरूको द्वन्द्वलाई विकसित गराएर आफूले चाहेको पक्षको विजय र नचाहेको पक्षको पराजय गराएको हुन्छ । उपन्यासकारले आफ्नो बिचार पोख्नको लागि वा समाजमा नयाँ मूल्य मान्यता स्थापनाका लागि सकारात्मक द्वन्द्व र नकारात्मक द्वन्द्व दुवैलाई समावेश गरेको हुन्छ । सकारात्मक द्वन्द्वले पात्रलाई असल विचारतर्फ उन्मुख गराउँछ भने नकारात्मक द्वन्द्वले पात्रलाई खराव सोचाईलाई बढाउँछ । उपन्यासकारका पात्रहरू कतै आफनै मनोजगतमा सिर्जित द्वन्द्वमा पिरोलिन्छन् भने कतै चाहीँ वाह्य आचरणमा टकरावहटमा द्वन्द्वको पीडा अनुभव गर्दछन् । यसरी उपन्यासमा द्वन्द्वले देखाउन खोजेको विचारको उजागर गर्दछ । जसले गर्दा उपन्यास सशक्त र रोचक हुन्छ र यसबाट के कुरा स्पष्ट हुन्छ भने विभिन्न विद्वान र साहित्यकारहरूले भने झैँ उपन्यासका लागि द्वन्द्व अनिवार्य तत्त्व हो । साहित्यका विधामा द्वन्द्वको आवश्यकता अनिवार्य जस्तो देखिन्छ । नाटक र उपन्यासमा द्वन्द्वको आवश्यकता अपरिहार्य नै हुन्छ । उपन्यासकार धनप्रसाद सुवेदी द्वन्द्व विधानका दृष्टिले राम्रै मानिन्छन् । उनको "सानो स्वार्थ भयङ्कर अपराध" उपन्यासमा पनि विशेषतः सामाजिक आर्थिक द्वन्द्व देखाउन सकिन्छ ।

## (च) उद्देश्य

उपन्यासका तत्त्व मध्ये उद्देश्य महत्त्वपूर्ण तत्त्व हो । उद्देश्य विना उपन्यासको सिर्जना हुन सक्दैन । उपन्यासकारले समाजमा स्थापना गर्न चाहेका मूल्य मान्यताको प्रक्षेपण उद्देश्य हो । उपन्यास लेखनको पनि प्रयोजन हुन्छ । उपन्यासकारले समाजलाई कस्तो सन्देश दिन चाहेको छ त्यो नै उपन्यासको उद्देश्य हो । उद्देश्यलाई जीवन दर्शन पनि भन्न सकिन्छ (प्रधान:२०५२।११)। उपन्यासमा खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन हुने हुनाले त्यसमा चित्रित जीवन र समस्याहरूको यथातथ्य वर्णन मात्र नभएर तिनीहरूका माध्यमबाट जीवन जगत्प्रतिको कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिएको हुन्छ । यसरी हेर्दा उपन्यासमा चित्रित जीवन दर्शन नै उपन्यासको उद्देश्य हो । उपन्यासकारले समाजमा देखेका भोगेका र प्रभावित भएका पक्ष नै उपन्यासमा उद्देश्यका रूपमा प्रकट भएका हुन्छन् । वस्तुत आचरण परिवेश र द्वन्द्वका सङ्गतिबाट

उपन्यास बन्दछ । यसै सङ्गतिबाट व्यक्त हुने राष्ट्रको परिपक्व अठोट नै उपन्यासको विचार पक्ष हो ।( सुवेदी:२०५३।२०)। उपन्यासको समष्टि निष्कर्षमा आउने दिशा निर्देशन नै उपन्यासको विचार वा उद्देश्य हो । यसरी हेर्दा उपन्यासमा चात्रित जीबन जगत् दर्शन नै उपन्यासको उद्देश्य हो । पाठकलाई आनन्द दिनका साथै समाज तथा व्यक्तिको चित्रण गरेर त्यसबाट निश्चित निष्कर्ष निकाल्दै पाठकलाई शिक्षा तथा सन्देश दिनु नै उपन्यास लेखनको उद्देश्य हो । समाजलाई चेतनशील बनाएर परिवर्तनको बाटोमा डोऱ्याउने उपन्यास लेखनको अर्को उद्देश्य हो । यसबाट के स्पष्ट हुन्छ भने कुनै उद्देश्य नभई उपन्यासको सिर्जना हुंदैन र उपन्यास सिर्जनाको उद्देश्य समाजलाई सन्देश दिनु र नयाँ मूल्य मान्यताको स्थापना गर्नु हो ।

उद्देश्य उपन्यासको ढाँचा निर्माण गर्ने प्रमुख तत्त्व नभए पनि उपन्यास लेखनको कुनै न कुनै प्रयोजन त अवश्य नै हुन्छ । उपन्यास खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू तथा तथ्य वर्णन नभएर तिनीहरूले जीवनप्रति उपन्यासकारको कुनै विशिष्ट दृष्टिकोणलाई प्रस्तुत गरेका हुन्छन् (प्रधानः२०५२ः११) । प्रस्तुत "सानो स्वार्थ भयङ्०कर अपराध" उपन्यासको उद्देश्य भन्नाले के बुझिन्छ भने एउटा राष्ट्रियताको भाव जगाउन प्रतीकात्मक रूपमा खोजिएको छ  भने मानवतावादी स्वरको चित्रण गरिएको छ । यथार्थ रूपमा हर्के, साँहिली जस्ता नेपालीहरूको रोजगारी शिक्षा दीक्षाको समस्यालाई पनि देखाउन खोजिएको देखिन्छ । यसै गरी समाजमा ठूला ठालुले गरिब प्रति गर्ने हेला, व्यवहार, अपराध जस्ता कुकृत्यहरूलाई पनि देखाउन खोजिएको छ ।

विवेच्य उपन्यासमा मूलतः आफ्नो आर्थिक दुरवस्था बारे सन्देश दिन खोजिएको छ । आर्थिक अवस्थाकै कारणले नेपालमा गरिबलाई सवैले हेला गर्ने अनि विदेशमा पनि आफ्नो इच्छा अनुसार तलव र सुविधा नपाउने जस्ता सन्देश यस उपन्यासमा आएका देखिन्छन् । यो सबै नेपालीहरूको वर्गीय समस्याका रूपमा चित्रण गरिएको छ । अनि यस्ते कारणले गर्दा हामी सबै मिलेर नेपाल देशलाई विकास गरेर स्वदेशमै रोजगारीको विकास गर्न सकेमा नेपालीहरू सुखी हुने राष्ट्रियताको सन्देश दिन खोजिएको देखिन्छ । समाजमा भएका विकृतिलाई पनि देखाउनका साथै समाजमा हुने महिलाप्रतिको हिंसा बलात्कार जस्ता घटनालाई पनि
इङ्गित गरिएको छ। त्यसैको उदाहरण हो रामप्यारीलाई श्रीकान्त र लम्बोदरले यौन शोषण गर्दछन् । त्यसै गरी यसमा मानिसको गरिब आवस्थालाई पनि देखाउन खोजिएको छ । यसरी यो उपन्यासमा राष्ट्रियता, महिला हिंसा, मानवतावाद जस्ता कुराको सन्देश दिएको देखिन्छ ।

## (च) भाषा शैली

उपन्यासको अर्को महत्त्वपूर्ण तत्त्वका रूपमा भाषा शैलीलाई लिन सकिन्छ । भाषा र शैली दुई शव्दको  समस्त रूप नै  भाषा शैली हो । भाषा भन्नाले मानवीय  अभिव्यक्तिको माध्यम हो भने शैली भनेको त्यही अभिव्यक्तिको तरिका वा ढङ्गहो । उपन्यासको भाषामा विविधता देखिए जस्तै शैली पनि आफ्नै प्रकारको हुन्छ । कुनै पनि प्रकारको शैलीलाई मूर्तरूप दिन भाषामा आवश्यक तत्त्वको कल्पना गरिसकेपछि पाठक समक्ष पऱ्याउनका लागि जुन माध्यम उपन्यासकारले अपनाउँछ त्यो भाषा हो । औपचारिक तत्त्वहरूलाई आन्तरिक एकात्मकता प्रदान गर्ने सामान्य कार्यमा भाषाको महत्त्व सर्वाधिक छ (प्रधानः२०५२ः९)। सार्थक शव्दद्धारा मनको भाव प्रकट वाणी, एउटा देशमा बसोबास गर्नेहरूको साझा बोली, साधारण व्यवहार काम चलाउने बोली (चापागाँई,२०६२ः८९१)उपन्यास भाषाद्वारा मूर्तरूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाका रूपमा शक्तिशाली बन्दछ (बराल र एटम,२०६६ः३९)।

भाषाका माध्यमबाट नै साहित्यका विविध विधाले अभिब्यक्ति पाएका हुन्छन् । उपन्यास पनि साहित्यकै एउटा विधा भएकाले यसको भाषा प्रभावकारी र आकर्षक हुनु पर्दछ । भाषिक अभिव्यक्तिका

अनेक ढङ्ग र विविध प्रकार हुन्छन् । प्रत्येक लेखकले आ-आफ्नो सीप र कलाले भाषालाई सिंगार्छ । भाषाको त्यो शृङ्गार नै शैली हो, (प्रधान,२०४०:२४)

उपन्यास लिखित भाषामा भएकाले उपन्यासकारले कथावस्तु, पात्र तथा परिवेश सुहाउँदो भाषाको छनौट गर्दछ । उपन्यासको भाषा गद्य हुन्छ तर यस प्रकारको भाषालाई पनि आलङ्कारिक तथा काव्यात्मक बनाउन उपन्यासकारको निजी शैली हो । उपन्यासमा व्याकरणिक मानक भाषालाई भांचभुंच गरी कथ्य भाषा समेतको प्रयोग गरिन्छ ।

भाषामा विभिन्न किसिमका भिन्नता देखिन्छन् । कुनै भाषा सरल बोलीचालीको हुन्छ भने कुनै आलङ्कारिक भाषा हुन्छ त कही उखान टुक्काको प्रयोग पनि भएको हुन्छ । प्रत्येक उपन्यासकारहरूको आ-आफ्नै शैली हुने भएकाले नै पनि उपन्यास उपन्यासका बीच प्रसस्तै भिन्नताहरू देखिन्छन् । जसरी मानिसको आफ्नो आफ्नो रूचि र स्वभाव फरक फरक हुन्छ त्यसरी नै आफ्नो मनोभावना व्यक्त गर्ने ढङ्ग पनि भिन्न हुन्छ । शैली नै व्यक्तित्व स्वरूप हो त्यसैले व्यक्ति भाषा हो भने व्यक्तित्त्वको नै त्यसको शैली हो (थापा:२०४७१३७)।

शैली विभिन्न किसिमका हुन्छन् ती हुन्: वर्णनात्मक, विवरणात्मक, प्रतीकात्मक, काव्यात्मक, चेतनाप्रवाह आदि । उपन्यासमा अभिव्यक्तिलाई कलात्मक बनाउन ठाउँ ठाउँमा प्रतीक र बिम्बलाई पनि प्रयोग गरिने कुरा बराल र एटमले बताएका छन् यसरी उपन्यासमा भाषा र शैली एक अर्कामा पूरक र अनिवार्य तत्त्व हुन् ।

भाषा शैलीका दृष्टिले 'सानो स्वार्थ भयङकर अपराध' उपन्यासलाई हेर्दा यसको भाषा सरल सहज खालको छ । छोटा-छोटा वाक्यहरू एवं जनजीवनमा प्रचलित भाषाको प्रयोगले उपन्यास सरल सुवोध बन्न पुगेको छ । यस उपन्यासमा तत्सम, तत्भव र आगन्तुक शव्दहरू प्रयोग गरिएका छन् । सरल भाषा भएको एउटा अंशलाई तल दिइएको छ :

"ठाहिँली भने............ ठाहिँली दुई जिउनी छ रे, कोही श्रीकान्तको भन्छन्, कोही फलामे सार्कीको भन्छन्" (सुवेदी : २०५२) 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यासमा सरल शैलीको प्रयोग भएको पाइन्छ । उपन्यासमा नाटकीय विधि अर्थात थुप्रै संवादको प्रयोगबाट घटना वर्णन तथा चरित्रहरूको यथार्थ उद्घाटन गर्ने कार्य प्रशस्त भएको छ । अर्थपूर्ण ढङ्गबाट भाषाको चयन गरिएको हुँदा भाषामा विशिष्ट प्रभावको स्थिति सिर्जना भएको छ । पञ्च भलादमी भेला भएको समयमा एउटी नारीको चरित्र हत्या गर्ने वाक्यहरू खलनायक श्रीकान्त जिम्मावालले बोलेका वाक्यको अंश तल दिइएको छ :

"ल भन् रामप्यारी, पाठो कसको ? अँ, फलामे गर्भ तेरो होइन त ? फलामे किन बोल्दैनस् ?"

(सानो स्वार्थ भयङ्कर अपराधः २०५२)

यस्ता प्रकारले मिठो सरल भाषा शैलीको प्रयोग गरी रोचक र कुतूहलपूर्ण बनाएको देखिन्छ ।

## (छ) दृष्टिविन्दु

उपन्यासमा कथयिताले कथा वाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिविन्दु हो । यसैबाट कथयिताले कसरी घटना एवं चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ । यसले कसले कथा भनेको छ र कसरी कथा भन्ने कुरालाई बुझाउँछ (बराल र एटम २०६६:३५)।

मूलतः दृष्टिविन्दु २ प्रकारको हुन्छ । एउटा आन्तरिक र अर्को बाह्य हुन्छ । आन्तरिक दृष्टिविन्दु भन्नाले प्रथम पुरूष म पात्रद्वारा कथा भनिएको हुन्छ भने बाह्य दृष्टिविन्दुमा तृतीय पुरुष अर्थात् ऊ वा त्यो मानिसको नामद्वारा कथा भनिएको हुन्छ । प्रस्तुत 'सानो स्वार्थ भयङ्कर अपराध' उपन्यास बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ । उक्त कुरा निम्न अंशहरूबाट थाहा पाउन सकिन्छ ।

"मैयाका बाले रामप्यारीलाई लयाएका हुँदा मैयालाई सार्कीकी छोरी भनी घरबाट निकालियो र मैया माइत गइन् । रामप्यारी पनि सुत्केरी भइन् । मैयालाई राम्रै व्यवहार गरिन् ।"

## ४.७ साहित्यकार धनप्रसाद को योगदान

## कविता र उपन्यास

## प्राप्ति

## सीमा

## ४.८ निष्कर्ष

साहित्यकार धनप्रसाद सुवेदीको एक मात्र  प्रकाशित संयुक्त 'वेनाम' (२०५८) र एउटा प्रकाशित उपन्यास 'सानो स्वार्थ भयङ्कर अपराध' (२०५२) हुन् । राष्ट्रियता, मायाप्रीति,  प्रकृति चित्रण जस्ता गुणहरूले भरिएकामा 'वेमान' कविता सङ्ग्रहलाई भाव, कल्पना, सङ्गीत, लय, ध्वनि, बिम्ब, प्रतिक, भाषा, जस्ता आधुनिक कविता, गीततत्वका आधारमा अध्ययन गरिएको छ भने मानवतावादी स्वर, यथार्थता, राष्ट्रियता, सामाजिकता, जस्ता गुणले युक्त उक्त "सानो स्वार्थ भयङ्कर अपराध" उपन्यासलाई पनि कथानक पात्र, चरित्र, संवाद, द्वन्द्व, उदेश्य, दृष्टिविन्दु जस्ता औपचारिक तत्त्वहरूका आधारमा अध्ययन गरिएको छ । उपन्यासमा समाजको कुरितिहरूको प्रतिरोधका निम्ति पुरूष पात्रको रूपमा "प्रतिरोधलाई" उभ्याइएको छ । नेपाली वीसौं सताब्दीमा पनि सिधा र सोझा छन् । उनीहरू सामन्तिहरूको शोषणमा पिल्छिएका छन् । नेपाली समाज सुधारको लागि नेपालमा अन्य थुप्रै प्रतिरोधहरू को जन्म आवश्यक छ । नेपाली ग्रामीण समाजको पुरानो सामाजिक प्रथाले समाज भासिदैं छ । नेपालमा आर्थिक, सामाजिक र राजनैतिक सुधारको आवश्यकता परेको छ । उपन्यास 'सानो स्वार्थ भयङकर अपराध' नेपालको दुर्गम पहाडी जिल्लाको सामाजिक, आर्थिक र भौगोलिक पक्षको ऐना हो । लेखकले यो उपन्यासवाट समाजमा क्रान्तिको चेतना फैलाउने प्रयास गरेका छन् । त्यहाँको आर्थिक अवस्था दयनिय भएको छ । यसले गर्दा सवै नेपालीहरू मुङ्लान पस्न वाध्य भएका छन् । यसले

उनीहरूको समस्याले झन् चर्को रूप लिएको पाइन्छ । यो अवश्था सुधार्न कठिन छ । समाजका प्रतिष्ठित धनाढ्यहरूको व्यवहारले गर्दा नागरिक मर्कामा परेका छन् । उनीहरू आफ्नो सानो सानो इच्छा पूरा गर्न पनि ठूला ठूला अपराध गर्न तयार हुन्छन् र समाजलाई नराम्रो अवश्थामा पुर्‍याउँछन् । 'सानो स्वार्थ भयङकर अपराध' उपन्यासको मुख्य निष्कर्ष पनि यहि रहेको छ ।

नेपाली समाजको अवश्थावारे कवि धनप्रसाद सुवेदी आफ्ना कवितामा विभिन्न दृष्टिकोणवाट प्रकाश पार्ने प्रयास गरेका छन् । नेपालीमा राष्ट्रियता हराएको छ । जनताहरू नेताहरूको व्यवहारवाट आजित भएका छन् । नेताहरूले देशलाई भिखारीको स्थानमा पुर्‍याएका छन् । नेपाल आमाको मासु वेच्न खोज्दै छन् । प्रजातन्त्रको नाममा मनपरी गरेमा छन् । उनीहरू साभ्यवादको नारा लगाउँछन् । त्यो नारा फगत जनताको शोषण गर्नमात्र सिमित भएको पाउँछन् । त्यसैले कवि जनतालाई क्रान्ति र युद्ध गर्न उक्साउँछन् । कविले आफ्ना कविता मार्फत उग्ररूपी क्रान्तिकारी भाव व्यक्त गर्न सफल भएका छन् । उनका कविताहरूको पठन पश्चात प्रत्येक पाठकमा क्रान्तिकारी भावना जाग्दछ । त्यो कविताको मूल निष्कर्ष रहेको छ ।

# पाँचौ परिच्छेद

## ५.१. मूल्याङ्कन तथा निष्कर्ष

प्रस्तुत साहित्यकार धनप्रसाद सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शोध शीर्षक, शोध प्रयोजन, विषय परिचय, समस्य कथन, शोध कार्यको उद्देश्य, पूर्व कार्यको समीक्षा अध्ययनको औचित्य र महत्त्व, शोध कार्यको क्षेत्र र सीमा, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको परिच्छेद २ मा साहित्यकार धनप्रसाद सुवेदीको जीवनी र व्यक्तित्वलाई स्पष्ट परिएको छ । जीवनी अर्न्तगत जन्म र जन्म स्थान, वंश परम्परा र पारिवारिक पृष्ठभूमि, वाल्यकाल र ब्रतबन्ध, शिक्षा दीक्षा र वैवाहिक जीवन, आजीविका तथा सङ्घर्ष, व्यक्तिगत रूचि तथा स्वाभाव, भ्रमण पुरस्कार तथा सम्मान, प्रेरणा र प्रमुख संस्थागत संलग्नता, साहित्यिक मान्यता र जीवन दर्शन आदिका बारेमा प्रकाश परिएको छ । त्यसैगरि व्यक्तित्व अर्न्तगत साहित्यिक र सहित्येत्तर व्यक्तित्वलाई प्रकाश पारिएको छ । साहित्यक व्यक्तित्व अन्तर्गत गीतकार, कवि व्यक्तित्व र उपन्यासकार व्यक्तित्वको अध्ययन गरिएको छ भने साहित्यक व्यक्तित्व अन्तर्गत गीतकार, कवि व्यक्तित्व र उपन्यासकार व्यक्तित्वको अध्ययन गरिएको छ भने साहित्येत्तर अर्न्तगत व्यक्तित्व, पेसागत व्यक्तित्व, प्रेरक व्यक्तित्व जस्ता व्यक्तित्वका बारेमा चर्चा गरिएको छ । यसैगरी प्रस्तुत शोधपत्रको परिच्छेद ३ मा साहित्यकार राष्ट्रप्रेम, प्रेमभाव, सन्देशात्मकता, व्यङ्ग्यात्मकता, लयात्मकता आदि प्रवृत्तिको विश्लेषण गरिएका छ भने उपन्यासकार अर्न्तगत मानवतावादी स्वर यथार्थवादी जीवनीदृष्टी, राष्ट्रियता जस्ता प्रवृत्तिहरूको अध्ययन गरिएको छ । यसरी नै प्रस्तुत शोधपत्रको परिच्छेद ४ मा साहित्यकार धनप्रसाद सुवेदीका प्रकाशित कृतिहरूको अध्ययन गरिएको छ भने उनको 'बेनाम' गीत, कविता, सङ्ग्रहहरूलाई गीतितत्व र कविता तत्त्व आधारमा विश्लेषण गरिएको छ भने उपन्यास 'सानो स्वार्थ भयङ्कार अपराध' लाई उपन्यासका मूलभूत तत्त्वको आधारमा अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौ परिच्छेदमा उनको जीवनी व्यक्तित्व र कवित्वको अध्ययन गरी प्राप्त निष्कर्षलाई प्रस्तुत गरिएको छ । पिता देविप्रसाद सुवेदी । माता नन्द कुमारी सुवेदीका छोरा धनप्रसाद सुवेदीको जन्म वि.सं. २०२६ साल फाल्गुन २० गतेका दिन नेर्वा ९, खोटाङ्ग मा भएको हो । मध्यम वर्गीय परिवारमा जन्मेका उनको बाल्यकाल गाउँमा नै बित्यो । प्रारम्भिक शिक्षा गाउँबाट गरेका थिए । एस.एल.सी. पनि गाउँको स्कूलबाटै गरेका हुन । पि.एच.डी. सम्म त्रिभुवन विश्व विद्यालयबाट उत्तिर्ण गरेका हुन् । जीवन यापनका कममा उनले अध्ययनसँगै जागीर गर्न पनि थाले । निजामती सेवामा १२ वर्ष जागिरमा काम गरेका छन् । उनले विभिन्न संघ संस्थामा काम गरेका छन् । प्रतिभा, कर्मचारी, नयाँ कदम, हाम्रो भावना, खोटाङ चौतारी आदिमा सम्पादन कार्य गरेका छन् । उनी नव प्रतिभा साहित्यक मञ्च, मानव अधिकार सरोकार समाज, खोटङ्गको संस्थापक अध्यक्ष हुन् । धनप्रसाद सुवेदी नेपाली एकता समाज, काठमाडौं उपत्यकका उपाध्यक्ष भएका छन् । उनी रष्ट्रिय वाङमय कला

प्रतिष्ठान, नेपाल, खोटङ्ग, रावासावा प्राज्ञिक समाज, नेपालका संस्थापक महासचिव भै सकेका छन् । सुवेदी नेपाल पत्रकार महासंघको केद्रिय पार्षद हुन् । त्यस्तै अखिल नेपाल लेखक
संघको सदस्य पनि हुन् । सुवेदी नेपाल नेत्र ज्योति संघको आजीवन सदस्य पनि हुन् । हाल उनको पेसा शिक्षा क्षेत्रमा रहेको छ । हाल पाटन संयुक्त क्याम्पस, ललितपरका उपप्रध्यापकमा कार्यरत छन् । कला साहित्य सङ्गीतलाई माया गर्ने सुवेदीले गीत, गजल, कविता र उपन्यासमा विशेष भूमिका निर्वाह गरेका छन् । उनले गीत लेखनमा सरल सहज भाषा शैली को प्रयोग गरेका छन् । उनले गीत गीत र कविताको क्षेत्रलाई फराकिलो बनाएका छन् । उनले कोमल गीतहरूको रचना गरी नेपाली साहित्यमा योगदान गरेका छन् ।

## शोधका सम्भाव्य शीर्षकहरू

धनप्रसाद सुवेदीका कृतिहरूका वारेमा अध्ययन गर्न चाहने शोधार्थीहरूले निम्न लिखित शीर्षकमा शोध गर्न सक्ने देखिन्छ :

(क) गीतकार धनप्रसाद सुवेदी ।

(ख) धनप्रसाद सुवेदीको ‘सानो स्वार्थ भयङ्कर अपराध’ को शैली वैज्ञानिक अध्ययन ।

(ग) उपन्यसकार धनप्रसाद सुवेदी ।

(घ) सुवेदीका कृतित्वको अध्ययन ।

## सन्दर्भ सामग्री


१)  एटम, नेत्र र बराल कृष्णहरी,(२०५८) **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर,साझा प्रकाशन ।

२)  उपाध्याय, केशव प्रसाद, पूर्विय साहित्य सिद्धान्त, दोस्रो संस्करण, काठमाडौं, काठमाडौं बुक सेन्टर ।

३)  घिमिरे, दिपेन्द्र कुमारी, **खगेन्द्र प्रधानाङ्गको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र,२०५७ ।

४)  नेपाल, मेघराज, **बोधराज रेग्मीको जीवनी व्यक्तित्व र कृतित्वका अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६९ ।

५)  प्रधान, कृष्णचन्द्रसिंह, नेपाली बृहत शब्दकोष, काठमाडौं, ने.रा.प्र.प्र. २०४०

६)  भण्डारी, क्षेत्री, पदमवहादुर, **श्याम अधिकारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६९ ।

७)  रिसाल, राममणि, **नेपाली कथा र कवि, चौथो संस्करण,** काठमाण्डौ, साझा प्रकाशन,२०५३ ।

८)  वराल, कृष्णहरी संदृष्टि, काठमाडौं, सा. प्र. २०५५

९)  सुवेदी धनप्रसाद, **खोटङ जिल्ला विगत र वर्तमान**, २०६६, रावासावा प्राज्ञिक समाज, नेपाल, काठमाण्डौं

१०)  सुवेदी धनप्रसाद, **वेनाम**, (संयुक्त) २०५८, खोटाङ्ग, रावासावा प्राज्ञिक समाज ।

११)  सुवेदी, (संयुक्त), **सरल भाषा विज्ञान**, २०६६/प्रथम संस्करण, पिनाकल पव्लीकेशन, काठमाण्डौं

१२)  सुवेदी, **नेपाल उपन्यासमा आन्चलिकता**, २०५६,काठमाण्डौं अक्सफोर्ड पव्लिकेशन ।

१३)  सुवेदी धनप्रसाद, २०५२, **सानो स्वार्थ भयङकर अपराध**, विराटनगर, रावासावा प्राज्ञिक समाज ।

१४)  सुवेदी धनप्रसाद-**भाषा विज्ञानका सम्प्रदाय र सिद्धान्त**, २०७०, प्रकाशन अक्स्फोर्ड पब्लिकेशन, काठमाण्डौं

१५)	सुवेदी धनप्रसाद-**खोटङ जिल्ला विगत र वर्तमान**, २०६६, प्रकाशन रावा-सावा प्राज्ञिक समाज, नेपाल, काठमाण्डौं

१६)	सुवेदी र राजेन्द्र २०६३ स्नाकोत्तर नेपाली निबन्ध ( भाग ३ ) काठमाण्डौ, पाठ्य सामाग्री दोस्रो पसल